ISSN 2631-2298
nepalmag.com.np
आइतबार • ८ भदौ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

|| खुलासा

१८ करोडको

भ्रष्टाचारलाई वैधता

तथ्य तोडमोड गरेर सशस्त्रका चार पूर्वआईजीपीलाई विशेष अदालतबाट सफाइ

नभएको मान्छेले मुद्दा जितेपछि | वामदेव उपाध्यक्ष, ओलीको 'विजय'

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

2x पावर
- 2.2 mHawk engine with 140 BHP power
- 320 NM Torque
- 6 forward + 1 reverse gear transmission
- Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- Dual Airbags
- ABS
- Control lock with remote control and alarm
- ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- Air Conditioning
- Power Window
- Driver Information Display
- Hydraulic Bonnet Struts
- Bluetooth Connectivity
- Projector Headlamps
- Rear Demister
- Fog Lamps

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239322, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, Sagarmatha Insurance, VIP

Genuine Mahindra Spare Parts, Mahindra MAXIMILE, Mahindra Genuine Accessories

Url: www.onlineagni.com Email: onlineagni@agniinc.com.np
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500
gradesteels
UTM
TESTED
TMT STEEL BARS

भित्र

आइतबार, ८ भदौ २०७६ (वर्ष २०, अंक ४)
Nepal National Weekly, 25 Aug 2019 (Vol. 20, No. 4)



छोराका निम्ति अपराध | ३६

सम्पादकीय | ३
पाठक मञ्च | ४
स्मरण | ५
प्रवेश | ६
परिहास | ८
मर्निङ वाकमाला : खगेन्द्र संग्रौला | ४५
कविता | ४९
मदनमणि दीक्षित : सम्झना | ५०
पुस्तक | ५२
तीन किताब | ५३
सहरमा | ५४
नोटबुक | ५६

१०
हाम्रो नेपालमा
हरियो वनको सक्दो दोहन

२०
विमर्श
टीका ढकाल

२२
आवरण
भ्रष्टाचारलाई वैधता

२८
नेकपा
ओलीकै हात माथि

३०
बेतिथि
मुठ्ठीमा गुठी

३८
बहस
महेश मास्के

४१
सरोकार
सहरै सहरको देश

४६
रङ
'म स्वयं एउटा गीत हुँ'

सम्पादकीय

गम्भीर न्यायिक विचलन

अन्ततः चार वर्ष लगाएर विशेष अदालतले सशस्त्र प्रहरीका चारै पूर्वआईजीपीलाई दोषमुक्त गरिदियो, डेढ महिनाअघि। आरोपितलाई खोटरहित तुल्याउन विशेष अदालतले पछ्याएका मानकले गम्भीर न्यायिक विचलनको संकेत गरेको छ।

तथ्यलाई तलमाथि पारेर विशेष अदालतको संयुक्त इजलासले चार पूर्वआईजीपीसहित १७ जना आरोपितलाई सफाइ दिएको थियो। उजुरी दर्ता मितिको तथ्य इजलासले आरोपितलाई चोख्याउने हिसाबले राखेर व्याख्या गरेको छ। यो प्राविधिक वा मानवीय गल्ती मात्रै होइन, मुद्दाको व्याख्यामा पनि उल्टो असर पारेको छ। र, न्याय सम्पादनमा एउटा पक्षलाई अनपेक्षित लाभ मिलेको छ। हाम्रा संवाददाता मनबहादुर बस्नेतको कभर स्टोरीले खुलासा गरिदिएको छ, यसमा अदालतको मिलेमतो र बदनियत प्रस्टै देखिन्छ।

जतिबेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तलाई भ्रष्टाचारको मुद्दामा बर्खास्त गर्न सरकारलाई निर्देशन दियो, त्यसको केही दिनमै सशस्त्रका पूर्वआईजीपी सनतकुमार बस्नेत संगठनलाई वन्तले बदनाम गरेको अभियोग लगाउँदै थिए। सामान ढुवानीमा नक्कली बिल, भौचर, भर्पाइ बनाएर सशस्त्र प्रहरीले आर्थिक अपचलन गरेको अभियोगमा वन्त बर्खास्तगीमा परेका थिए। संयोग, वन्तले भ्रष्टाचार गरेर संगठनको साख गिराएको दाबी गरेका बस्नेतविरुद्ध नै केही दिनपछि मुद्दा दायर भयो। त्यसपछि त लगालग अन्य दुई पूर्वआईजीपी शैलेन्द्रकुमार श्रेष्ठ र वासुदेव ओली पनि तानिए।

१८ करोड रुपैयाँ अपचलन गरेको आरोप उनीहरूमाथि लाग्यो। वन्तलाई अख्तियारले १० करोड रुपैयाँ धरौटी माग्यो। दुई घन्टामै उनले उक्त राशि बरारको बैंक ग्यारेन्टी देखाए। सबै आरोपितले धरौटी बुझाए। त्यही बीचमा अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्की पदमुक्त भए। त्यसपछि अर्धसैनिक सुरक्षा संगठनका पूर्वप्रमुखहरू आफूलाई बदनियत राखेर अख्तियारले मुद्दा चलाएको लबिइङ गरिरहे।

निष्पक्षता न्यायको मुटु हो। यही मुटुमा नियोजित प्रहार गरेर फैसला हुनु हदैसम्म गैरजिम्मेवारी हो। यस्तो गम्भीर त्रुटिले विसं ६० को दशकको विशेष अदालतको कामकारबाहीलाई सम्झाइदिएको छ। जतिखेर विशेष अदालतले भ्रष्टाचारका मुद्दालाई हद म्यादको कारण देखाएर तथ्यमा प्रवेश नगरी धमाधम उन्मुक्ति दिएको थियो। त्यस कालखण्डलाई समेत बिर्साउने गरी तथ्य तोडमोड गरेर चार आईजीपीको मुद्दा छिनिएको छ।

यसै अंकमा खोज पत्रकारिता केन्द्रका लागि एकल सिलवालको रिपोर्ट छापिएको छ, जसले अस्तित्वमै नभएको मानिसलाई मुद्दा जिताएर स्वार्थ साध्ने प्रयाससम्बन्धी अर्को खुलासा गर्छ। यी दुवै रिपोर्टको पेटबोली एउटै छ- पछिल्ला वर्षहरूमा न्याय सम्पादन विवेक होइन, स्वार्थका आधारमा हुँदै गएका छन्। न्यायालय भावना होइन, तथ्य र प्रमाणका आधारमा चल्नुपर्ने संस्था हो। तर यो मान्यताबाट हाम्रो न्यायालय बिस्तारै विमुख हुँदै गएको छ। बेसहारा नागरिकको अन्तिम भरथेगको थलो निष्ठाविपरीतका काममा लाग्नु चिन्ताको विषय हो।

न्याय परिषद्ले यस्ता त्रुटि गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। तर न्याय परिषद्को विगत हेर्दा यस्तो सुखद नतिजा आउनेमा सन्देह पैदा गरिदिन्छ। आशा गरौं, यस्तो इतिहास नदोहोरियोस्। यसअघि न्याय परिषद्को संरचनागत समस्या औंल्याउने गरिन्थ्यो। यस्तै घटना दोहोरिइरहे न्याय परिषद्को संरचना मात्र होइन, नियतमै खोट रहेको पुष्टि हुनेछ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य**
नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम**
संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : १ भदौ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

पाठक मञ्च

वृद्धावस्थाको कहर

बुढेसकालको कष्टसाध्य जीवनबारे लेखिएको सामग्रीले मन छोयो *(बूढो हुँदै गएका हामी, १ भदौ)* । भएभरका छोराबुहारी, नातिनातिना बनिबुतोका लागि परदेश गएपछि घरमा बस्ने बाबुआमालाई त्यसै पनि पारिवारिक पिरलोले सताउँछ, त्यसमाथि एक्लै बुढेसकालको जीवन जिउनुपर्दा मानसिक र शारीरिक रूपमा झनै कमजोर हुन्छन् ।

विदेशमा रहेका छोराबुहारीले दिने भनेको सान्त्वना मात्रै हुन्छ, बाबुआमाका लागि । उनीहरू बाबुआमासँगै बस्न नसक्नुको कारण देशमा पर्याप्त रोजगारी नपाउनु पनि हो । सबै सन्तान लाखापाखा लागेपछि बूढाबूढी सहाराविहीन हुने नै भए ।

■ **निरु तामाङ**
सूर्यविनायक नगरपालिका, भक्तपुर

- एक्लोपन बूढाबूढीलाई मात्र नभई बालक, तन्नेरी सबैका लागि रोग निम्त्याउने लक्षण हो । सन्तान कामका नहुँदाको छटपटीले पनि बूढाबूढीलाई रोगी बनाइदिन्छ । नातिनातिनासँगै हाँसखेल गरेर समय बिताउने बेला सबै सन्तान विदेश जाँदाको पिरलोले बूढाबूढीलाई लपेट्ने नै भयो ।

पछिल्लो समय अधिकांश छोराबुहारी विदेश गएपछि बूढाबूढीको काम रित्तो घर कुर्ने हुन पुगेको कतैबाट छिपेको छैन । परिवारसँगै बस्न पाए रोगी नै भए पनि बूढाबूढीको स्याहारसुसार हुन सक्थ्यो ।

■ **कोमलराज शाक्य**
तानसेन नगरपालिका, पाल्पा

असफल कूटनीति

विदेशी संस्थाको गुप्तचर प्रमुखलाई केन्द्रबिन्दुमा राखेर प्रचार हुनु अवसाद हो *(गुप्तचरको राजनीतिक यात्रा, १९ साउन)* । गुप्तचर प्रमुखलाई मानसम्मान दिएर प्रधानमन्त्री, भूतपूर्व प्रधानमन्त्रीले भेट्नु कूटनीतिक मर्यादाविपरीत हुन्छ । जब कूटनीति असफल हुन्छ, तब गुप्तचर सक्रिय हुन्छ । यसले मुलुकको कूटनीति निकम्मा देखाउँछ।

विदेशी गुप्तचर प्रमुखले मुलुकको गुप्तचर प्रमुखलाई भेट्नुपर्छ । प्रधानमन्त्री र भूपूप्रधानमन्त्रीलाई सीधै विदेशी गुप्तचरले भेट्न मिल्दैन । भेट्नै नै भए परराष्ट्र र गुप्तचर प्रमुखको उपस्थिति अनिवार्य हुनुपर्छ । नेपालको सन्दर्भमा राजनीतिक नेताले गुप्तचर संयन्त्रलाई शक्तिशाली बनाउनुपर्छ । गुप्तचर सक्षम नभईकन राष्ट्र मजबुत हुन पनि सक्दैन ।

■ **महेन्द्रमान व्यथित**
पोखरा-७, मुस्ताङचोक

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

बूढो हुन मन छैन
Hari krishna shakya@Harikrishnashky

छोराछोरी विदेशमा । घर रूङ्ने बूढाबूढी आमाबाबु । कसैकसैका छोरी र बूढी पनि विदेशमा । आफू सडक छाप भएर फुटपाथमा ओहोरदोहोर गरेर दिन काट्नुपर्छ । यस्तै छ, विडम्बना । नेपालीलाई कमाउने, सुखी जीवन बिताउने इच्छा-आकांक्षाले ल्याएको दर्दनाक कहानी ।

Safal Ghimire@TextSafal

धेरै राम्रो विषय उठान । यो पाटोमा सकारात्मक पक्ष पनि केही खुलाइएको छ कि भन्ने आशमा छु ताकि ज्येष्ठ नागरिकले हीनताबोध नगरून् । जस्तै, केही दिनअघि एक नाम चलेका इन्जिनियर दाजु सबै स्वर्ण करिअर छाडेर नेपाल जाने तयारीमा हुनुहुन्थ्यो । कारण, बुबाआमाको रेखदेख गर्न ।

Ishwor Neupane@IshworNeu

पार्क बनाउनका लागि वृद्धभत्तामा आँखा लगाउनेले कहिल्यै सांसदको तलबभत्तामा पनि नजर लगाए सान्दर्भिक हुन्थ्यो कि ?

खुसी लिएर घर फिर्ता
Ushakiran Timsena@bhailiusha

एक जोर र एकसरो जिन्सीकै लोभमा महिला हस्पिटल आउँछन् भने हाम्रो आर्थिक स्तर र स्वास्थ्यप्रतिको चेतनास्तर कहाँ छ ?

Shishir Vaidya@ShishirVaidhya

यो चेतनास्तरको कुरा होइन, चेतनास्तर त अझै रूढीवादी नै छ । यो विपन्नताले गाँजिएका, गरिबीले पिल्सिएका र रूढीवादी सोचमा अभ्यस्त समाजलाई दिइएको सुविधाको प्रलोभन हो । यही प्रलोभनमा परेर स्वास्थ्य चौकीमा प्रसूति गराउनेको संख्या बढ्नु, मातृ मृत्युदर घट्नु सकारात्मक हो ।

कश्मीरले बोकेको सन्देश
Bishnu Pokharel@Pokharelbp

अप्ठेरो स्थितिमा 'इन्स्ट्रुमेन्ट अफ एक्सेसन' हस्ताक्षर गर्नु परेको भए पनि जम्मु-कश्मीरका महाराजाले आफ्नो राज्यले विशेषाधिकार पाउनुपर्ने माग गरेका थिए । सोहीअनुरूप 'इन्स्ट्रुमेन्ट अफ एक्सेसन' मा जम्मु तथा कश्मीरलाई विशेषाधिकार दिने व्यवस्था राखिएको थियो ।

पोस्ट

'बाहौँ खेलाडीविहीन हामी'
Budha Limbu

यो कुरा सही हो । देशका लागि सबै जीवन फुटबलमै खेर फाल्यो, अन्तिममा खेलाडीलाई केही हुने होइन । फुटबलमा भविष्य नै छैन भन्ने हो भने सिस्टममा धेरै परिवर्तन गर्नुपर्छ, नेपालको सन्दर्भमा ।

हाइयुग अज्ञातका तीन किताब
Bhim Thapa

यस्ता क्षमताका धनी साहित्यकार हुनु नै नेपाली पाठकका निम्ति खुसीको विषय हो ।

कर नलाग्ने किताब
Sangsen Nembang Limbu

सही हो । अब ओली सरको टुक्का संग्रह पनि आउँदै होला । त्यही पढेर मजाले हाँस्ने हो, धेरै बाँच्ने हो !

हिमाली क्षेत्रमा भारतीय चेकपोस्ट

तामला उक्याब

चीनले सन् १९५० मा तिब्बतको शान्तिपूर्ण मुक्तीकरणसम्बन्धी १७ सूत्रीय सम्झौतामा हस्ताक्षर गर्‍यो, त्यहाँको स्थानीय सरकारसँग । सम्झौतापछि चिनियाँ मुक्ति सेना पूर्वी तिब्बतको थाम प्रदेशमा प्रवेश गर्‍यो । त्यसको केही समय सन् १९५१ (विसं ००८) पछि भारत सरकारले रणनीतिक हिसाबले महत्त्वपूर्ण मानिने नेपालको जुम्लासहित हालका १५ हिमाली जिल्लाको २० स्थानमा चेकपोस्ट खडा गरेको थियो, जति बेला नेपालमा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको सरकार थियो । भारतले चीन हेर्ने रणनीतिअनुसार नेपालसँगै सीमा जोडिएका हिमाली जिल्लाका २० ठाउँमा चेकपोस्ट स्थापना गरेको मानिन्थ्यो ।

त्यतिबेला जुन-जुन ठाउँमा चेकपोस्ट थिए, ती स्थानमा नेपालले भारतीय चेकपोस्टको सुरक्षार्थ नेपाली सैनिकको टुकडी खटाएको थियो, जहाँ क्याप्टेन वा मेजरले नेतृत्व गर्थे । त्यसरी खटिएका नेपाली सैनिकलाई गारत नामले बोलाइने गरिन्थ्यो । जुन बेला नेपालको हिमाली क्षेत्रमा नेपाल सरकारको प्रशासनिक नेतृत्व शून्य थियो, त्यतिबेला भारतीय चेकपोस्टले त्यो नेतृत्व पूरा गरेको थियो ।

भारतीय चेकपोस्टको सुरक्षामा खटिएका नेपाली सेनाको कुनै सञ्चार साधन थिएन । वायरलेस सेटसमेत सबै भारतीय अधिकारीकै हातमा हुन्थ्यो । नेपाली सैनिकले काठमाडौं मुख्यालयमा केही सूचना पठाउनु परे भारतीयकै वायरलेस प्रयोग गर्नुपर्ने बाध्यता थियो ।

ओलाङचुङगोला तथा अन्य स्थानका भारतीय चेकपोस्ट अध्ययन गर्न जाँदा भारतीय अधिकारीले स्थानीय नेपालीलाई नै 'लोकल स्टाफ' का रूपमा नियुक्त गरेको देखियो । तिनीहरूका माध्यमबाटे स्थानीय तह र चीनको तिब्बत प्रान्तको सीमा नजिकका सूचना संकलन गराइन्थ्यो । लोकल स्टाफले टिपोट गरेका गतिविधि भारतीय अधिकारीलाई सुम्पिन्थे । दानापानी पनि भारतीयबाटै पाउँथे । भारतीय चेकपोस्टमा नेपालको पहुँच छँदै थिएन ।

भारतीय चेकपोस्टका अधिकारीले स्थानीयसँग घुलमिल बढाएर तिनका छोराछोरीलाई केही शिक्षादीक्षा पनि दिन खोजेका थिए । यतिसम्म कि २६ जनवरी, १५ अगस्त र अक्टोबर २ तारिखको गान्धी जयन्ती समारोह सञ्चालन गरी स्थानीयलाई भोजभतेर खुवाइने गरिन्थ्यो । त्यो कार्यक्रममा नेपाली सेनालाई नाचगान गर्नसमेत लगाउँथे, चेकपोस्टका अधिकारीले ।

भारतीयका लागि मुगु र हुम्लाको बेस एरिया जुम्ला बनेको थियो । यी स्थानलाई आपूर्ति क्षेत्र/मार्गका रूपमा उपयोगमा ल्याएको थियो । जबकि जुम्लाले तिब्बत सीमा छुँदैन ।

नेपालबाट चीनको सूचना बटुल्न ताप्लेजुङको ओलाङचुङगोला र घुन्सा, संखुवासभाको चेपुवा (हटियागोला चेकपोस्ट भनिन्थ्यो), सोलुखुम्बुको नाम्चे, दोलखाको लामबगर, सिन्धुपाल्चोकको कोदारी, रसुवाको टिमुरे, गोरखाको सामागाउँ (लार्के) र छेकम्पार (धादिङबाट गोरखामा गाभिएको), मनाङको तिल्चे (कहिलेकाहीं थोचेमा बस्थे) र मुस्ताङको जोमसोम तथा लोमान्थाङमा भारतीय चेकपोस्ट खडा भएका थिए ।

यस्तै, भारतले तत्कालीन धौलागिरि अञ्चलमा पर्ने डोल्पाको तिन्जे र धोतराप, मुगुको मुगुगाउँ, जुम्लाको छेनासिम, बझाङको धुली (भोपुरमा पनि बस्थे), हुम्लाको लिमी र मुचु, दार्चुलाको टिंकर (कहिलेकाहीं छ्याङ्ग्रुमा पनि बस्थे) मा चेकपोस्ट राखेको थियो ।

छ्याङ्ग्रुमा बस्ने दार्चुलाको उक्त चेकपोस्ट ०२७ मा कालापानी सरेको हो । उबेला ढुंगाको गारो र जस्तापाता छानो रहेको चेकपोस्ट ०४६ पछि पूर्ण रूपमा सैनिक पोस्टमा रूपान्तरण गरेको हो । अहिले ब्यारेक संरचनामा परिणत भइसकेको छ ।

सन् १९५९ पछि उत्तरी जिल्लामा तिब्बती शरणार्थीको ओइरो लाग्न थाल्यो । तिब्बती शरणार्थीसँग भारतीय अधिकारीले हिमचिम र व्यवस्थापनमा बढी चासो राख्न थालेका थिए । सन् १९६० पछि सशस्त्र खम्पाको नेपालको उत्तरी क्षेत्रमा प्रवेश भयो । तिनीहरूसँग पनि भारतीय चेकपोस्टका अधिकारीको हेलमेल बढी भएको देखियो । अन्त्यमा राजा महेन्द्रको शासनकाल सन् १९६९/१९७० तिर प्रधानमन्त्री कीर्तिनिधि विष्टका पालामा नेपालमा रहेका सम्पूर्ण भारतीय चेकपोस्ट हटाइएका हुन् । भारतीय चेकपोस्ट हट्न करिब ६ महिना लागेको थियो ।

राजा महेन्द्रको जोडबलमै ०२४ मा दुर्गम क्षेत्र विकास समिति स्थापना भयो । सरकारी सेवाको सुरु चरण शाखा अधिकृतका रूपमा दुर्गम क्षेत्र विकास समितिमा जागिरे भएँ, ०२५ मा । दुर्गम क्षेत्र विकास समितिको कार्यक्षेत्र स्थल र भारतीय चेकपोस्ट हिमाली जिल्लामै रहेको हुँदा विभिन्न स्थानमा नजिकबाट हेर्ने अवसर पाइयो । नेपालमा रहेका २० भारतीय चेकपोस्टमध्ये सबैभन्दा पछि हटेको रसुवाको टिमुरे हो ।

उक्याबसँग सरकारको कर्मचारी प्रशासनका साथै चीनको स्वशासित क्षेत्र तिब्बतमा महावाणिज्यदूतका रूपमा काम गरेको अनुभव छ ।

प्रस्तुति : गोकुल अर्याल

प्रवेश

सोझै



तथ्यचित्र



सुर बेसुर

भारतले सकेको दिन नेपाललाई सिक्किम बनाउँछ, सकेको दिन भुटान बनाउँछ । चीनले तिब्बत बनायो, हिन्दुस्तानले कश्मीर खायो । तत्कालीन माओवादीले जनमत बटुल्न सुरूङ युद्ध, सीमामा काँडेतार लगाउने कुरा गरे पनि प्रधानमन्त्री हुँदा किन पूरा भएन ?

प्रदीप गिरि
सांसद, नेपाली कांग्रेस
कान्तिपुर

K.L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
CORPORATE OFFICE:
CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
COMPANY SHOWROOM:
KATHMANDU: CHARKHAL, DILLIBAZAR, TEL: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD, TEL: 021-522758
FOR SERVICE:
Toll Free No.: 16600110090, For Dealership: 9801105114

सल्लाह आरामको

सुरेश किरण

प्रधानमन्त्री केपी ओली हालै सिंगापुरबाट फर्किएका छन् । उनी सिंगापुर जानुको एउटै मात्र कारण रहेछ, स्वास्थ्य परीक्षण । अब सिंगापुरमा उनको के स्वास्थ्य परीक्षण भयो, त्यो त हामीलाई थाहा भएन । हुने कुरा पनि होइन । तथापि थाहा यत्ति भएको छ कि सिंगापुरका चिकित्सकले प्रधानमन्त्रीलाई धेरै धपेडी नगर्न सुझाव दिएका छन् । अर्थात्, आराम गर्न सुझाएका छन् । आराम गर्नुस्, आराम गरेपछि ठीक हुन्छ ।

सुझाव दिनु राम्रै हो । डाक्टरको कामै सुझाव दिने हो । तर सिंगापुरसम्म पुगेर प्रधानमन्त्री ओलीले जुन सुझाव पाए, त्यो उनलाई खासै चाहिने सुझाव भने होइन । किनभने आराम गर्नुस् भनेर उनलाई कसैले सुझाव दिनैपर्दैन । आराम त उनले मजाले गरिरहेका नै छन् । प्रधानमन्त्री भएदेखि उनले आजसम्म गरेको कुनै काम छ भने त्यो आरामै मात्र हो । अहिले देशमा मच्चिरहेको भाँडभैलो देख्दा पनि थाहा हुन्छ, देशका प्रधानमन्त्री मजाले आराम गरिरहेका छन् । सरकारले हरेक वर्ष विकासका लागि बजेट ल्याउँछ तर खर्च गर्न सक्दैन । पुल बनाउने कुरा गर्छ तर बनाउन सक्दैन । जहाज चलाउने कुरा गर्छ तर चलाउन सक्दैन । रेल कुदाउने कुरा गर्छ तर कुदाउन सक्दैन । प्रधानमन्त्री त आराम गरिरहेका छन्, कुदाउने कल्ले ?

निराश बाँदरहरू

घटना गत साताको हो । सिन्धुपाल्चोकमा एकैचोटि १६ वटा बाँदर मरेको घटनाले पूरा जिल्ला हल्लाइदियो । चर्चा त झन देशभरि नै भयो । एउटै पोखरीमा लगालग १६ वटा बाँदर झ्वाम्म-झ्वाम्म फाल हाल्दै मरेपछि यसले चारैतिर चर्चा चलाइदियो- आखिर किन हाम फाले यी बाँदरहरू ?

खास कारण त कसैलाई थाहा छैन । किनभने हाम फाल्ने कुनै पनि बाँदरले आफ्नो यो कार्यका लागि कुनै किसिमको 'नोट्स' छाडेर गएको छैन । अतः हामी एउटा काल्पनिक कारणबारे विमर्श गर्न सक्छौं ।

वास्तवमा भएको के थियो त भन्दा फाल हालेकै बिहान सिन्धुपाल्चोकको कुनै जंगलमा बाँदरहरूको एउटा भेला भएको रहेछ । कोही रूखमा बसेका थिए, कोही टोड्कोमा थिए, कोही भुइँमै पनि थिए । भेलाको कारणसमेत खोल्दै एक वरिष्ठ बाँदरले कुरा राखे, 'साथीहरू, देशमा के भइरहेको हो, थाहा छैन । हामी सम्पूर्ण बाँदर जातिका लागि खतराको स्थिति आउँदै छ ।'

सबै बाँदरका कान ठाडा भए । उनै वरिष्ठ बाँदरले भन्दै गए, 'जंगलमा बसेर हामी जे-जे काम गर्छौं, त्यो अहिले सहरमा बस्ने केही मानिसले पनि गर्न थालेका रहेछन् । जंगलमा हामी आफ्नो हातमा जे वस्तु पर्छ, त्यसलाई बिगारेरै छाड्छौं नि, त्यही काम अहिले सहरमा पनि केही मानिसले गर्न थालेका छन् ।'

सबै बाँदरले एकआपसको मुख हेरे । 'हामी जंगलमा आफ्नो घर त बनाउँदै बनाउँदैनौं, अरूले बनाएको पनि बिगार्ने गर्छौं । अहिले सहरमा पनि केही मानिसले त्यही काम गर्न थालेका छन् ।'

'ओहो, सहरमा पनि हाम्रो नक्कल ?' एउटी पोथी बाँदरनीले भनी ।

'यो नक्कल मात्र होइन । अब त उनीहरू सक्कली बाँदर, हामी नक्कली बाँदर बन्ने खतरा आउँदै छ । मानिस हामीलाई होइन, उनीहरूलाई बाँदर भन्न थालिसकेका छन्, वरिष्ठ बाँदरले अनुहार अझ गम्भीर बनाउँदै भने, 'अब भन्नुस्, हामी यता जगाजग हुँदाहुँदै सक्कली वानर जाति भन्दै अरू नै कोही आउँछ भने हामी बाँच्नुको के अर्थ ? हामी त बाँच्नुकै अर्थ रहेन ।' साँच्चै त्यसपछि सबैले नै जीवनको सार देखेनन् ।

त्यसपछि घटना के भयो, त्यो हामीलाई थाहा छँदै छ ।



करार सम्झौता गराउँदा-गराउँदै

प्रशासन चुस्त बनाउन सरकारले हालै एउटा नयाँ योजना ल्याएको छ- कार्य सम्पादन करार सम्झौता । अर्थात्, हरेक कर्मचारीलाई ऊभन्दा माथिल्लो तहका कर्मचारीले यति-यति अवधिभित्र यति-यति कार्य सम्पादन गरेरै छाड्छु भनेर गराइने करार सम्झौता । यो सम्झौता प्रधानमन्त्रीले मन्त्रीलाई गराउँछ । मन्त्रीले सचिवलाई गराउँछ । सचिवले उपसचिवलाई गराउँछ । उपसचिवले विभागीय प्रमुखलाई गराउँछ । विभागीय प्रमुखले शाखा प्रमुखलाई गराउँछ । यसरी क्रमशः तल-तलसम्म गराउँदै जान्छ ।

योजना लागू भयो । लागू हुनेबित्तिकै प्रधानमन्त्रीले पहिलो कार्यका रूपमा मन्त्रीलाई करार सम्झौता गराएछन् । कस्तो करार ? निर्मला पन्तको हत्यारा एक महिनाभित्र पक्राउ गर्ने करार ।

प्रधानमन्त्रीसँग करार गरेको भोलिपल्टै मन्त्रीले सचिवलाई करार गराए- निर्मला पन्तको हत्यारा दुई साताभित्र पक्राउ गर्ने ।

त्यसको भोलिपल्टै सचिवले उपसचिवलाई करार सम्झौता गराए- निर्मला पन्तको हत्यारा दस दिनभित्र पक्राउ गर्ने ।

उपसचिवले पनि त्यसको भोलिपल्टै अपराध महाशाखाका प्रमुखलाई करार सम्झौता गराए- निर्मला पन्तको हत्यारा पाँच दिनभित्र पक्राउ गर्ने ।

पाँच दिन बित्यो । उपसचिवज्यूले महाशाखा प्रमुखलाई बोलाएर सोधे, 'निर्मला पन्तको हत्यारा समाउनेसम्बन्धी करार के भयो ?'

महाशाखा प्रमुखले जवाफ दिए, 'खोइ सर, मैले त हजुरसँग करार गरें । तर मैले चाहिं कसलाई करार गराउने हो, मान्छे भेटिएको छैन । ऐनमा पनि लेखिएको रहेनछ । म करारका लागि मान्छे खोज्दै छु, भेट्नेबित्तिकै खबर गर्छु ।'

[झटारो]

अढाई करोडको अडेसो

लक्ष्मण गाम्नागे

गण्डकी प्रदेशका मुम पृथ्वीसुब्बाले अढाई करोड मूल्य पर्ने ल्यान्डक्रुजर गाडी किनेर चढेकामा केही मान्छे उनको उछितो काड्नमा लागिपरेका छन् । वास्तवमा पुराना, खारिएका, हकी, इमानदार र त्यागी कम्युनिस्ट नेता गुरुङ अरूजस्तो लोभी, सुविधाभोगी र भ्रष्ट नेता होइनन् । उनी एक निष्ठावान कम्युनिस्ट नेता हुन् । उनले आफ्नो अन्तर्वार्तामा पनि भनेका छन्, 'म सादा जीवन उच्च विचारवाला मानिस हुँ । मलाई यस्ता महँगा गाडीमा अडेसा लाग्ने कुनै रहर छैन । एकदमै अप्ठेरो र बाध्यात्मक परिस्थितिमा, अपमानका घुट्का घुटुघुटु पिउन नसकेर मात्रै ल्यान्डक्रुजर किन्नुपरेको हो ।'

मुमज्यूका अनुसार एक पटक उनी पोखराबाट काठमाडौं एयरपोर्टमा उत्रिएर बालुवाटार जान खोज्दा संघीय सरकारले पठाएको गाडी गौशाला चोकमा बिग्रिएछ । मुख्यमन्त्री चढेको गाडी बीच बाटोमै बिग्रनुजस्तो अपमानजनक व्यवहार अरू के हुन्थ्यो ! केन्द्रमा बस्ने राष्ट्रपति, प्रधानमन्त्रीहरू हेलिकप्टर चढ्ने, मन्त्रीहरू पनि नयाँनयाँ राम्रा गाडी चढ्ने, मुख्यमन्त्रीलाई चाहिँ कवाडी गाडी पठाउने ? यो अपमानले रन्थनिएर असह्य भई उनी गौशाला चोकमै झन्डै बेहोस भएका बेला कुनै परिचित प्रहरी अधिकारीले सम्हालेर बालुवाटार पुऱ्याइदिएछन् । यसरी संघीय सरकारले गरेको घोर अपमान खप्न नसकेर उनले ल्यान्डक्रुजर किनेको प्रस्ट पारेका छन् । यसमा उनको कुनै दोष छैन । दोषी संघीय सरकार हो, जसले उनलाई सुविधाभोगी मुख्यमन्त्रीको आरोप खप्न विवश बनायो ।

मुम गुरुङजी संघीय सरकारका कुनै पनि मन्त्रीभन्दा कम हैसियतका नेता होइनन् । उनले केन्द्रको हेपाइमा बस्ने कुरै हुँदैन । थोत्रामोत्रा गाडी चढेर हिँड्ने उनको व्यक्तित्त्व होइन । थोत्रा गाडी चढेर हिँड्दा जनताले 'पृथ्वीसुब्बा आयो' भन्छन् । अढाई करोडको ल्यान्डक्रुजरमा हिँड्दा 'ओहो ! मुख्यमन्त्रीज्यूको सवारी भयो' भन्न पाउँछन् । जनतालाई गाउँ-गाउँमा सिंहदरबारको अनुभूति दिलाएर संघीयतालाई बलियो बनाउन पनि ल्यान्डक्रुजरले महत्त्वपूर्ण भूमिका खेल्छ । सिंहदरबारमा बस्नेहरूले चढ्ने जत्तिकै महँगा गाडी प्रदेशमा पनि चले भने पो गाउँगाउँमा सिंहदरबार आएको मान्न सकिन्छ ।

अर्को कुरा- त्यो गाडी मुमज्यूले जनताकै सेवामा प्रयोग गर्ने हो । भीरपाखाका हिलो, धूलो र खाल्डाखुल्डीले भरिएका सडकमा सस्तामस्ता गाडीमा हिँड्दा कति कष्ट हुन्थ्यो उनलाई । आफैं कष्टमा परेका नेताले जनताको कष्ट कसरी निवारण गर्न सक्छ ? अतः जनताको कष्ट निवारणमा अहोरात्र लाग्नुपर्ने मुमज्यूको आरामीको ध्यान दिनु हामी जनताको कर्तव्य हो । यो गाडी चढ्न र ओर्लन सजिलो छ । खाल्डाखुल्डीमा पनि धेरै उफार्दैन । शीतल र सुविधासम्पन्न अढाई करोडको गाडीमा अडेस लागेर जनताको काममा हिँड्दा काम गर्ने जोश-जाँगर पनि भित्रैदेखि उम्लिएर आउला । विकास निर्माणका कामले द्रुत गति लेला । गाडीको मूल्य मात्रै हेरेर हुँदैन, त्यसबाट प्राप्त हुने उपलब्धि पनि हेर्नुपर्छ ।

कुरा यो पनि छ, खासमा यो त्यस्तो महँगो गाडी नै होइन । संसारमा योभन्दा कति महँगा-महँगा गाडी पाइन्छन् । त्यसमा पनि कुनै पत्रकारले अनुसन्धानै नगरी मूल्य तोकिदिएका भरमा मान्छे पछि लागेका छन् । यसको खास मूल्य २ करोड ४८ लाख मात्रै हो, बढाइचढाइ अढाई करोड पुऱ्याइएको हो । संघीय सरकारको अपमानले रन्थनिएर बल्लतल्ल शान्त भएका मुमज्यूलाई फेरि रिस उठाएर हेलिकप्टर किन्न बाध्य नबनाऊँ । हामी पनि शान्त रहौं ।

हरियो वनको सक्दो दोहन

सरोज बैजु

शब्द : यम बम

वनजंगलको अधिक दोहनलाई राज्यले नै कसरी वैधानिकता दिन्छ भनेर बुझ्न चन्द्रागिरि हिल्सलाई भाडामा दिइएको प्रकरण हेरे पुग्छ । ३६ हेक्टर वन ४० वर्षका लागि भाडामा लिएको चन्द्रागिरि हिल्सले एकपछि अर्को गरी अवैध भौतिक संरचना बनाउँदै लगेको छ । काठमाडौं उपत्यकामा पानीको पुनर्भरण (रिचार्ज) गर्ने अमूल्य सम्पदा जोगाउन राज्य लाग्नुपर्नेमा उल्टै विनाशको साझेदार बन्न पुगेको देखिन्छ ।

यसैको पछिल्लो उदाहरण हो, चन्द्रागिरिस्थित भालेश्वर डाँडामा नियमविपरीत रिसोर्ट ठड्याउँदा वन तथा वातावरण मन्त्रालयले २० लाख रूपैयाँ जरिवाना गरायो भने पूरक वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) बनाउनुपर्ने निर्णय गर्‍यो । अवैधानिक संरचनामा रोक लगाउनबाट पन्छियो । वातावरण मन्त्रालयका पूर्वसहसचिव बटुकृष्ण उप्रेती भन्छन्, "राज्यले चाहेको भए ती संरचना भत्काउन सक्थ्यो । बनिसकेको संरचनाको पूरक ईआईए गराउने निर्णय कसरी भयो बुझ्न सकिनँ ।"

उप्रेतीको भनाइमा निर्माण चरणमा रहेको भए पूरक ईआईए गरेर वातावरणीय क्षति न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्न सकिन्थ्यो । तर निर्माण सम्पन्न भइसकेपछि पूरक भन्नु 'वैधता दिने बाटो' मात्र हो ।

चन्द्रागिरिले ईआईएविपरीत अत्याधुनिक ५ वटा कंक्रिट संरचना

निर्माण गरेर रिसोर्ट सञ्चालनमा ल्याउनुअघि नै विवादित बन्यो । तर नियमनकारी निकाय चुप रहेकामा उजुरी परेपछि मात्र निरीक्षण भयो, गत वर्ष । वातावरण विभागको सिफारिसअनुसार वन तथा वातावरण मन्त्रीस्तरीय निर्णयबाट जरिवाना भएको थियो ।

रिसोर्ट बनाउन भालेश्वर डाँडा सम्याएछेउबाटै ११ र १२ साउनमा पहिरो खस्यो । त्यसपछि पहिरोलाई प्लास्टिकले छोप्ने प्रयास गरियो । प्राकृतिक स्रोतको दोहनले उल्टै हामीलाई नोक्सान पुऱ्याउँछ भन्ने उदाहरण हो, यो । भालेश्वर डाँडाबाट यसरी नै पहिरो खसिरहने हो भने रिसोर्ट नै जोखिममा पर्ने देखिन्छ । यसरी डाँडा खन्ने क्रम बढिरहने र वन नासिँदै जाने हो भने ठूलो पहिरोको जोखिम पनि उत्तिकै छ । पर्यावरणमा असन्तुलन ल्याउने भएकाले जंगलभित्र रिसोर्ट सञ्चालन गर्न नहुने दाबी गर्छन्, वातावरणविद् ।

तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले १९ भदौ ०६९ मा स्वीकृत गरेको चन्द्रागिरिको ईआईए प्रतिवेदनमा भालेश्वरमा वातावरणमैत्री कटेजसहितको 'इको रिसोर्ट' तयार गरिने उल्लेख छ । उक्त ईआईए स्वीकृत हुँदा नै विरोध भएकामा त्यसलाई लत्याउँदै चन्द्रागिरि विनाशतर्फ अगाडि बढेको देखिन्छ । रिसोर्ट सञ्चालकको तर्क छ- वन विनाश कम होस् भनेर कटेजको सट्टा स्थायी संरचना बनाइएको हो । कटेज सञ्चालनका लागि अनुमति दिँदा नै वातावरणविद्ले विरोध गरेका थिए तर त्यसलाई बेवास्ता गर्दै रिसोर्ट बनाइयो ।

सय कोठा क्षमता भनिएको रिसोर्टमा ४८ कोठा यसअघि नै सञ्चालनमा आइसके । उद्घाटन नै नभएको रिसोर्टमा प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', महासचिव विष्णु पौडेलसहितका नेताहरूले आवासीय बैठकसमेत गरिसकेका छन् । चन्द्रागिरिले रिसोर्टबाहेकका भौतिक संरचना बनाउँदा पनि वातावरणीय पक्षलाई ध्यान दिएको पाइँदैन । भाडामा लिएको वन क्षेत्रबाट रूख काटेर यसअघि नै भौतिक संरचना बनाइसकेको छ, चन्द्रागिरिले ।

जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण चन्द्रागिरि डाँडामा केबलकार, रिसोर्ट र फनपार्क सञ्चालनका लागि लिजमा दिने निर्णय नै विवादित थियो । समुदायले संरक्षण गरेर हुर्काएको वन (३६ हेक्टर) लाई कबुलियतीमा रूपान्तरण गरी निजी कम्पनीलाई लिजमा दिने निर्णय तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले गरेको थियो, १८ माघ ०६७ मा । उपभोक्ताले विरोध गरे पनि कुनै सुनुवाइ भएन ।

वन ऐन, ०४९ अनुसार प्रस्ताव आह्वान गरी राष्ट्रिय वनको कुनै क्षेत्र संगठित संस्था या उद्योगलाई कबुलियती वनका रूपमा दिन सक्ने व्यवस्था छ । सरकारले प्रस्तावै आह्वान नगरी वन क्षेत्र चन्द्रागिरिलाई लिजमा दिएको थियो ।

नजिकै अर्को विनाशको तस्बिर देखिन्छ, थानकोट-चित्लाङ सडक । तराईलाई काठमाडौंसँग जोड्ने वैकल्पिक मार्गका (माथि दायाँ) रूपमा लिइएको यो सडक बनाउन होइन, भत्काउन थालिएको आभास हुन्छ । भीरलाई डोजरले कोपरेजस्तो देखिन्छ । ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

कान्तिपुर को
करोडपति सिजन-३
बन्नो ग्राहक त फेरि करोडपति

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछ ।

पक्का पुरस्कार
• शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ



BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa™
www.esewa.com.np

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

विशेष

अवधेशकुमार मल्लाह

नभएको मान्छेले मुद्दा जितेपछि

नेपाली न्याय प्रणाली नियाल्न सघाउने एउटा 'केस स्टडी'

एकल सिलवाल

सम्मरीमाई, रूपन्देही । ०६८ चैतमा जिल्ला अदालत रूपन्देहीमा स्थानीय अवधेशकुमार मल्लाहविरुद्ध उनकै ठूलाबाका छोरा शैलेशले कुटपिट मुद्दा दर्ता गरे। दाजुभाइका छोरा अवधेश र शैलेश रूपन्देहीको भारतीय सीमावर्ती इलाका मर्चवारमा पर्ने साविकको असुरैना गाविस-३ निविहवाका बासिन्दा हुन्। अहिले यो गाउँ सम्मरीमाई गाउँपालिका-६ मा पर्छ। सगोलमा बसिरहेका उनीहरूबीच अंशको निहुँमा झगडा भएपछि अदालतमा कुटपिट मुद्दा परेको थियो।

अवधेश र शैलेशका तीन दाजुभाइ बाबुत्रय श्रीराम, राजाराम र जयराम थिए। उनीहरूका नाममा दुई बिघा चार कट्ठा जग्गा पैतृक सम्पत्ति थियो । तीन दाजुभाइमध्ये कान्छा जयरामको ०५७ मा र उनकी श्रीमतीको ०५८ मा निधन भएको थियो ।

दुई दाजुभाइ श्रीराम र राजाराम तथा मृतक जयरामका एक्ला छोरा अवधेशको परिवार सगोलमै बसेको थियो । बाबुआमा बितेको १० वर्षपछि अवधेशले आफ्ना बाबुको भागमा आउने अंश लिएर अलग बस्ने सोच बनाए । ठूलाबाद्वय श्रीराम र राजारामसमक्ष यो प्रस्ताव राखे ।

जेठाबा श्रीराम अवधेशलाई अंशबापत तीन भागको एक भाग जग्गा नामसारी गरिदिन मञ्जुर थिए । तर उनका भाइ राजारामले मानेनन् । अंशको विषयमा घरमा भनाभन हुँदा राजारामका छोरा शैलेश र अवधेशबीच हात हालाहाल भयो । शैलेशले जिल्ला अदालत रूपन्देहीमा कुटपिट मुद्दा दर्ता गरे ।

श्रीरामका पाँच र राजारामका शैलेशसहित तीन छोरा थिए । श्रीराम सपरिवार भारतमा बसोबास गरिरहेका थिए। त्यसैले निविहवामा रहेको सगोलको घरमा राजाराम, उनका तीन छोरा र अवधेशको परिवार बस्थ्यो ।

बाबुबाबुहरूबीच अंशबन्डा गर्दा तीन भाग लगाएपछि बाबु राजारामका नाममा आउने सम्पत्ति पनि आफूहरू तीन दाजुभाइबीच बाँड्नुपर्ने हुँदा शैलेशका भागमा थोरै मात्रै जग्गा पर्थ्यो। स्वर्गीय काका जयरामका एक्लो छोरा भएकाले अंशबापतको सम्पत्ति तीन भागको एक भाग अवधेशलाई जान्थ्यो । आफूले पाउनेभन्दा धेरै सम्पत्ति अवधेशको नहोस् भन्ने चाहन्थे, शैलेश । त्यसैले अवधेशलाई मुद्दा हालेर गलाउन उनी अदालतमा कुटपिट मुद्दा लिएर गए ।

आफ्नो हक खोज्दा कुटपिट मुद्दा खेप्नुपरेपछि मर्माहत भएका अवधेश पनि चुप लागेर बसेनन् । ०६९ वैशाखमा उनले जिल्ला अदालत रूपन्देहीमा ठूलाबुबाद्वय राजाराम र श्रीरामलाई विपक्षी बनाएर अंश मुद्दा दर्ता गरे । बितिसकेका बाबुआमाको आफू एक्लो छोरा भएकाले बाबुहरूको संयुक्त नाममा रहेको जमिनबाट तीन भागको एक भाग अंश नामसारी गराइदिन अवधेशले अदालतसँग माग गरेका थिए ।

शैलेश मल्लाह

राजाराम मल्लाह

अदालतमा नयाँ अंशियार

विपक्षी बनाइएकामध्ये श्रीरामले २५ जेठ ०६९ मा अवधेशको दाबीप्रति समर्थन जनाउँदै अदालतमा प्रत्युत्तर लगाए। तर शैलेशका बाबु राजारामले भने आफ्ना भाइ जयराम निःसन्तान छँदै बितेको हुँदा अवधेश अंशियारभित्रै नपर्ने दाबी गरेर प्रत्युत्तर दर्ता गरे ।

अवधेशको भनाइमा राजारामको प्रत्युत्तरमा आश्चर्यलाग्दा झूट थिए । राजारामले बाबु मधुवनका दाइ रामलगन, जो निःसन्तान अवस्थामै ०४४ मा बितेका थिए, उनैका छोरा बनाएर हरि मल्लाह नामका 'नयाँ अंशियार' सिर्जना गरे। उनको दाबीअनुसार अब बाबुहरूबीचमै अंश हुनुपर्ने देखियो। अवधेशले दर्ता गरेको अंश मुद्दाको विवादलाई राजारामको प्रत्युत्तरले अर्कोतिर मोड्यो ।

रामलगन २५ वर्षअघि नै बितिसकेका थिए । अवधेशको भनाइमा 'उनले आफू निःसन्तान भएको भनेर जीवित छँदै आफ्नो सम्पत्तिको हक भाइ मधुवनका तीन छोरालाई हस्तान्तरण गरेका थिए ।' त्यसैले राजारामको प्रत्युत्तर उद्देश्यपरक थियो । पैतृक सम्पत्तिको हक माथिल्लो पुस्ताबाट तल्लो पुस्तामा सर्ने परम्पराविपरीत उनले तलबाट माथिल्लो पुस्ताका मृतक व्यक्तिका लागि पनि अंश हकदाबी गरेका थिए ।

मुद्दा जित्न दौडधुप सुरु भयो। राजारामका छोरा शैलेशले असुरैना गाविस अध्यक्षको समेत काम गर्ने जिम्मेवारी पाएका तत्कालीन गाविस सचिव प्रद्युम्नप्रसाद कुर्मीसँगको मिलेमतोमा १० साउन ०६९ मा हरि मल्लाह र रामलगन बाबुछोरा भएको नाता प्रमाणपत्रको कागज बनाए ।

हेर्दाहेर्दै हरि मल्लाहका तर्फबाट २५ भदौ ०६९ मा रूपन्देही जिल्ला अदालतमा श्रीराम र राजारामका श्रीमान्/श्रीमतीविरुद्ध अंश मुद्दा दर्ता भयो । त्यो मुद्दाको फिराद र राजारामले अवधेशको मुद्दामा लेखेको प्रत्युत्तरको बेहोरा मिल्दोजुल्दो थियो। श्रीराम, राजाराम र जयरामको नाममा रहेको सम्पूर्ण जग्गाको आधा अंश दाबी गर्दै हरि मल्लाहको नामबाट दायर मुद्दामा पाँच सन्तानका बाबु श्रीराम र अवधेशका बाबु जयरामलाई निःसन्तान भनिएको थियो। तथ्यले के देखाउँछ भने यो राजारामको योजनामा हालिएको मिलेमतोको मुद्दा थियो ।

फिरादपत्रमा हरि मल्लाहको ठेगाना कहीँ असुरैना-३ रूपन्देही लेखिएको छ भने कतै भारतको गोरखपुर जिल्ला, कम्पियरगन्ज तहसिल, मन्फरियाग्राम भएको उल्लेख छ । नेपाली नागरिकता लिन बाँकी रहेको उल्लेख गरिएका हरि मल्लाहले औँठाछाप लगाएर फिराद दर्ता गरेका छन् ।

मिलेमतोमा हरिको नामबाट मुद्दा दर्ता गरिएकाले विपक्षी बनाइएकामध्ये राजाराम परिवारले अदालतमा प्रत्युत्तर नै नलगाई म्याद गुजाऱ्यो । वादी हरि मल्लाहको दाबी पुगोस् भनेर सघाउन यसो गरिएको थियो । अर्का विपक्षी श्रीराम दम्पतीले १४ मंसिर ०६९ मा प्रत्युत्तर लगाउँदै वंशमै नभएको हरि मल्लाह



< किर्ते कागजपत्रको विषयलाई लिएर विभिन्न निकायसँग गरिएको पत्राचार

भन्ने व्यक्तिलाई अंश दिनु नपर्ने जवाफ दिए। रामलगन दम्पतीको नि:सन्तान अवस्थामै मृत्यु भएकाले नक्कली व्यक्तिले दर्ता गरेको झूटो फिराद खारेज हुनुपर्ने उनीहरूको तर्क थियो।

हरि मल्लाहका तर्फबाट दर्ता मुद्दामा आफूलाई नि:सन्तान भनी दिएको झूटो विवरणको खण्डन गर्दै श्रीराम दम्पतीले आफ्ना पाँच छोराको नाम प्रत्युत्तरमा उल्लेख गरे। राजारामले जन्मेकै छैनन् भनेका भतिजा अवधेशका तर्फबाट दायर विचाराधीन रहेको अंश मुद्दालाई पनि सँगै जोडेर हेर्न श्रीराम दम्पतीले अदालतसँग माग गरे।

अदालतमा आ-आफ्नो तर्फबाट प्रमाण पुऱ्याउने प्रयास हुन थाल्यो। जिल्ला अदालत रूपन्देहीका तत्कालीन न्यायाधीश बालेन्द्र रूपाखेतीको इजलासमा वादी हरि मल्लाहका वारेस बनेर वसन्तपुर-४ बेतौलियाका लीलाधर दुवेले बयान दिए। उनको भनाइ खण्डन गर्न श्रीराम स्वयं अदालतमा उपस्थित थिए।

श्रीरामको मागअनुसार अर्को अंश मुद्दाबाट नाम जोडिएका अवधेश मल्लाहलाई अदालतले १९ वैशाख ०७० मा बयान लियो। अवधेशले हजुरबुबाका दाजु रामलगनको नि:सन्तान अवस्थामा मृत्यु भएकाले हरि मल्लाह भन्ने व्यक्ति आफ्नो वंशमै नभएको भन्दै तीन भागको एक भाग सम्पत्ति आफूले पाउनुपर्ने बयान अदालतमा दोहोऱ्याए।

७ जेठ ०७० मा न्यायाधीश रूपाखेतीको इजलासमा दुवै पक्षका साक्षीको बकपत्र भयो। श्रीराम र अवधेशका साक्षी क्रमश: जनार्दन यादव र रामदिन यादवले तत्कालीन गाविस सचिवले हरि मल्लाहको नाममा दिएको नाता प्रमाणपत्रको अभिलेख कार्यालयमा नभएकाले त्यसको आधिकारिकता पुष्टि नहुने बताए। रामलगन नि:सन्तान भएका कारण उनी र उनका भाइ मधुवनको संयुक्त नाममा रहेको सबै जग्गा पहिल्यै मधुवनका तीन छोराको नाममा आएको उनीहरूले बताए।

हरि मल्लाहको साक्षी बनेर तत्कालीन असुरैना-८ का वासिन्दा विश्वनाथ चाई इजलासमा उपस्थित भएका थिए। उनले अदालतमा 'हरिले अंश पाउनुपर्ने तर अरू प्रमाणबारे आफूलाई थाहा नभएको' बताएका थिए।

२७ जेठ ०७० मा रूपन्देही जिल्ला अदालतले बाबुबाजेको नाम खुल्ने आधिकारिक प्रमाण लिई आउन हरि मल्लाहका नाममा आदेश दियो। २५ असारमा न्यायाधीश बालेन्द्र रूपाखेतीको इजलासले गाउँ सर्जमिन बुझ्न र वादीका वारेसले पेस गरेको ०५२ को मतदाता नामावली सम्बन्धमा जिल्ला निर्वाचन कार्यालयबाट आधिकारिकता बुझ्न आदेश दियो।

> नभएको मान्छे जन्माइदिन सक्ने न्यायाधीशले मलाई यो अवस्थामा पुऱ्याए।
>
> – अवधेश मल्लाह

अदालतको आदेश पाएलगत्तै भारतको गोरखपुर जिल्ला, कम्पियरगन्ज तहसिल, मन्झरिया ग्रामसभाको परिवार रजिस्ट्रको फोटोकपी भनेर हरिका वारेस दुवेले एउटा कागजात अदालतमा बुझाए। यससँगै असुरैना गाविस-३ को क्रम संख्या ३१५ मा हरि मल्लाह नाम उल्लेख भएको मतदाता नामावलीको प्रतिलिपि पनि अदालतमा पेस गरियो।

यसैबीच अदालतबाट खटिएको टोलीले १२ असोज ०७० मा निविहवा गाउँमा सर्जमिन गऱ्यो। १२ जना स्थानीय सबैले हरि मल्लाह भन्ने व्यक्तिलाई आफूहरूले नचिनेको र उनी रामलगनको छोरा नभएको भनेर सहीछाप गरिदिए।

अदालतले १३ भदौ ०७० मा जिल्ला निर्वाचन कार्यालय रूपन्देहीलाई मतदाता परिचयपत्रमा हरि मल्लाहको नाम भए/नभएको सम्बन्धमा जानकारी दिन पत्राचार गऱ्यो। १६ भदौमा त्यसको जवाफ पठाउँदै निर्वाचन कार्यालयले ०५२, ०५४, ०५६ को मतदाता नामावली आफूहरूसँग नभएको र ०६३ को मतदाता सूचीमा हरि मल्लाहको नाम नभएको जवाफ पठायो।

यही बीचमा न्यायाधीश बालेन्द्र रूपाखेतीको सरुवा भयो र त्यो ठाउँमा बालचन्द्र शर्मा आए। १० माघ ०७० मा उनले अवधेश मल्लाहका तर्फबाट दायर अंश मुद्दाको सुनुवाइ गर्दै शैलेश मल्लाहले ०६८ मा दर्ता गरेको कुटपिट मुद्दा र श्रीराम र राजारामका विरुद्ध हरि मल्लाहको तर्फबाट ०६९ मा परेको अंश मुद्दा सँगै पेस गर्नू भन्ने आदेश दिए।

यही बीचमा हरि मल्लाहको पक्षमा अर्को



^ मतदाता नामावलीको वास्तविक र किर्ते दुवै लिखत



^ हरि मल्लाह नामक व्यक्तिको आधार कार्ड र बसोबास प्रमाणपत्र दुवै नक्कली भएको भनी सम्बन्धित निकाय र त्यहाँका अधिकारीले दिएको प्रमाण

एउटा प्रमाण सिर्जना भयो । ११ फागुन ०७० मा तत्कालीन गाविस कार्यालयको नामबाट नेपाल विद्युत् प्राधिकरण रूपन्देहीलाई एउटा सिफारिस पत्र लेखियो । त्यसमा हरि मल्लाहको घरमा विद्युत् जडानका लागि चार किल्ला सिफारिस गरिएको भन्ने बेहोरा उल्लेख थियो ।

अवधेश र राजारामको परिवार सगोलमा बसिरहेको र वर्षौंअघि विद्युत् प्रयोग भइरहेको घरमा विद्युत् जडानका लागि भनेर अर्को सिफारिस पत्र बनाइयो । हरि मल्लाह बसोबास गरिरहेको घर भनेर त्यो सिफारिसलाई अदालतमा प्रमाणका रूपमा पेस गरियो ।

१४ असार ०७१ मा हरि मल्लाहको जन्मदर्ता प्रमाणपत्र भनेर अदालतमा अर्को एउटा कागज बुझाइयो । तत्कालीन असुरैना गाउँ पञ्चायतबाट १५ पुस ०३६ मा जारी भएको भनिएको त्यो प्रमाणपत्रमा ६ भदौ ०१५ मा हरि मल्लाह जन्मिएको उल्लेख थियो ।

त्यसको आधिकारिकता बुझ्न अदालतले २४ असार ०७१ मा गाविस कार्यालयलाई पत्र पठायो । तर त्यसै दिन गाविस कार्यालयको लेटरप्याडमा '०३६ को जन्मदर्ता अभिलेख कार्यालयमा नभएको' भन्ने जवाफ अदालतमा दर्ता भयो ।

जिल्ला न्यायाधीश बालचन्द्र शर्माले २५ असार ०७१ मा 'वादी हरि मल्लाह स्वर्गीय रामलगन मल्लाहको छोरा नाताको देखिन आएकाले बुझिएसम्मका प्रमाणबाट वादीले आफ्ना बाबु रामलगनको अंश हक प्राप्त गर्न सक्ने नै देखियो' भन्ने आदेश गरे । त्यसमा 'वादीका तर्फबाट प्रस्तुत गरिएको मतदाता नामावली ०५२ र ०५६ मा समेत रामलगनको छोरा हरि मल्लाह भनी जनिइरहेको' भन्ने उल्लेख छ ।

तर जिल्ला निर्वाचन कार्यालयले ०५२, ०५४, ०५६ र ०६३ का कुनै पनि मतदाता सूचीमा हरि मल्लाहको नाम नभएको जवाफ दिएको कागजात त्यही मिसिलमा सुरक्षित थियो । न्यायाधीश शर्माले फैसलामा प्रमाणको आधार बनाएका कागज किर्ते भएको दाबी गर्दै अवधेशले ३० असार ०७१ मा जिल्ला अदालत रूपन्देहीमा जालसाजी मुद्दा दर्ता गरे । जालसाजीपूर्ण कामका लागि जिम्मेवार तत्कालीन गाविस अध्यक्ष प्रद्युम्नप्रसाद कुर्मी

'अहिले आएर अन्यथा कुरा गर्न मिल्दैन'

– बालचन्द्र शर्मा, *न्यायाधीश*

"पुनरावेदनदेखि सर्वोच्च अदालतसम्मले मेरो फैसला सदर गरिसकेपछि अरू केही खोज्ने कुरै भएन । अन्तिम भइसकेको फैसलामा अहिले आएर अन्यथा कुरा गर्न मिल्दैन ।

वारेसमार्फत चल्ने अंश मुद्दामा मान्छे झिकाउनु अनिवार्य हुँदैन । न्यायाधीश घरघरै गएर हेर्ने कुरो भएन । सबुत प्रमाणले जे पुष्टि गर्‍यो, त्यही फैसलामा लेखिएको हो ।

मैले गल्ती गरेको भए पुनरावेदनले सुधार्थ्यो होला । मैले आलोकाँचो काम गरेको थिएँ भने पुनरावेदनले किन सदर गर्‍यो ? सर्वोच्चले दोहोर्‍याएर हेर्न किन निस्सा दिएन ?

हरि मल्लाहले मुद्दा जितेर कसैलाई केही बिग्रेको छैन । अंश मुद्दा कसैले जित्दैमा सम्पत्ति जाँदैन । मुद्दा जित्दैमा हुँदै नभएको मान्छेलाई सम्पत्ति दिनुपर्छ भन्ने छैन । हरि मल्लाहले अंश पाउँछ भनेर मैले भनेँ । तर त्यो मान्छे छ/छैन भन्ने यकिन गरेर मात्र जग्गा नामसारी गर्नुपर्ने दायित्व त मालपोत कार्यालयको हो ।

मैले हेर्ने बेलाका 'डकुमेन्ट' मा त्यो मान्छे थिएन भन्ने देखिएन । यो मान्छे फैसला हुँदाका बखत नै अस्तित्वमा थिएन भन्ने प्रमाण अहिले प्राप्त भएको छ भने रिट क्षेत्रबाट अझै पनि यो मुद्दा हेर्न सकिन्छ । तर मेरो उत्तरदायित्व यसमा केही पनि छैन ।"

(सेवा निवृत्त न्यायाधीश शर्मासँग १६ साउन ०७६ मा गरिएको टेलिफोन कुराकानी ।)

र हरि मल्लाह नाम बताउने व्यक्तिलाई कसुरबमोजिम सजाय गर्न उनले माग गरेका थिए ।

त्यो मुद्दा दर्ता भएको भोलिपल्टै ३१ असारमा जिल्ला न्यायाधीश बालचन्द्र शर्माले हरि मल्लाहलाई रामलगनकै छोरा ठहर गर्दै २ बिघा ३ कट्ठा १४ धुर जग्गामध्येबाट आधा सम्पत्ति निजले पाउने फैसला सुनाए ।

न्यायाधीश शर्माले गाउँका १२ स्थानीय वासिन्दाले 'वादी र प्रतिवादीबीच कुनै नाता पर्दैन' भनेर एकमतले गरेको सर्जमिन मुचुल्कालाई इन्कार गर्दै फैसलामा लेखेका छन्, 'सर्जमिनको आधारमा मात्र अंशजस्तो नैसर्गिक हकमाथि बन्देज लगाउन नमिल्ने हुँदा उल्लिखित कागजातको आधारमा वादी हरि मल्लाह स्व. रामलगन र मुरातीको छोरा नाताको भई प्रतिवादीहरूको अंशियार देखिन आयो ।' अवधेशले हालेको अंश मुद्दामा पनि न्यायाधीश शर्माले 'सगोलको सम्पत्तिबाट आधा अंश हरि मल्लाहले पाउने ठहर भइसकेकाले बाँकी रहेको आधाबाट तीन भागको एक भाग अवधेशलाई दिनू' भन्ने फैसला गरे ।

दुवै फैसलाविरुद्ध अवधेशले तत्कालीन पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गरे । हरि मल्लाह र तत्कालीन गाविस सचिव प्रद्युम्न कुर्मीविरुद्ध अवधेशले जिल्ला अदालतमा दर्ता गरेको जालसाजी मुद्दामा न्यायाधीश शर्माले हदम्यादको कारण देखाएर मूल प्रश्नमा प्रवेशै नगरी अवधेशलाई हराएका थिए । अवधेश यसविरुद्ध पनि पुनरावेदन गए ।

पुनरावेदन अदालत बुटवलका न्यायाधीशद्वय टीकाबहादुर हमाल र प्रकाशचन्द्र गजुरेलले २६ साउन ०७२ मा अवधेशका तीन वटै मुद्दामा उनको विपक्षमा फैसला सुनाए । यसपछि ०७२ पुसमा अवधेशले तीन वटै मुद्दा दोहोर्‍याई हेर्न माग गर्दै सर्वोच्च अदालतमा निवेदन दिए ।

२८ फागुन ०७२ मा न्यायाधीशद्वय सुशीला कार्की र जगदीश शर्माले पनि अवधेशलाई साथ दिएनन् । कार्की र शर्माको आदेशमा भनिएको छ, 'पुनरावेदन अदालतबाट भएका फैसलामा निवेदकले दाबी गरेबमोजिमको न्याय प्रशासन ऐन, ०४८ को १२ (१) (क) र (ख) को अवस्था विद्यमान रहेको नदेखिँदा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्न मिलेन । कानुनबमोजिम गर्नू ।'

'कानुनबमोजिम गर्नू' भनेको के हो भन्ने बुझ्न नसके पनि आफ्नो न्याय खोज्ने यात्रा टुंगिएको राम्ररी बुझेका अवधेश त्यस दिन जति कहिल्यै रोएनन् । ०७२ चैतमा अदालतबाट खटिएको डोरले जग्गाको भागबन्डा गरिदियो । यसबाट अवधेशले पुस्तौँदेखि खेती गर्दै आएको जमिन अस्तित्वमै नभएको हरि मल्लाह नामक व्यक्तिका नाममा गयो ।

अदालतले गरिदिएको बन्डाबमोजिम जमिन कित्ताकाट गरिपाऊँ भनेर ५ असार ०७३ मा मालपोत कार्यालय रूपन्देहीमा हरि मल्लाहको नामबाट ल्याप्चे लगाएको निवेदन दर्ता भयो । नापी कार्यालयले फटाफट जमिन कित्ताकाट गरिदियो ।

मालपोतले हरि नामका व्यक्ति अनागरिक भएको जनिएकाले निजको अंशमा परेको जमिन नामसारी नहुने तर नेपाली नागरिकलाई बिक्री गर्न पाउने ९ असारमा टिप्पणी आदेश गर्‍यो । उक्त टिप्पणीमा निवेदकको परिचय खुल्ने कागज भनी भारत सरकारले जारी गरेको आधार कार्ड र भारतकै गोरखपुर जिल्लास्थित मन्झरिया ग्रामपञ्चायतको बसोबास प्रमाणपत्रको फोटोकपी पेस भएको थियो ।

७ साउन ०७३ मा मालपोत कार्यालय, रूपन्देहीले हरि मल्लाहका नाउँमा बिक्री आदेशका लागि टिप्पणी उठाएको पाँच दिनपछि तत्कालीन कार्यालय प्रमुखबाट सदर भई १३ साउनमा हरि मल्लाहको सबै जग्गा शैलेशकुमार सहनी मल्लाहले राजीनामा लिखत गरी लिए । यसमा अवधेशको परिवार बसिरहेको घरसमेत पर्छ ।

शैलेशका बाबु राजारामले अवधेश बसिरहेको घरजग्गा आफ्नो भएकाले चलन चलाई पाउन माग गर्दै २७ मंसिर ०७४ मा जिल्ला अदालत रूपन्देहीमा निवेदन दिए । लगत्तै अदालतले अवधेशलाई घर खाली गर्न आदेश दियो । अवधेश भन्छन्, "नभएको मान्छे जन्माइदिन सक्ने न्यायाधीशले मलाई यो अवस्थामा पुर्‍याए ।"

अंश पाऊँ भन्ने मागदाबी लिएर अदालत गएका अवधेशले अन्तिममा आफू बसिरहेको घरको भोगाधिकारसमेत गुमाएका छन् । ठूलोबुबा राजाराम र तिनका छोरा शैलेशले राज्यसत्ताका निकाय र आफ्नो पहुँच प्रयोग गरेर योजनाबद्ध रूपमा उनलाई पैतृक सम्पत्तिबाट वञ्चित गरे ।

हरि मल्लाहका लागि गाविसबाट फर्जी प्रमाण बनाइदिने तत्कालीन असुरैना गाविसका सचिव प्रद्युम्नप्रसाद कुर्मीलाई अहिले कुनै डर छैन । एक वर्षअघि आफ्नै घरमा भेटिएका कुर्मीले हाकाहाकी भने, "मेरो सिफारिसलाई अदालतले मान्यता दिइसक्यो । अरूका कुरा छाड्नुस् ।"

न्याय मरेको उदाहरण

'हुँदै नभएको मानिसले मुद्दा जितेको' गुनासो सुनेपछि हामी रूपन्देहीको भारतीय सीमावर्ती इलाका मर्चवारमा पर्ने साविकको असुरैना गाविस-३ निविहवा पुग्यौँ । सिंगो गाउँ नै एकमुख भएर 'अदालतले मुद्दा जिताएको व्यक्ति दुनियाँमा नभएको' भनेपछि हामीले यो मामिला खोतल्ने सोच बनायौँ ।

अस्तित्वमा नदेखिएका हरि मल्लाह



प्रद्युम्नप्रसाद कुर्मी, पूर्वगाविस सचिव

अवधेश मल्लाहको पुरानो घर

विवादित जग्गामा शैलेश मल्लाहले निर्माण गरेको घर

सबैभन्दा पहिले रामलगनको पारिवारिक अभिलेख खोज्नुपर्ने थियो, जसले त्यो परिवारभित्र हरि मल्लाह नाम गरेका व्यक्ति छन्/छैनन् भनेर थाहा पाउन सहयोग गर्थ्यो । ०७५ असारमा हामी रामलगनको घर भएको ठाउँ भारतको गोरखपुर पुग्यौँ । गोरखपुरको मन्झरिया ग्रामपञ्चायतसँग रामलगनको पारिवारिक अभिलेख माग्यौँ ।

ग्रामपञ्चायतले २३ असार ०७५ का दिन पारिवारिक अभिलेखको प्रमाणित प्रतिलिपिसहितको पत्र उपलब्ध गरायो, जसमा स्वर्गीय रामलगनका कुनै सन्तान नभएको र हरि मल्लाह नाम गरेको व्यक्ति ग्रामपञ्चायतमै नरहेको उल्लेख छ । मन्झरिया ग्रामपञ्चायत अधिकारी आनन्दकुमार सिंह र प्रधान राजकुमार निषादले भने, "हरि मल्लाह नामका व्यक्ति यो पञ्चायतभर कोही छैन ।"

अब हाम्रो ध्यान मतदाता नामावलीमा थियो । हामीले ०५२, ०५६ र ०६३ को मतदाता नामावलीमा हरि मल्लाह नाम छ/छैन भनेर खोजीनिती गऱ्यौँ । यो किन जरुरी थियो भने रूपन्देही जिल्ला अदालतले मतदाता नामावलीमा नाम उल्लेख भएको भनेर हरि मल्लाहलाई मुद्दा जिताएको थियो ।

खोज पत्रकारिता केन्द्र (खोपके) ले गरेको यो परीक्षणबाट पनि हरि मल्लाह नाम गरेको व्यक्ति फर्जी प्रमाणित भएको छ । सूचनाको हकसम्बन्धी ऐन, ०६४ बमोजिम मागिएको सूचनाको जवाफमा निर्वाचन आयोगको कार्यालय बहादुर भवन, काठमाडौँले ५ फागुन ०७५ मा प्रमाणित गरेर दिएको रूपन्देहीको तत्कालीन असुरैना गाविस-३ निविहवा टोलको ०५६ को मतदाता नामावलीको सूचीमा हरि मल्लाहको नामै छैन ।

यो आधिकारिक लिखतबाट के पनि खुल्न आयो भने हरि मल्लाहका तर्फबाट अदालतमा पेस भएको मतदाता नामावली नै किर्ते गरिएको रहेछ । ०५२ र ०५६ को मतदाता नामावली भनेर अदालतमा पेस भएको एउटै ढाँचाको कागजमा क्रम संख्या १७५६२८१० मा रहेको रामदास केवट र १७५६२८११ मा रहेको प्रभावती केवटको नाम हटाएर कम्प्युटर डिजाइनबाट किर्ते गरी त्यहाँ क्रमशः हरि मल्लाह र कलावती मल्लाहको नाम थप गरेको खुल्न आएको छ ।

यसले के देखाउँछ भने दस्तावेज किर्ते गरेर सिर्जना गरिएको एउटा नाम थियो, हरि मल्लाह । हरि मल्लाह नाम गरेको व्यक्ति अन्यत्र कतै हुन सक्थ्यो तर अवधेशका परिवारभित्र त्यो नाम गरेको व्यक्ति थिएन । मल्लाहले जिल्लादेखि उच्च अदालत हुँदै सर्वोच्चसमेतलाई झुक्याइदिए ।

हरि मल्लाहको नाममा गाविसले जन्मदर्ता बनाइदियो । तर यस्तो प्रमाणपत्र बनाउन न सर्जमिन गरियो, न त गाउँठाउँमा कसैलाई बुझियो । आश्चर्यको कुरा, यो प्रमाणपत्रको कार्यालय प्रति अहिलेसम्म फेला परेको छैन । गाविस सचिवले बनाइदिएको भनिएको नाता प्रमाणपत्रमा हरि मल्लाह भनेर एक जना पाको उमेरका व्यक्तिको फोटो टाँसिएको छ, जसलाई परिवार र गाउँका कसैले पनि चिन्दैनन् । तर अदालतमा यी पहिचान नभएका व्यक्तिको तर्फबाट वर्षौंसम्म मुद्दा चलिरह्यो ।

हरि मल्लाह भन्ने व्यक्ति हुँदै नभएको भनेर अदालतमा साक्षी बकपत्र गरेका तत्कालीन असुरैना गाविस वडा-३ का वडाध्यक्ष सत्यनारायण केवट अहिले सम्मरीमाई गाउँपालिका- ६ का वडाध्यक्ष छन् । उनले हरि मल्लाह भन्ने व्यक्ति किर्ते हुन् भनेर गाउँपालिका र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत पत्र लेखे । तर अदालतले फैसला गरेपछि अस्तित्वमै नभएको व्यक्तिको अस्तित्व स्वीकार गर्न उनी पनि अरूजस्तै विवश छन् । अवधेशका छिमेकीसमेत रहेका वडाध्यक्ष केवट भन्छन्, "अदालतले हुँदै नभएको मान्छे जन्माइदियो । अब के भन्नु ?"

अवधेशसँग घर जोडिएका छिमेकी श्रीप्रसाद सिंह भन्छन्, "म ६५ वर्षको भएँ, यो गाउँमा हरि मल्लाह भन्ने मान्छे कहिल्यै देखिनँ । वरिपरि चार गाउँका मान्छे उभ्याएर सोधे हुन्छ, यो नामको मान्छे नै छैन ।"

निराश अवधेश मल्लाह अहिले गाउँपालिकाको शरणमा पुगेका छन् । तर हरि मल्लाहका नाममा जारी भएको नाता प्रमाणपत्रको कार्यालय प्रति वडा कार्यालयमा छैन । विद्युत् मिटर जडानको सिफारिस लिएको पत्र पनि अभिलेखबाट देखिँदैन । तर अदालती फैसलाका कारण आफूहरूले अवधेशलाई कुनै सहयोग गर्न नसक्ने गाउँपालिकाको भनाइ छ । अध्यक्ष जितेन्द्रनाथ शुक्ल भन्छन्, "अदालतले सत्य उल्टाइदिएपछि सच्याउने ठाउँ हुँदो रहेनछ । हुँदै नभएको व्यक्ति कसरी जन्मिएछ भनेर सिंगै गाउँ आश्चर्यमा छ ।"

जिल्ला न्यायाधीश शर्मा त्यसपछि उच्च अदालतको न्यायाधीश भएर २० पुस ०७५ मा उच्च अदालत, पोखराबाट सेवा निवृत्त भए । सेवा निवृत्त जीवन बिताइरहेका शर्मालाई हामीले तपाईंले जसलाई मुद्दा जिताउनुभयो, त्यो मानिस त यो दुनियाँमै रहेनछ, एउटा व्यक्तिले नक्कली कागजातका भरमा कसरी मुद्दा जित्यो होला भनेर सोध्यौँ । शर्माले भने, "न्यायाधीशले घरघरै गएर हेर्ने कुरो भएन । सबुत प्रमाणले जे पुष्टि गऱ्यो, त्यही फैसलामा लेखिएको हो ।"

(साथमा मर्चवारबाट जैस अहमद खान)
खोज पत्रकारिता केन्द्रको सहयोगमा ।)

मौन बहुमतको हस्तक्षेप

[विमर्श]

टीका ढकाल

बौद्धिक परम्परा केलाई मान्ने, कस्तो अवस्था समाजमा उपस्थित हुन थालेपछि त्यसलाई बौद्धिक 'जागरण' वा 'पुनर्जागरण' मान्ने भन्ने सम्बन्धमा अनेक विचार हुन सक्छन् । केही समययता नेपालमा जारी सामाजिक-राजनीतिक विमर्शमा उठ्ने गरेको प्रमुख चिन्ता के हो भने राजनीतिको सञ्चालनमा निरन्तर मूल्य-स्खलन भइरहेको छ । तसर्थ बृहत्तर बौद्धिक चेतनाले राजनीतिको विद्यमान भाष्यमाथि दह्रो हस्तक्षेप नगरेसम्म राजनीतिको सञ्चालन नागरिक हितमा केन्द्रित हुन सक्दैन । विश्वव्यापी रूपमा चाहिँ गलत समाचार (फेक न्युज) र सत्योपरान्त (पोस्ट ट्रुथ) को योगबाट जन्मिने प्रतिबौद्धिक (एन्टी-इन्टेलेक्चुअल) राजनीतिविरुद्ध पुनर्जागरणको खोजी भइरहेको छ । त्यसैले बौद्धिक जागरण अन्य कारणका अतिरिक्त राजनीतिमाथि त्यस्तो सामाजिक हस्तक्षेपका निम्ति खोजिएको मान्न सकिन्छ, जसको अभिप्राय राजनीतिलाई सच्चाइतर्फ फर्काउनु हो, नागरिकतर्फ फर्काउनु हो ।

नेपाली राजनीतिको आजको दशा र दिशा बुझ्न संघीय संसद्को भूमिकालाई एकैछिन नियाल्नुपर्छ । संसद्को उदाहरण यसकारण गुरुत्वपूर्ण हुन्छ कि संविधानअनुसार उसैले सरकार बनाउँछ र सरकारमाथि रचनात्मक नियन्त्रण कायम गर्छ । उसैले सरकारका संवैधानिक एवं कूटनीतिक नियुक्तिको सुनुवाइ गर्छ । उसैले कानुन निर्माण गर्छ । यसै पनि संसद् लोकतन्त्रको सबैभन्दा बलियो संस्था हो । जनताको हातमा सार्वभौमसत्ता छ/छैन भन्ने तथ्यलाई संसद्को भूमिकाको कसीमा जाँच्ने गरिन्छ । औसतभन्दा निम्न स्तरका 'कमनसेन्स' देखिने संसद्हरू नेपालको लोकतन्त्र कालमा निरन्तर निर्वाचित गरेर हामी आज यस्तो संसद् भोगिरहेका छौँ, जसको उपस्थिति एकदमै निम्छरो देखिन्छ । अनेकानेक विषयमा दमदार बहस हुनुपर्ने संसद्मा सुनिने अधिकांश प्रस्तुति बिनातयारी, कमजोर धरातलमा उभिएका देखिन्छन् । अवस्था कस्तो छ भने संघीय संसद्का ३ सय ४४ सदस्यले खेलेको भूमिकाको आधारमा नागरिकले सम्झिन सक्ने २० जना सांसदको सूची बन्न गाह्रो पर्छ ।

सांसद कमजोर भएपछि प्रभावकारी सरकार गठन गर्न स्वाभाविक रूपले प्रधानमन्त्रीसँग विकल्प कम हुन्छ । कानुन निर्माणमा सांसदको भूमिका नहुँदा केवल जनप्रतिनिधिले मात्र अभ्यास गर्नुपर्ने जनताको सार्वभौम अधिकारलाई कर्मचारीतन्त्रले प्रयोग गर्छ । यसले समग्र राजनीतिक प्रणालीलाई नकारात्मक रूपले प्रभावित गर्ने त छँदै छ, यस्तो अभ्यास हामीले मानिआएको लोकतान्त्रिक सिद्धान्त र हामीले नै गरेको संघर्षको बर्खिलाप हुन जान्छ । हाम्रो लोकतान्त्रिक इतिहासमा हामीले निर्वाचित गरेका धेरै सांसदको हकमा यो कुरा भन्न सकिन्छ । वर्तमान सांसदको हकमा झनै निश्चयपूर्वक भन्न सकिन्छ ।

यस्तो कमजोर राजनीति सानोतिनो नागरिक हस्तक्षेप हुँदैमा एकाएक बदल्न सकिन्छ भन्ने होइन । पाँच वर्षका लागि निर्वाचित संसद्ले उसको कार्यकाल पूरा गर्छ । यस बीचमा राजनीतिलाई जनउत्तरदायी बनाउन नागरिक तहबाट शक्तिशाली तथा रचनात्मक दबाब निरन्तर चाहिन्छ । उन्नत लोकतान्त्रिक व्यवस्थामा चुनावपछिको पाँच वर्ष पाइलैपिच्छे नागरिक निगरानी वा बलियो हस्तक्षेप जारी रहनुपर्छ । यस्तै सशक्त हस्तक्षेपको परिकल्पनालाई पछिल्ला नेपाली विमर्शमा राजनीतिको पुनर्जागरण भन्न खोजिएको छ । सामाजिक जीवनका अन्य क्षेत्रमा चाहिएको पुनर्जागरणलाई तत्तत् क्षेत्रको आवश्यकताअनुसार यसैगरी परिभाषित गर्न सकिएला ।

जागरण वा पुनर्जागरण शब्दसँग जोडिने आफ्नै ऐतिहासिकी छ । 'जागरण' ले वस्तुतः इतिहासको भारबाट आफूलाई मुक्त राख्दै वर्तमानलाई आफ्ना पदचापले सुसूचित गर्ने उद्देश्य राख्छ । 'पुनर्जागरण' शब्दले मूल रूपमा चौधौँ, पन्ध्रौँ र सोह्रौँ शताब्दीका तीन सय वर्षमा युरोपेली महादेशले मारेको सकारात्मक फड्कोलाई जनाउँछ । अन्धकारको युग भनिने युरोपेली इतिहासको करिब आठ सय वर्ष लामो मध्यकालले मानव ज्ञानको विकासमा योगदान गर्न सकेन । त्यो अप्रगतिलाई चिरेर प्राचीन ग्रीसले मार्गदर्शन गरेको वैभवयुक्त ज्ञान, विज्ञान, कला, साहित्य, राजनीति, गणितजस्ता क्षेत्रमा चौधौँ शताब्दीपछिको तीन सय वर्षले ल्याएको समग्र पुनरुत्थानलाई एकमुष्ट सम्बोधन गर्न पुनर्जागरण शब्दको प्रयोग गर्ने गरिन्छ । युरोपेली पुनर्जागरणको एउटा प्रमुख पक्ष त्यहाँको धार्मिक सत्ता अर्थात् चर्चबाट राज्यसत्तालाई पृथक गरेर हासिल भएको राजनीतिक शुद्धीकरण थियो, जसलाई अन्य क्षेत्रको उन्नतिले काँधमा काँध मिलाएर साथ दियो । त्यसबखतको युरोपेली राजनीतिले विश्वकै लोकतान्त्रिक आन्दोलनलाई हालसम्म मार्गनिर्देश गरिरहेको छ ।

युरोपको यस ऐतिहासिकीका आधारमा सम्भावित नेपाली पुनर्जागरणले मूलतः प्राचीन वैदिक सभ्यता, जनकपुर केन्द्र भएर फैलिएको मानिने राजर्षि जनककालीन मिथिला वा अझ नजिकको इतिहासमा वर्णित बुद्धकालीन वा लिच्छविकालीन सभ्यतालाई आजको युगसापेक्ष ज्ञानमा बदल्ने अभीष्ट राख्छ



हरेक समाजमा आरोह-अवरोहलाई अवलोकन गरिरहेको एउटा निर्णायक तर 'मौन बहुमत' समूह सधैँ उपस्थित हुन्छ । राजनीतिमाथि नागरिक तहबाट हस्तक्षेप गर्न विवेकी मानिस संगठित भएर त्यो मौनताको आवाज बन्न सक्नुपर्छ ।

भन्नुपर्ने हुन्छ। अब प्रश्न आउँछ- आजको राजनीतिमाथि 'पुनर्जागरण' भन्न सकिने स्तरमा नागरिक ज्ञानको हस्तक्षेप सम्भव छ ?

बेलायती दार्शनिक लेखक फ्रान्सिस बेकनले करिब साढे चार सय वर्षअघि घोषणा गरे- ज्ञान नै शक्ति हो । राजनीतिले पनि व्यक्तिलाई शक्ति अभ्यास गरिने केन्द्रभागमा लैजान्छ। त्यसकारण अर्को अर्थमा राजनीति पनि शक्ति हो भन्न सकिन्छ। आजको सन्दर्भमा राजनीति नै वास्तविक शक्ति हो भन्नुपर्ने हुन्छ । ज्ञान र राजनीतिबीचको अन्तरसम्बन्धलाई पश्चिमका प्लेटोकालीन ग्रीसेली विद्वान्देखि पूर्वका गौतम बुद्ध र कौटिल्यसम्मले 'दार्शनिक शासक' को व्याख्याबाट उहिल्यै स्थापित गरिदिएका छन्। त्यसको करिब तीन हजार वर्षपछि आजको युगमा लोकतान्त्रिक विधिबाट शासक चुनिएका सरकार र सांसदको विवेकमाथि ज्ञानको प्रखर हस्तक्षेप बढाउन नसक्नु पूर्व र पश्चिम दुवैतिरको साझा चुनौती हो ।

राजनीति र ज्ञानबीच साम्य खोज्दाखोज्दै अहिलेको राजनीति वेगसाथ प्रतिबौद्धिकीतर्फ हान्निएको छ। माथि प्रस्तुत हाम्रो संसद्को दुर्दशा सरकारका सदस्यसम्म विस्तारित हुन्छ, ठोस शैक्षिक योग्यता भएपछि मात्र प्रवेश पाइने निजामती प्रशासनमा व्याप्त भेटिन्छ । सबैभन्दा ठूलो लोकतन्त्र भनिएको छिमेकी भारतदेखि सबैभन्दा पुरानो लोकतन्त्र मानिएको अमेरिका भनौँ वा लोकतन्त्रको जननी मानिने बेलायत वा हिजो आधुनिक सभ्यता जन्माउने र पुनर्जागरणको हलचल ल्याउने युरोप, प्रतिबौद्धिकी हाम्रो समयको यस्तो 'सुरशाको मुख' बनेर उभिएको छ, जसले नागरिक आकांक्षा एकपछि अर्को गर्दै निल्न सक्छ। प्रतिबौद्धिकीले ज्ञानको तिरस्कार मात्र गर्दैन, स्थापित सत्यका विरुद्ध वैकल्पिक तर झूटको दुनियाँ निर्माण गर्ने प्रयास गर्छ। वर्तमान दुनियाँमा सत्योपरान्त, गलत समाचार, सामाजिक सन्जालमा भावुकतावश गरिने तर्क आदिले दिनहुँ प्रतिबौद्धिकीलाई बढावा दिइरहेका छन् । यसले राजनीतिमा ज्ञानको हस्तक्षेप झन् दुरुह बनाउँदै लगेको छ ।

प्रतिबौद्धिकीका खास लक्षण हाम्रोसामु छरिएका छन्। तथ्यबिनाको तर्क, प्रश्न गर्न पाउनुपर्ने नाममा इतिहासका प्रामाणिक प्रस्थापनालाई जानाजान बंग्याउने कार्य, संस्कृतिका आवरणमा लैंगिक वा जातीय विभेदलाई जारी राख्ने प्रयत्न, आजको एजेन्डालाई सहयोग वा तिरस्कार गर्न इतिहासका पात्रको मूल्यांकन र त्यस्तै आधारमा लिइन सक्ने सरकारी निर्णय केही दृष्टान्त मात्र हुन् ।

प्रतिबौद्धिक राजनीति सरकार वा सत्तापक्षीय मात्र हुन्छ भन्ने छैन। प्रतिपक्ष, अझ आफूलाई नागरिक समाज दाबी गर्ने संगठनहरू तथा कतिपय अवस्थामा निराश बौद्धिक जमातसमेत यसको छहारीमा ओत लाग्न पुग्छन्, जबकि संगठित बौद्धिक समुदायले आफैँ एक कदम अघि सरेर स्थापित ज्ञानकै सशक्त प्रयोगद्वारा सत्योपरान्तमाथि जाइलाग्नु पर्ने हो । त्यस्तो भइरहेको छैन । बेलायती लेखक जर्ज अरवेलले कुनै प्रसंगमा भनेका छन्- हामी यस्तो दलदलमा फसेका छौँ कि त्यसबाट निस्कन बुद्धिमान मानिस सत्यको पुनर्स्थापना गर्न लाग्नुपर्छ ।

पश्चिमी दुनियाँमा सन् १९६० को दशकदेखि नै सत्योपरान्तको राजनीतिसँग वास्तविक सत्यको लडाइँ चलिरहेको छ । अहिले त्यहाँ त्यसैको उत्कर्ष छ भन्न सकिन्छ। नेपालका सन्दर्भमा थाहा आन्दोलनका सर्जक रूपचन्द्र विष्टको 'थाहा' ज्ञानको पुनर्स्थापनामार्फत राजनीति सच्याउने एउटा प्रयास थियो भन्न सकिन्छ। 'थाहा' को अर्थ सूचना वा जानकारी त हुन्छ नै, त्यसभन्दा दुई कदम माथि उठेर ज्ञानको स्तरबाट राजनीतिमा हस्तक्षेप गर्ने साधनका रूपमा 'थाहा' को प्रयोग गर्न विष्टले एक्लै नागरिकलाई झक्झकाएका थिए। जनतामा विद्यमान अज्ञानताविरुद्ध जनताकै अदालतमा उजुरी गर्नु परेको उनको स्वीकारोक्ति यस्तो थियो-

'राजनीतिमा जीविका मात्र खोजिरहेका
मान्छेहरूको मनस्थितिमा एक विद्रोह गर्न,
तिमी त मान्छे पो हौ त- भनेर सम्झाउन,
उसको विरोधमा- उसैको हजुरमा
एक उजुर हो- थाहा ।'

एक्लै काम गर्न रुचाउने विष्टको आफ्नो सीमा थियो । ज्ञान यसै पनि गह्रौं हुन्छ । समाजले त्यसको भारवहन गर्न त्यसैअनुसारको क्षमता विकास गर्नुपर्छ। विवेकको तुलनामा उत्तेजना छिटो फैलिन्छ। ठूलो आवाज परसम्म सुनिन्छ, शान्त आवाज फैलिन समय लाग्छ । यससँगै अर्को सत्य के पनि हो भने हरेक समाजमा आरोह-अवरोहलाई अवलोकन गरिरहेको एउटा निर्णायक तर 'मौन बहुमत' समूह सधैँ उपस्थित हुन्छ। राजनीतिमाथि नागरिक तहबाट हस्तक्षेप गर्न विवेकी मानिस संगठित भएर त्यो मौनताको आवाज बन्न सक्नुपर्छ । राष्ट्रिय भाष्यको निर्माण गर्दै त्यसको विस्तारमा जुट्नुपर्छ। राष्ट्रिय पुनर्जागरणको एउटा सानो तर महत्त्वपूर्ण सुरुआत यसै बिन्दुबाट भइसक्छ। ने

ट्वीटर : @TikaDhakaal

१८ करोडको भ्रष्ट



श्री मान प्रमुख आयुक्त ज्यू
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल काठमाडौं

विषय: भ्रष्टाचारी विरुद्ध कारवाहीबारे

महोदय,
उपरोक्त सम्बन्धमा शसस्त्र प्रहरी बल [illegible] आ.व. ०६६।०६७ मा खरीद गरेको सामान ढुवानी [illegible] टेन्डर आव्हान गरी [illegible] सप्लायर्स संग सम्झौता गरेकोमा। सो सम्झौता बमोजिम ढुवानी नगरी अन्य [illegible] कंपनी को नाम खरीद बिल तयार गरी करीब १.३००००००।- एक करोड [illegible] लाख भुक्तानी समेत गरी सकेको छ। उक्त भुक्तानी गैर कानुनी हो भनी सो आ.व. मा महालेखापरीक्षकले सम्माननीय राष्ट्रपति ज्यू मा बुझाएको प्रतीवेदनमा समेत बेरुजु भनी उल्लेख छ। र साथै उक्त आ.व. मा सशस्त्र प्रहरी बलले समयमा सामान खरीद गर्न नसकेको र करीब २५ करोड भन्दा बढी रकम फ्रिज गरेको छ। यती ठूलो रकम फ्रिज भै सक्ने यही ढुवानीमा करीब २००००००।- दुई करोड ढुवानी बापत [illegible] आर्थिक नियमावली अनुसार टेन्डर गरी सम्झौता गरेको फर्मलाई ढुवानी नदिई अन्य फर्म को नाममा बिल काटी भुक्तानी दिनु नै गलत मनसाय हो। अतः [illegible] करीब १.५००००००।- एक करोड [illegible] भ्रष्टाचार गरेको छ र साथै उक्त आ.व. मा गाडीको लागी खरीद गरेको टायरको बील रकम ६८०००००।- [illegible] भुक्तान गरिएको छ। सो बिल समेत नक्कली हो। अतः श्री मान बाट सशस्त्र प्रहरी बलका लेखा शाखा [illegible] उक्त ढुवानी गर्ने फर्मको प्रतीनीधी लाई समेत बयान लीएमा सम्पूर्ण कुराको यथार्थ बाहिर आउने छ।

निवेदक
[illegible]

^ सशस्त्र प्रहरीमा भएको भ्रष्टाचारबारे अख्तियारमा परेको उजुरी। अदालतको मिसिलमा रहेको उजुरीमा दर्ता मिति १ फागुन ०७१ छ। तर अदालतले १७ फागुन मानेर फैसला गरेको छ।

कोषराज वन्त

तथ्य तोडमोडदेखि कमजोर आधारमा टेकेर सशस्त्र प्रहरीका चार पूर्वआईजीपीलाई अनियमिततामा विशेष अदालतद्वारा उन्मुक्ति

ाचारलाई वैधता

सनतकुमार बस्नेत

वासुदेव ओली

शैलेन्द्रकुमार श्रेष्ठ

मनबहादुर बस्नेत

स्वच्छता न्यायको अपरिहार्य तत्त्व हो, जसको अभावमा न्यायको परिकल्पना गर्न सकिन्न । सिद्धान्ततः न्याय गरेर मात्र हुँदैन, न्याय परेको पनि देखिनुपर्छ । यसका लागि अनुसन्धान, अभियोजन, अदालती कारबाहीको चरणसमेत स्वच्छ सुनुवाइका शुद्धता, स्वच्छता, स्वतन्त्रता, समानता, निष्पक्षता, कानुनको परिपालना, उचित प्रक्रिया, पारदर्शिता र जवाफदेहीजस्ता मान्यता अनिवार्य रूपमा अवलम्बन गर्नु आवश्यक पर्दछ । यी मान्यताको उल्लंघन गर्नु स्वेच्छाचारी हुनु हो ।

सशस्त्र प्रहरी बलका चार पूर्वमहानिरीक्षक (आईजीपी) विरुद्ध परेको भ्रष्टाचारको मुद्दामा विशेष अदालतले १६ असारमा गरेको फैसलाको ठहर खण्डमा उल्लिखित अंश हो, यो । सशस्त्रका पूर्वआईजीपीहरू कोषराज वन्त, सनतकुमार बस्नेत, शैलेन्द्रकुमार श्रेष्ठ, वासुदेव ओलीसहित १७ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले करिब १८ करोड रुपैयाँ बराबरको भ्रष्टाचार गरेको आरोप लगाएको थियो । फ्रि स्केल (सुरक्षा निकायका कर्मचारीले सरकारी सुविधाबापत पाउने पोसाक, बुटलगायतका सामान) र बन्दोबस्तीका सामान ढुवानीमा नक्कली बिल, भर्पाइ, भौचर खडा गरेर यी आईजीपीको पालामा ठूलो आर्थिक अपचलन भएको अभियोग थियो । ०७२ मा दायर मुद्दाको अनुसन्धान स्वच्छ सुनुवाइसम्बन्धी सिद्धान्तअनुरूप भए/नभएको निर्क्योल गर्ने क्रममा विशेष अदालतले माथिको न्यायिक मान्यता प्रस्तुत गरेको हो ।

तथ्य तोडमोड, क्षेत्राधिकार मिचमाच

विडम्बना, न्यायिक स्वच्छताका मान्यताबारे लामो व्याख्या गरेको विशेष अदालत स्वयंले भने न्याय सम्पादनका क्रममा ती मान्यता लत्याएर फैसला गरेको छ । विशेष अदालतले तथ्यमै तल-माथि पारेर आरोपितलाई सफाइ दिएको देखिन्छ । वन्तलाई सफाइ दिने आधार प्रस्तुत

गर्ने क्रममा विशेष अदालतले तथ्य तोडमोड गरेको फेला परेको हो । अख्तियारमा उजुरी परेको मितिलाई विशेष अदालतले फेरबदल गरेर अभियोगीलाई निर्दोष प्रमाणित गरेको छ ।

विशेष अदालतको फैसलामा वन्तबारे उजुरी पर्नुअघि नै आयोगले छानबिनको निर्णय गरेको लेखेको छ । विशेष अदालतका अनुसार विधिवत रूपमा १७ फागुन ०७१ मा वन्तबारे उजुरी परेको हो । उजुरी पर्नुअगावै १० फागुन ०७१ मा अख्तियारले छानबिन गरी राय पठाउन सशस्त्रलाई २७ फागुन ०७१ मा पत्र पठाएको फैसलाको ठहर खण्डमा उल्लेख छ ।

यहीँनेर अदालतले तथ्यलाई बंग्याएको प्रस्ट देखिन्छ । मिसिलमा सामेल उजुरीमा काठमाडौं चावहिलका केदार चौलागाईंले १७ फागुनमा नभई १ फागुनमा दर्ता भएको देखिन्छ । तर अदालतले दर्ता मिति नै १६ दिन पछि सारिदियो । यसले न्याय सम्पादनमै ठूलो असर पारेको छ । यही परिवर्तित मितिका आधारमा उजुरी पर्नुअघि नै छानबिनको राय मागेर अख्तियारले स्वच्छ सुनुवाइ नगरेको भनेर न्यायालयले प्रश्न गरिदिएको छ । फैसलामा भनिएको छ, 'उक्त निर्णय एवं प्रक्रिया स्वाभाविक र चरणबद्ध प्रक्रियासम्मत रहेको मान्न मिलेन । स्वच्छ सुनुवाइको सिद्धान्तप्रतिकूल आयोगबाट निज प्रतिवादीउपर व्यवहार गरेको देखियो ।'

अनुसन्धानकारी निकायको बदनियतपूर्ण व्यवहारबारे प्रश्न उठाएको विशेष अदालतको फैसला स्वयंमा बदनियत देखिने व्याख्या थुप्रै छन् । जस्तो, अख्तियारले मागेको धरौटी । अख्तियारले सुरुमै तीन महिनाका लागि वन्तसँग १० करोड, बस्नेतसँग आठ करोड, श्रेष्ठसँग एक करोड र वलीसँग ७० लाख रुपैयाँ धरौटी मागेको थियो । अभियुक्त कानुनी प्रक्रिया छाडेर नभागोस् भनेर धरौटी लिने गरिन्छ ।


- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले आयोगमा परेको उजुरीका सम्बन्धमा कुनै अभियुक्त वा निजको तर्फबाट धरौट वा बैंक ग्यारेण्टी वा जेथा जमानत लिइएकोमा सो उजुरी तामेलीमा राख्ने निर्णय भएपछि र मुद्दा दायर गरिएकोमा त्यस्तो मुद्दामा प्रतिवादीले सफाइ पाउने ठहर भएकोमा सो उपर पुनरावेदन नगर्ने वा पुनरावलोकनका लागि निवेदन नदिने गरी आयोगबाट निर्णय भएपछि त्यस्तो धरौट वा बैंक ग्यारेण्टी वा जेथा जमानत फुकुवा वा फिर्ता गरिने कानूनी व्यवस्था गरेको पाइन्छ ।[18] प्रस्तुत मुद्दामा आयोगबाट प्रतिवादी कोषराज वन्तसँग मिति २०७२।०९।०६ मा रु.१०,००,००,०००।– (दशकरोड रुपैयाँ) धरौटी लिएको र यस अदालतमा मिति २०७२।१०।१८ मा मुद्दा दायर गरेको देखिन्छ । तर आयोगबाट प्रस्तुत मुद्दामा फैसला हुनुपूर्व नै अर्थात् मिति २०७३।०२।२८ मा उक्त धरौटी अर्थात् बैंक ग्यारेण्टी फुकुवा गरिसकेको तथ्य सिटिजन्स बैंकको मिति २०७३।०२।३१ को पत्रबाट पुष्टि भएको देखिन्छ। यसरी आयोग स्वयंले कानूनविपरीत धरौटी फुकुवा गर्ने कार्य गरी उक्त धरौटीको औचित्य नभएको कुरा उजागर गरेको छ । जुन कार्य कानूनअनुकूल नभई प्रतिकूल भएकोमा विवाद देखिँदैन ।

- सर्वप्र... मुद्दा... दर्ता... यसैसाथ संलग्न छ । बेहोरा साँहो उजुरी... रायसहितको प्रतिक्रिया आयोगको महाशाखा नं. १ मा पठाउनु हुन मिति ... निर्णयानुसार अनुरोध छ भनी सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको नाममा पत्र जारी भएको देखियो । वस्तुतः विधिवत् रुपमा उजुरी दर्ता भएको मिति २०७१।११।१७ भन्दाअघि नै राय प्रतिक्रिया मगाउने निर्णय मिति २०७१।११।१० मा भएको देखिएबाट उक्त निर्णय एवम् प्रक्रिया स्वाभाविक र चरणबद्ध प्रक्रियासम्मत रहेको मान्न मिलेन ।
- आयोगबाट सक्कल कागजात उपलब्ध गराइदिनु भनी सशस्त्र प्रहरी बल, प्रधान कार्यालयका नाममा पटक–पटक पत्र पठाई केही समयावधिपश्चात् फिर्ता पठाउने गरेको देखियो । आयोगबाट मिति २०७१।१२।२७, मिति २०७२।०१।०६, मिति २०७२।०३।१४, मिति २०७२।०३।१५ , मिति २०७२।०८।२७ मा र पुनः मिति २०७२।०९।०३ मा समेत कागजात पठाई दिनु हुन भनी पत्र पठाई कागजात मगाएको देखियो । आयोगबाट एउटै संस्थाको उही विषयको उही कागजात पटक–पटक माग गरी केही समयपछि फर्काउने कार्यको पनि औचित्य देखिएन । आयोगबाट त्यसरी पटक–पटक कागजात माग गरी पटक–पटक फिर्ता पठाउनुको मनासिब आधार र कारण दिन सकेको पनि देखिँदैन ।

गोलमाल भो : तथ्य बंग्याएर विशेष अदालतले गरेको फैसला अंश

धरौटी लिएको दुई महिनाभित्रै अख्तियारले मुद्दा अदालतमा दायर गरेको देखिन्छ । वन्तलाई ६ पुस ०७२ मा धरौटी मागेर १८ माघमा, बस्नेतलाई १२ पुस ०७२ मा धरौटी लिएर १७ फागुनमा, श्रेष्ठलाई १२ पुस ०७२ मा धरौटी लिएर २४ माघमा र वलीलाई १२ पुस ०७२ मा धरौटी लिएर २९ माघमा मुद्दा अदालतमा दायर गर्‍यो । अर्थात्, म्यादभित्रै अख्तियारले मुद्दा विशेष अदालतमा पुर्‍यायो ।

मुद्दा अदालतमा पुगेपछि धरौटी कायम राख्ने, थपघट, फुकुवा गर्ने, थुनामा पठाउने, थुनामुक्त गर्नेलगायतका विषय अदालतकै क्षेत्राधिकारमा पर्छन् । विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्की मुद्दा अदालतमा पेस भएपछि अख्तियारले मागेको धरौटी फुकुवा भए/नभएको अर्थ नहुने बताउँछन् । अनौठो त के भने विशेष अदालत स्वयंले चारै जनासँग धरौटी माग्यो । पुस ०७३ मा वन्तलाई ९० लाख, बस्नेतलाई १ करोड २५ लाख, श्रेष्ठलाई १२ लाख र वलीलाई ३० लाख रुपैयाँ धरौटी मागेको थियो । अदालतले नयाँ धरौटी मागेपछि अख्तियारको धरौटी स्वतः निष्क्रिय हुन्छ । "अख्तियारले मागेको धरौटी नै कायम गरिदिएको अवस्थामा त्यसलाई फुकुवा गरेको भएबाहेक अन्यथा यो दायित्व अदालतको हुन्छ । यो अदालतको सरासर गल्ती हो," कार्की भन्छन् ।

विशेष अदालतले आफ्नो क्षेत्राधिकारबाट च्यूत भएर फैसला गरेको छ । चारै जना पूर्वआईजीपीले आयोगले मुद्दा किनारा नलाग्दै धरौटी फुकुवा गरेको जिकिरका भरमा अदालतले मुद्दा छिनेको छ । वन्तले चाहिँ धरौटी फुकुवा गरेको सिटिजन्स बैंकको पत्र मिसिलमा पेस गरेका छन् । यो पत्र नै मुद्दा चलखेलका लागि तयार पारिएको आशंका गर्ने आधार छन् । सिटिजन्सको पत्रानुसार धरौटीको म्याद सकिएपछि बैंकले २६ जेठ ०७३ मा वन्तको जमानत फुकुवा गरिदिन अख्तियारलाई चिट्ठी पठायो । दुई दिनपछि अख्तियारले नियमानुसार गर्नू भनेर जवाफ फर्काएको बैंकको पत्रमा उल्लेख छ ।

अख्तियारले फुकुवाको पत्र पठाए-नपठाएकोबारे प्रवक्ता प्रदीप कोइरालाले केही बताउन चाहेनन् । आधिकारिक रूपमा फैसलाको पूर्ण पाठ आएपछि मात्रै यस विषयमा अख्तियारले आधिकारिक धारणा सार्वजनिक गर्ने उनले जनाए । भन्छन्, "हामीले मुद्दा बुझाइसकेपछि त्यो अदालतको विषय हो । यसबारे टिप्पणी गर्न मिल्दैन ।" सिटिजन्स बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सुमितबाबु खत्रीले अख्तियारले वन्तको धरौटी फुकुवाका लागि पठाएको पत्र दिन नमिल्ने बताए । "बैंकका प्राविधिक कागजात देखाउन र दिन मिल्दैन," उनले भने, "धरौटीको अवधि सकिएपछि बैंकको दायित्व पनि सकियो । त्यो स्वतः फुकुवा हुन्छ ।"

अन्य तीन पूर्वआईजीपीले त यस्तो पत्रसमेत अदालतमा बुझाएका छैनन्, आफ्नो धरौटी फुकुवा भएको बयानमा मात्रै बताएका छन् । वन्तबाहेक अन्य तीन जनाको फैसलामा पनि 'बैंक ग्यारेन्टी फुकुवा गरिसकिएको तथ्य निज प्रतिवादीले यस अदालतसमक्ष गरेको बयानको बेहोराबाट पुष्टि हुन्छ' लेखिएको छ । बैंकको एउटा चिट्ठी र अभियुक्तको बयानलाई आधार मानेर विशेष अदालत अख्तियारले कानुनविपरीत धरौटी फुकुवा गरेको निष्कर्षमा पुगेको हो । 'आयोग स्वयंले कानुनविपरीत धरौटी फुकुवा गर्ने कार्य गरी उक्त धरौटीको औचित्य नभएको कुरा उजागर गरेको छ, जुन कार्य कानुनअनुकूल नभई प्रतिकूल भएकामा विवाद देखिँदैन,' चारै जनाको फैसलामा लेखिएको छ ।

खै त श्रीमान् गम्भीर ? विवादास्पद फैसलाकर्ता न्यायाधीशत्रय बाबुराम रेग्मी, द्वारिकामान जोशी र प्रमोद श्रेष्ठ वैद्य

यसरी अनियमितता

चैत ०६८ मा वन्त आईजीपी बनेपछि फ्रि-स्केल र बन्दोबस्तीका सामान मातहतका इकाइमा

अख्तियारदेखि अदालतसम्म

वासुदेव ओली

नेतृत्व अवधि : १ वर्ष ११ महिना
(वैशाख ०६३ देखि चैत ०६५)
मुद्दा दर्ता : २९ पुस ०७२
बिगो : १.१५ करोड रूपैयाँ
अवस्था : सफाइ

सनतकुमार बस्नेत

नेतृत्व अवधि : २ वर्ष ३ महिना
(वैशाख ०६६ देखि साउन ०६८)
मुद्दा दर्ता : १७ फागुन ०७२
बिगो : ९.१६ करोड रूपैयाँ
अवस्था : सफाइ

शैलेन्द्रकुमार श्रेष्ठ

नेतृत्व अवधि : ९ महिना
(साउन ०६८ देखि चैत ०६८)
मुद्दा दर्ता : २४ पुस ०७२
बिगो : ८०.९४ लाख रूपैयाँ
अवस्था : सफाइ

कोषराज वन्त

नेतृत्व अवधि : ३ वर्ष ९ महिना
(चैत ०६८ देखि पुस ०७२)
मुद्दा दर्ता : १८ माघ ०७२
बिगो : ६.७९ करोड रूपैयाँ
अवस्था : सफाइ

बहसकर्ता कानुन व्यवसायी

वासुदेव ओली : हरिहर दाहाल, सतिशकृष्ण खरेल, कृष्णप्रसाद सापकोटा, नरेन्द्रप्रसाद पाठक, दिनेशकुमार कार्की डिल्लीरमण आचार्य

सनतकुमार बस्नेत : हरिहर दाहाल, सतिशकृष्ण खरेल कृष्णप्रसाद सापकोटा, दिनेशकुमार कार्की, डिल्लीरमण आचार्य ज्योति बानियाँ, माधवकुमार बस्नेत, ललितबहादुर बस्नेत

शैलेन्द्रकुमार श्रेष्ठ : सतिशकृष्ण खरेल कृष्णप्रसाद सापकोटा राममाया लामिछाने अपूर्व खतिवडा

कोषराज वन्त : सुशीलकुमार पन्त रजितभक्त प्रधानांग कृष्णप्रसाद सापकोटा रमणकुमार श्रेष्ठ

पुऱ्याउने जिम्मा आर्थिक वर्ष ०६९/०७० र ०७०/७१ का लागि सार्वजनिक बोलपत्रमार्फत सदाज्योति ट्रान्सपोर्टले पायो । दुई वर्षमा सदाज्योतिले ४७ खेप मात्र वास्तविक ढुवानी गरेको अख्तियारको अभियोजनमा उल्लेख छ । उसले बाँकी रकम भने सामान ढुवानी नै नगरी नक्कली बिल बनाएर लिएको अभियोगमा उल्लेख छ ।

दुवै आर्थिक वर्षमा सदाज्योतिले मात्रै यी सामान ढुवानी गरेन । प्रतिस्पर्धामा नछानिएको अदीति ट्रान्सपोर्ट पनि ढुवानीमा जोडियो तर अनधिकृत रूपमा । टेन्डरबिनै अदीति भित्रिएको हो । अख्तियारको अभियोगअनुसार अदीतिले दुई आर्थिक वर्षमा २१ खेप वास्तविक सामान ओसारेको छ । टेन्डरबिनै जिम्मेवारी पाएको यो कम्पनीले सामान ढुवानी नगरी नक्कली बिल बनाएर रकम लिएको अभियोग छ ।

यी दुवै ढुवानी कम्पनीले दुई आर्थिक वर्षमा १ सय २३ ट्रिप वास्तविक सामान ढुवानी गरेको अख्तियारको अनुसन्धानले खुलाएको थियो । अख्तियारले सशस्त्रका वाहिनी कार्यालयसँग सामानको विवरण मागेको थियो । विवरणअनुसार ५३ लाख १३ हजार ९ सय ९० रुपैयाँ बराबरको सामान १ सय २३ पटक ढुवानी गरेको पत्र अख्तियारले पाएको थियो । अख्तियारको अनुसन्धानले भने १ हजार ९ सय २३ ट्रिप सामान ढुवानी गरेको देखाएर रकम अपचलन गरेको खुल्यो ।

०६६ देखि ०६८ सम्म सशस्त्रको कमान्ड सम्हालेका बस्नेतले त सार्वजनिक खरिद ऐनको प्रावधानविपरीत प्रतिस्पर्धाबिनै ढुवानी गराएका थिए । सशस्त्र प्रहरीका १३ कर्मचारीका नाममा पेस्की दिएर ढुवानी कम्पनीमार्फत सामान आपूर्ति गरिएको थियो । यसरी ढुवानी गर्ने कम्पनीसमेत फर्जी थिए ।

०६३ देखि ०६५ सम्म सशस्त्र प्रमुख बनेका ओलीको कार्यशैली पनि उही थियो । ओलीको पालामा पनि १० जना प्रहरी कर्मचारीका नाममा पेस्की निकालेर ढुवानी कारोबार गरेको बिल तयार गरिएको थियो । बस्नेत र ओली दुवैको पालामा भैरव, पदम, महाकाली, मुना र प्रकाशदीप क्यारियर नामक ट्रान्सपोर्ट कम्पनीमार्फत कारोबार भएको थियो । यी कम्पनीको कानुनी अस्तित्व नै थिएन । यी कम्पनीमार्फत सशस्त्रले ०६६ देखि ०६८ सम्म ढुवानी गरेको बिल, भर्पाइ तयार गरेको थियो ।

०६८ मा आईजीपी बनेका श्रेष्ठको प्रवृत्ति पनि उही देखियो । सत्यदीप ट्रान्सपोर्ट नामक नक्कली कम्पनीको नाममा सामान ढुवानी गरेको बिल, भर्पाइ तयार गरेर रकम अपचलन गरिएको अख्तियारको अभियोग थियो । काठमाडौं, धापासीमा कार्यालय रहेको भनिएको उक्त कम्पनी कहीँ दर्ता छैन । उसले करिब २४ लाख रुपैयाँ बराबरको सामान ढुवानी गरेको बिल भेटिएको थियो । अदीति ट्रान्सपोर्टले ढुवानी गरेका सामानको त बिल, चलानी नम्बर नै मिलेको थिएन ।



कोषराज वन्तको धरौटी फुकुवाबारे सिटिजन्स बैंकको पत्र

मूल मुद्दामा अनदेखा

चारै पूर्वआईजीपीको पालामा सामान ढुवानी गर्दा खर्च र आम्दानी बाँधिएका कागजात दुरुस्त थिएनन् । चलानी नम्बर मिलेको थिएन । अर्थात्, लेखा प्रणाली मनलाग्दी राखिएको थियो । सशस्त्रको लेखा प्रणालीको त्रुटिबारे महालेखा परीक्षकको कार्यालयले समेत बारम्बार सचेत गराएको थियो । ढुवानी गर्दा चलानीसाथ सामान नबुझाएको, सामान बुझाएको भर्पाइसाथ स्रेस्ता राख्ने नगरेको महालेखाको ०६७/६८ को प्रतिवेदनमा छ । यसका साथै सार्वजनिक खरिद ऐनअनुसार ढुवानी कार्य नगरेको समेत उल्लेख छ ।

विशेष अदालतले भने सशस्त्र प्रहरी अर्धसैनिक प्रकृतिको संवेदनशील निकाय भएकाले लेखा प्रणालीमा भएका त्रुटिलाई सामान्य मानेको छ । साथै, विशिष्ट र प्राविधिक प्रकृतिको काम गर्नुपर्ने भएकाले सशस्त्र प्रहरीका बन्दोबस्तीका सामान ढुवानीलाई अन्य सामान्य कार्यालयमा हुने ढुवानीसँग तुलना गरेर हेर्न नमिल्ने विशेष अदालतको फैसलामा उल्लेख छ । सुरक्षा संवेदनशीलता, गोप्यतालाई दृष्टिगत गर्दा अनियमितता भएको भन्नु न्यायोचित नहुने विशेषको ठहर छ ।

सामान्य सिद्धान्त के हो भने सामान ओसारपसार गर्दा ढुवानी गरिने कार्यालयमा आम्दानी देखिनुपर्छ भने गरिएको कार्यालयबाट घट्नुपर्छ । सशस्त्र प्रहरीको

यो हिसाब नै गोलमाल भेटिएको थियो । अदालत यो तथ्यप्रति मौन छ। बरु उसले लेखा प्रणाली दुरुस्त नहुनुलाई 'सानातिना गल्ती' को संज्ञा दिएको छ। छोटो इतिहास भएको फौजी प्रकृतिको संगठनमा लेखाविज्ञ नहुने भएकाले यसलाई अस्वाभाविक मान्न नहुने विशेषको ठहर छ। फैसलामा भनिएको छ, 'लेखासम्बन्धी विषयको अध्ययन र तालिमको पर्याप्त अवसरसम्म नपाएका व्यक्तिबाट राखिएको लेखासम्बन्धी विवरण, पत्रका चलानी नम्बरलगायतका सानातिना गल्ती हुनुलाई अस्वाभाविक मान्न सकिँदैन ।'

तथ्यलाई अदालतले कसरी अनदेखा गरेको छ भन्ने उदाहरण हो, अदीति ट्रान्स्पोर्टका सञ्चालक भरतकुमार थापाको बयान । उनले आफूले प्रतिस्पर्धाबिनै काम पाएको अनुसन्धानकारीदेखि न्यायिक निकायसम्म निर्धक्क बताएका छन्। तर टेन्डरबिनै अदीतिले सामान ढुवानी गरेको विषयलाई भने अदालतले नजरअन्दाज गरेर मुद्दा छिनेको छ। सञ्चालक थापाले अदालतसामु नै आफूले ०६९/७० र ०७०/७१ को ढुवानीका लागि टेन्डर नपारेको स्वीकारेका छन्। उनले भनेका छन्, 'ढुवानीका लागि आह्वान गरिएको बोलपत्रअनुसार ठेक्का पाएको होइन ।'

अदीतिले ०६८/६९ मा ६ करोड ७ लाख ३७ हजार ९ सय २७ रुपैयाँ बराबरको सामान ढुवानी गरेको थियो । यही पुरानो सम्झौता-दरअनुसार ढुवानी गर्ने सर्तमा सशस्त्र मुख्यालयले अदीतिलाई नयाँ जिम्मेवारी दिएको उनले अदालतमै भनेका छन् । यस हिसाबले अदीतिले ५ करोड २३ लाख ४१ हजार ९ सय ३२ रुपैयाँ बराबरको ढुवानी बिनाटेन्डर आफूले गरेको अदालतमा प्रस्ट बयान दिएका छन्। अभियोगीले स्वीकारेको विषयमा अदालत प्रवेश नै गरेको छैन। बरु झूटा बिल बनाएको आरोपमा इन्कारी बयान दिएको विषयलाई आधार मानेर थापालाई सफाइ दिएको छ।

बस्नेतको पालामा हवाइ कार्गोमार्फत २ सय १४ पटक सञ्चार उपकरण पठाएको नाममा २ करोड १९ लाख ५० हजार ५ सय ९० रुपैयाँको बिल तयार भएको देखिन्छ । यती र बुद्ध एयरले अख्तियारलाई पठाएको पत्रमा सशस्त्रले १ सय रुपैयाँ दस्तुरमा २ देखि ३ किलोग्राम मात्र सामान पठाएको उल्लेख छ। भुक्तानीका लागि सशस्त्र प्रहरीमा पेस गरिएका बिल र एयरलाइन्सको विवरणमा आकाश-जमिनको फरक परेको थियो। यस्तो स्वतन्त्र प्रमाणबारे समेत विशेष अदालत मौन छ।

संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा खटिएका कर्मचारीको दस्तखतमा समेत नक्कली बिल जारी भएको थियो। पूर्वी टिमोरमा रहेका सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) विश्वकुमार भट्टराईको नक्कली हस्ताक्षर गरेर बिल भुक्तानी पत्र बनाइएको थियो । पत्रमा भट्टराईको भनिएको हस्ताक्षर र आयोगसमक्ष उनले गरेको हस्ताक्षर राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा परीक्षण गर्दा फरक-फरक व्यक्तिको भएको देखिएको थियो।

विशेष अदालत अनियमितताको मूल विषयमा प्रवेश नै गरेको छैन । सशस्त्रका कुनै पनि कार्यालयले सामान नपाएको गुनासो नगरेका र सामान गोदाममा नभेटिएकोलाई समेत अदालतले सफाइको आधार मानेको छ। बुझ्नुपर्ने कुरा के छ भने अनियमितताको विषय सामान किनेर आवश्यक ठाउँमा नपुऱ्याएको भन्ने होइन । फौजलाई आवश्यक सामान वास्तविक ढुवानीमार्फत पुऱ्याएको र त्यसमा ढुवानीको नक्कली बिलसमेत अचाक्ली थपेको भन्ने मुद्दाको चुरो हो । यो तथ्यबाट समेत विशेष अदालत बतासिएको छ।

जबकि मूल विवादको पक्ष यही थियो । यसले विशेष अदालत मूल तथ्यमा प्रवेश गर्न अनिच्छुक देखिन्छ। बरु भावनामा बगेर निचोडमा पुगेको *नेपाल*लाई प्राप्त दस्तावेजले बताउँछ।

किन यस्तो फैसला

अख्तियारका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीले नियोजित रूपमा सशस्त्र प्रहरीलाई कमजोर बनाउन निशाना साँधेको समेत फैसलामा छ। तर भ्रष्टाचारको मुद्दा परेपछि कसरी यो संगठन कमजोर हुन्छ, भयो भन्ने आधार अदालतले दिएको छैन । लोकमानलाई महाअभियोग लगाउने विषयमा ०७३ को संसदीय समितिको प्रतिवेदनलाई उद्धृत गरेर जबर्जस्त यसलाई प्रमाणित गर्न नखोजिएको भने होइन । लोकमानको कदमलाई अनुचित ठहऱ्याउन सके आफूप्रति आस्था बढ्ने भावनाबाट अदालत प्रेरित भएको हो ?

आशंकाको अर्को आधार पनि छ। यो फैसला यस्तो समयमा आएको छ, जतिबेला विशेष अदालतका अध्यक्षसहित तीनै जना न्यायाधीश सरुवाको सम्मुख थिए । यो मुद्दा छिन्ने न्यायाधीशत्रय बाबुराम रेग्मी, द्वारिकामान जोशी र प्रमोद श्रेष्ठ वैद्यको फैसलाको १८ दिनपछि नै सरुवा भयो। चार वर्षदेखि अड्किएको मुद्दा सरुवा हुने छेको पारेर छिन्न हतारिनु र फैसलामा तथ्यगत त्रुटि देखिनु संयोग मात्रै मान्न सकिँदैन। उसै पनि पछिल्ला दिन न्यायालयप्रति आस्था घट्दो क्रममा छ। यस्तो बेला मुद्दाको एक पक्षलाई प्रत्यक्ष फाइदा पुग्ने गरी तथ्य बंग्याएर भएको फैसला स्वयं स्वेच्छाचारी देखिन्छ। ■

कमजोर जगमा फैसला

सुरक्षा संवेदनशीलता र गोप्यता : तर जस्तोसुकै सुरक्षा संवेदनशीलता भए पनि खर्च र आम्दानी बाँधिएको हुनुपर्छ ।

स्वच्छ सुनुवाइको अभाव : न्यायालय स्वयंले तथ्य तोडमोड गरेको । १ फागुन ०७१ मा परेको उजुरीलाई १७ गते मानेर व्याख्या गर्दा उल्टो अर्थ लागेको ।

उही कागजात पटक-पटक माग्ने र फिर्ता गर्नुको मनासिव आधार नदेखिएको : उजुरी पर्नासाथै अख्तियारले आन्तरिक छानबिन गर्न फाइलसहित पठाएको । चित्तबुझ्दो छानबिन नभएपछि पुनः कागजात मागेर अनुसन्धान गरेको ।

अख्तियारले कानुनप्रतिकूल धरौटी फुकुवा गरेको : धरौटीको म्यादभित्रै मुद्दा दायर । त्यसपछि त्यो क्षेत्राधिकार मुद्दा छिन्ने निकायको हुने । तर अदालतले उल्टो व्याख्या गरेको ।

अदालती मौनता

राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका प्रमाणबारे

हवाइ कार्गो गरेका वस्तुका विवरणबारे एयरलाइन्सले पठाएका कागजातबारे

भुक्तानी चेकका पछाडि लेखिएका विवरणबारे

हामी देख्छौं
अपार संभावना
कमाएको खर्च गर्ने मात्र होइन
थोपा थोपा बचतबाटै
आफ्नो र देशको उन्नति
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

अन्ततः ओलीकै हात

पार्टीभित्रको कचिंगल अन्त्य गर्ने ओलीको रणनीतिक चातुर्य

जनक नेपाल

सत्ता र पार्टीभित्र असीमित शक्ति अभ्यास गर्न पाएर पनि पछिल्ला दिनमा एक्लिँदै गएका प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी ओलीले चलाएको निर्णायक अस्त्र नै उनको रक्षाकवच बन्न पुगेको छ। विपक्षी खेमा त के, उनकै वरिपरिकाहरूले समेत नचिताएको त्यो अस्त्र थियो, नेकपा उपाध्यक्षमा वामदेव गौतमको नाम प्रस्ताव।

सम्भवतः पाठकको हातमा *नेपाल* पुग्ने बेलासम्म योसहित अन्य केही निर्णय सार्वजनिक हुन सक्नेछन्, जसले ओलीको हात माथि रहेको देखाउँछ। त्यसो त यी निर्णय ओलीले स्वेच्छाले गरेका भने होइनन्, पार्टीभित्रको निरन्तरको किचलो अन्त्य गर्ने विकल्पका रूपमा सारेका रणनीतिक प्रस्तावले ओलीको चातुर्य पुष्टि गर्छन्। ३१ साउनको नेकपा सचिवालय बैठकमा पार्टी विधानमै नभएको उपाध्यक्ष पदमा गौतमलाई सिफारिस गरिनु उनको 'यु टर्न' मानिएको छ।

९ दिने सिंगापुर उपचार भ्रमणबाट फर्किंदा ओलीलाई स्वागत गर्न विमानस्थलसम्मै पुगेका थिए, गौतम। नेकपामा पछिल्ला दिनमा देखा परेका वैचारिक मतभेदमा आफूलाई ओलीको लाइनतिर देखाउने गरी लेखिएका उनका दुई लेख पनि साउन दोस्रो साता प्रकाशित भए। ईश्वर पोखरेल र रामबहादुर थापा 'बादल' मात्र साथमा हुँदा ओली सचिवालयमा कमजोर बनिसकेका थिए। तर पछिल्लो रणनीतिक कदमसँगै विभाग गठनसम्म आइपुग्दा ओलीकै हात माथि परेको छ।

डेढ वर्षअघि संसदीय चुनावमा पराजयसँगै क्रमशः किनारीकृत गौतम अध्यक्ष ओलीसँग निरन्तर असन्तुष्ट थिए। अघिल्लो हिउँदमा ओली युरोप भ्रमणमा छँदा झम्सिखेलमा शीर्षस्थ नेताहरू जुटाएर चरम आक्रोशसमेत पोख्न भ्याएका थिए, उनले। पार्टी संगठन विभाग प्रमुख बनाउन ओली सकारात्मक भएदेखि नै ओली-गौतम नजिकिएका थिए। एकीकृत पार्टीभित्र आफूलाई जिम्मेवारीविहीन राखिएको भन्दै गुनासो गर्दै आएका गौतमले अकस्मात दुई पद एकैसाथ हात पारेपछि ओलीप्रति नरम नीति लिएका छन्।

गौतमलाई महत्त्वपूर्ण जिम्मेवारी सुम्पिएर ओलीले आफूविरुद्ध भइरहेका अन्तरपार्टी घेराबन्दी तोडेका छन्। आफ्नो उत्तराधिकारीकै तहमा गौतमलाई स्थापित गराएर उनले नेपाल र प्रचण्ड समूहको हतियार उनीहरूविरुद्ध नै चलाउने रणनीति लिएको पनि देखिँदै छ। "ओली पार्टी सचिवालय, स्थायी र केन्द्रीय कमिटीमा अल्पमतमा परिसकेका थिए तर पछिल्लो निर्णयले बलियो भएका छन्," विश्लेषक श्याम श्रेष्ठ भन्छन्, "भागबन्डाको राजनीतिले संकट टार्ने हैन, सार्ने हो। अहिलेलाई ओलीको संकट टरेको देखिन्छ।"

स्थायी कमिटी बैठक (२९ मंसिर-१४ पुस ०७५) मा गौतमले अध्यक्षद्वयको प्रतिवेदनमाथि पूरक प्रस्ताव अघि सारेर पार्टी र सरकारविरुद्ध व्यापक असन्तुष्टि पोखेका थिए। दुई अध्यक्षमध्ये एकले सरकार र अर्कोले पार्टी हेरे प्रभावकारी हुने उनको प्रस्तावमा त्यतिबेला प्रचण्ड र नेपाल समूह मौनजस्तै देखिए भने ओली समूहले प्रतिवाद गर्‍यो। त्यसपछि दुई नेताबीचको सम्बन्ध चिसिएको थियो। गौतमलाई उपनिर्वाचनमार्फत संघीय संसद्मा ल्याउने आश्वासन अध्यक्षद्वय ओली र प्रचण्ड दुवैले दिएका थिए। डोल्पादेखि काठमाडौँसम्म चर्चा गरियो। निर्वाचित सांसद रामवीर मानन्धर गौतमका लागि राजीनामा गर्न तयार पनि भए। तर त्यो सहमति अर्का अध्यक्ष प्रचण्ड निवासमा भएकाले ओलीले बेवास्ता गरिदिए। त्यसले ओली-गौतम सम्बन्ध झनै टाढियो।

गौतमका पछिल्ला आलेखलाई पूर्वएमालेले अँगाल्दै आएको जनताको बहुदलीय जनवादको पक्षपोषणका रूपमा लिइएको छ। त्यसले ओलीलाई गौतमप्रति भरोसा जागेको हुन सक्छ। याद रहोस्, ०५४ मा एमाले फुटेर आफ्नै नेतृत्वमा माले बनाउँदासमेत गौतम जबजमै थिए, जबकि उनका सहयात्री नेता सीपी मैनाली भने त्यसबेलादेखि आजपर्यन्त नौलो जनवादमै छन्।

बालुवाटारमा दुई नेताबीच २८ साउनको डिनर बैठकले आपसी असमझदारी हटाउन मद्दत पुर्‍याएको थियो। गौतम उपनिर्वाचन उठ्ने प्रस्तावको विरोध गरेका ईश्वर पोखरेलसँग पनि उनको सम्बन्ध सुध्रिएको छ। पछिल्लो बैठकमा दुवैले एकअर्कालाई सघाएको देखियो। सचिवालय सदस्य पोखरेल पार्टीको आवश्यकताका आधारमा उपाध्यक्ष पदको प्रस्ताव गरिएको बताउँछन्। भन्छन्, "वामदेव कमरेड हिजो पनि वरिष्ठ उपाध्यक्ष हुनुहुन्थ्यो। त्यसैले उहाँलाई सिफारिस गरिएको छ।"

भर्खरै पर्यटनमन्त्रीमा योगेश भट्टराईको नियुक्ति र गौतमलाई मागेकै विभाग तथा जिम्मेवारी दिएर ओलीले पार्टीभित्र रहेको सानो तर प्रभावकारी पूर्वमाले समूहलाई सम्बोधन गरेका छन्। सो समूह एमालेको नवौँ महाधिवेशनमा ओली र नेपाल समूहमा बाँडिएको थियो। छिट्टै कार्यवाहक अध्यक्ष पाउने आशासहित गौतमले दरिलो साथ दिँदा भट्टराईजस्ता युवा नेताहरू भने नेपाल समूहबाट

केपीशर्माओलीडटकम

कमरेडले नदेखे पनि नमस्ते खेर गएन !

चुनाव लडेका थिए । एकपछि अर्को अवसर सिर्जना गर्दै गएबापत ओली गौतमले विगतमा लगाएको गुन तिर्न र सधैंको किचकिच अन्त्य गर्न चाहन्छन् भन्ने देखाउँछ ।

अध्यक्ष प्रचण्डसहित पूर्वमाओवादी समूह पार्टी स्कुल विभागमा सचिवालय सदस्य ईश्वर पोखरेललाई ल्याउन चाहँदैनथ्यो । सके नारायणकाजी श्रेष्ठ, नभए अध्यक्षद्वयले नै विभाग राख्ने योजना थियो । तर स्कुल विभाग पोखरेलले नै पाएका छन् । आफैँसँग पटक-पटक प्रत्यक्ष-अप्रत्यक्ष वादविवादमा उत्रिएका पोखरेललाई मागेकै पद दिन प्रचण्ड एकाएक राजी हुनुको अन्तर्य रोचक देखिन्छ । आफ्नैविरुद्ध फेसबुक रंग्याएको भन्दै कारबाहीको प्रस्ताव गरिएका केन्द्रीय सदस्य सूर्य थापालाई प्रचण्डले भेटेरै प्रचार उपप्रमुखको अफर गर्नु पनि त्यसैको अर्को कडी हो । अध्यक्ष प्रचण्ड पूर्वएमालेभित्रका उपगुटसँग दूरी घटाउन चाहन्छन् भन्ने यीलगायत पछिल्ला क्रियाकलापले देखाउँछन् ।

ओलीले अर्का अध्यक्ष प्रचण्डलाई पार्टीको कार्यकारी अधिकार तथा भावी नेतृत्वको आश्वासन दिएर आफू निकट नेताहरूको व्यवस्थापन गरेको नेकपा उच्च स्रोतको दाबी छ । ओली सिंगापुरबाट फर्किनासाथ प्रचण्डले आफूविरुद्ध केन्द्रीय सदस्य सूर्य थापाले

दोस्ती-दुस्मनी-दोस्ती

१९ माघ ०७०	एमाले संसदीय दलको नेतामा केपी ओलीलाई समर्थन
२१ माघ ०७०	गौतमको सहयोगमा १ सय ७३ सभासदमध्ये ९८ मत ल्याएर ओली संसदीय दलमा निर्वाचित
२७ माघ ०७०	कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री निर्वाचित । उपप्रधान तथा गृहमन्त्रीमा गौतम
असार ०७१	एमाले नवौं महाधिवेशनमा गौतमकै सहयोगमा ओली अध्यक्ष निर्वाचित
असोज ०७२	ओली प्रधानमन्त्री । आफूलाई पार्टी कार्यवाहक अध्यक्ष नबनाएकामा गौतम असन्तुष्ट
०७३	वाम गठबन्धनका लागि पहल
१७ असोज ०७४	राष्ट्रिय सभागृहबाट वाम गठबन्धन घोषणा
मंसिर ०७४	निर्वाचनमा बर्दियाबाट पराजित ओलीसँग असन्तुष्ट
असोज ०७५	प्रचण्डसँगको मिलेमतोमा काठमाडौं-७ का सांसद रामवीर मानन्धरलाई राजीनामा गराएर उपनिर्वाचन लड्ने तयारी असफल
२ पुस ०७५	नेकपा स्थायी समितिमा फरक मत
१३ जेठ ०७६	ओली प्रधानमन्त्रीबाट हट्न सक्ने अभिव्यक्ति
३१ साउन ०७६	किचलो पन्छाउन उपाध्यक्ष, संगठन विभाग प्रमुख प्रस्ताव

सामाजिक सन्जालमा जथाभावी लेखेको भन्दै सोधेका थिए, 'यो कसको आडमा भइरहेको छ ?' विगतमा वाईसीएल हुँदै एकीकृत पार्टीको युवा संघमा नेतृत्व पाएका रामप्रसाद सापकोटा 'दीपशिखा' ले थापामाथि कारबाहीको माग गरेका थिए ।

प्रधानमन्त्री ओलीले उपप्रधानमन्त्री पोखरेललाई बालुवाटार बोलाएर थापाबारे छलफल गरेपछि फोन गरेरै प्रचण्डलाई आश्वस्त पारेका थिए । ओलीले पार्टीका नेताहरूबीच दूरी बढाउनु लाभदायी नहुने सल्लाह दिएपछि प्रचण्ड मत्थर भएका थिए । विभागमा जिम्मेवारी दिनुअघि प्रचण्डले थापालाई पनि भेटेका थिए ।

आफ्नो हात माथि पार्न ओलीले लामै मिहिनेत गरेको देखिन्छ । पार्टी एकतापछि पूर्वएमालेका वरिष्ठ नेतासँग सामूहिक बस्नै छाडेका उनले यस पटक बारम्बार त्यस्ता बैठक डाके । आफ्नो कोटरीमा रमाएको भन्दै आलोचना भइरहेका बेला पछिल्ला साता उनले आफ्ना आलोचक मानिएका घनश्याम भुसाल, योगेश भट्टराईलगायत नेतासँग घन्टौं छलफलमा केन्द्रित गरे । आफूसँग कुनै सरसल्लाह नगरेको दुखेसो गर्दै आएका झलनाथ खनाल, वामदेव र माधव नेपालसँग पनि लामालामा भलाकुसारी गरे । त्यसले पूर्वएमालेमा ओली सहमतिमै अघि बढ्न खोजेको सन्देश गयो भने पूर्वमाओवादी समूहलाई चुनौती बन्यो । पूर्वमाओवादी र पूर्वएमालेले प्रतिष्ठाको विषय बनाएको स्कुल विभागमा सुरुमा ओली मात्र पोखरेलको पक्षमा थिए । तर लम्ब्याएर, थकाएर र बाध्य पारेर निर्णय गर्ने बेलासम्म बैठकमा कोही नबोल्ने स्थिति उनैले तयार गरेका छन् ।

सचिवालय बैठकमा ओली-प्रचण्डको एउटै स्वर र प्रस्ताव आउनु, वरिष्ठ नेता झलनाथ खनालले आफ्नो वरीयताको विषय उठाउनु र नेता गौतमलाई संगठन विभागसँगै उपाध्यक्षको प्रस्ताव गरिनुले अर्का वरिष्ठ नेता माधवकुमार नेपाललाई झस्काइदिएको छ । "सरप्राइज नै हुने गरी आएका प्रस्तावले वरिष्ठ नेता नेपाललाई एक्ल्याउन खोजेको देखिन्छ," नेपाल पक्षीय एक स्थायी कमिटी सदस्य भन्छन्, "पार्टीमा सन्तुलन ल्याउने मनसाय हो भने ठीकै हो, नियोजित हो भनेचाहिँ यसले समस्या समाधान गर्नु साटो अन्तरपार्टी संघर्ष झन् चर्किन सक्छ ।"

ओलीले अब केन्द्रीय र स्थायी कमिटी बैठक डाक्ने ठानिएको छ । विश्लेषक श्रेष्ठको बुझाइमा त्यसले पार्टी संगठनको कामलाई गति दिन भूमिका खेल्न सक्नेछ । "तर किचलो नै शान्त भइहाल्ला भनेर अहिले ठोकुवा गर्न सकिँदैन, नेतृत्वको कार्यशैली फेरि पनि मुख्य हुनेछ," श्रेष्ठ भन्छन् । जेठ ०७५ मा पार्टी एकता भएपछि नेकपाको केन्द्रीय कमिटी एक पटक र स्थायी कमिटी दुई पटक मात्र बस्न सकेको छ ।

नेकपा स्थायी कमिटी सदस्य राम कार्की विचारधारामा बहस नगरेरै गुट-उपगुटको लाभहानिलाई मात्र ध्यान दिँदा पार्टी ढिलोचाँडो विखण्डनतिरै जाने टिप्पणी गर्छन् । "वैचारिक बहस छैन । कार्यदिशामाथि बहस हुँदैन । पद बाँडफाँटको सन्तुलनले मात्र पार्टी एकतालाई बचाइराख्न सक्दैन," उनी भन्छन्, "लाभहानिका आधारमा हुने गुट हेरफेरले देश र पार्टी दुवैलाई फाइदा गर्दैन ।" ने

मुठ्ठीमा गुठी

राज्य, गुठीयार र भूमाफियाले साढे चार दशकमा नेपाली धार्मिक-सांस्कृतिक वैभवको मूल स्रोत गुठीका अधिकांश जग्गा कब्जामा पारिसकेका छन्

जनक नेपाल

मा इतीघर मण्डला भरिने गरी ४ असारमा गुठियारले गरेको प्रदर्शन प्रस्तावित गुठी विधेयकको विरोध मात्र थिएन, साढे चार दशकमा हेर्दाहेर्दै लाखौँ रोपनी गुठीका जग्गा फुस्किएर व्यक्तिका मुठ्ठीमा पुगेको आक्रोश पनि थियो। भूमिव्यवस्थामन्त्री पद्मा अर्यालले विधेयक फिर्ता लिएपछि मण्डलाको प्रदर्शन शान्तिपूर्ण खबरदारीसभामा बदलियो ।

सरकार एकाएक रक्षात्मक हुनुका खास कारण थिए । पहिलो, सरकारले गुठियारसँग छलफल नगरेरै विधेयक ल्याएकाले कसैले स्वामित्व लिन नचाहनु स्वाभाविक भइहाल्यो । राज्यद्वारा जात्राको खर्च कटौती गरेको विरोधमा १० वर्षअघि इन्द्रजात्रामा भड्किएको भावनालाई कम्तीमा सम्बोधन गर्न खोजेको भए पनि सरकार त्यसरी रक्षात्मक हुनुपर्ने थिएन ।

गुठी संस्थानको औचित्य र नेवाः संस्कृति सञ्चालनमा देखिएका समस्याबारे उच्चस्तरीय अध्ययन समितिले त्यतिबेला दिएका सुझावलाई ख्यालै गरिएन। दोस्रो, गुठी संस्थानको विकल्पका रूपमा प्राधिकरणको प्रस्ताव गरिए पनि भूमिव्यवस्था मन्त्रालयअन्तर्गतै राख्दा गुठीलाई जग्गाको मामिला मात्र बुझेको देखियो। गुठीलाई संस्कृति मन्त्रालयअन्तर्गत लगिएको भए मात्र पनि गुठियारले दोहोऱ्याएर विधेयकमा विमर्श गर्ने थिए । नेवाः संस्कृति संरक्षण अगुवा पवित्र वज्राचार्य भन्छन्, “गुठीको मर्म नबुझेरै विधेयक ल्याइएकाले सरकार संकटमा परेको हो। दीर्घकालसम्म गुठी चल्ने नीति लिनुपर्छ।”

तेस्रो, विधेयक गुठीतर्फभन्दा किसानतर्फ ढल्किएको देखियो। विधेयकको उद्देश्यमै निजी गुठीलाई सार्वजनिकमा परिणत गरी ऐनअनुसार सञ्चालन गर्ने भनिएकाले गुठियारलाई झस्काइदिएको थियो। गुठी दर्ता नहुँदा जग्गा व्यक्तिसरह मुखियाका सन्तानमा सर्दै आएकाले गुठीको जग्गा व्यापक हिनामिना भइरहेको छ। केही गुठियारले जग्गा सट्टाभर्ना गरेर लाभ लिइरहेकामा प्रस्तावित विधेयकले कम्तीमा त्यो बेथिति रोक्न खोजेको थियो ।



गुठी विधेयकको विरोधमा नागरिक प्रदर्शन, ४ असार

असफल संस्थान

देवस्व र राजस्व छुट्ट्याउने उद्देश्यसहित ०२१ मा गुठी संस्थान गठन भएको थियो। सरकारले प्रशासनिक खर्च उपलब्ध गराउँदै आएको संस्थानलाई आर्थिक वर्ष ०४९/०५० देखि स्वायत्त बनाइयो, कुनै खर्च दिइएन। कागजमा स्वायत्त तर सरकार नियन्त्रित संस्थानले न गुठीको जग्गा संरक्षण गर्न सक्यो, न त धर्म, संस्कृति र जात्रापर्व नै राम्ररी चलाउन सक्यो। त्यसमाथि संस्थानको प्रशासनिक तथा केन्द्रीय विविध खर्च पर्वपूजा, जात्रा र सम्पदा मर्मतभन्दा धेरै भएपछि सधैं आलोचनाको केन्द्रमा रह्यो। गुठी व्यवस्थापनका लागि गरिएका सबैजसो अध्ययनले संस्थानप्रति रोष पोखेका छन्।

गुठी संस्थानमा भएको कामकारबाही जाँचबुझ गर्न १७ भदौ ०४८ मा आयोग बन्यो। वसन्तराम भण्डारी अध्यक्ष, लक्ष्मीप्रसाद दाहाल सदस्य र रामकृष्ण श्रेष्ठ सदस्यसचिव रहेको आयोगले ८ माघमा बुझाएको प्रतिवेदनमा गुठी संस्थान जग्गासम्बन्धी विषयमा अल्झिएको र अनियमितता पनि जग्गा दर्तामै रहेकाले कार्यव्यवस्था सन्तोषजनक नभएको उल्लेख थियो। गुठीको उद्देश्य प्राप्तितर्फ उन्मुख गराउन यसलाई जग्गासम्बन्धी प्रशासनबाट अलग गरिनुपर्ने अनिवार्य देखिएको उल्लेख गर्दै भनिएको थियो, 'गुठीको अचल सम्पत्ति जग्गाजमिन, पाटीपौवा, घर, पसल अतिक्रमण भई क्रमिक रूपमा ह्रास हुँदै छ।'

प्रतिवेदनमा विरोधाभास पनि थियो। एकातर्फ स्थानीय व्यक्तिको सहभागितामा गुठी सञ्चालन समिति गठन गरी त्यसलाई गुठीको सम्पूर्ण बन्दोबस्त गर्ने अधिकार सुम्पिनुपर्ने सुझाइएको थियो। सँगै गुठीका जग्गा रैतानी गर्न, टेन्डर वा लिलाम बढाबढ गर्न सुझाव दिइएको थियो। गुठी समस्या समाधानका लागि तीन चरणको कार्यविधि सिफारिस गरिएको थियो। पहिलो, विस्तृत लगत तयार पार्ने। दोस्रो, गुठी अधीनस्थ जग्गालाई क्रमशः गुठी रैतानीमा परिवर्तन गर्दै जाने। गुठी तैनाथीका हकमा गुठीलाई अत्यावश्यक छुट्याएर र टेन्डर वा लिलाम बढाबढ गराउने उद्देश्यले गुठी कार्यसमिति गठन गरेर सुम्पिने। तेस्रो चरणमा आर्थिक निक्षेपलाई लगानी गर्न लगानी खोज समिति गठन गर्ने र त्यसले सिफारिस गरेको क्षेत्रमा गुठीले पुँजी लगानी गरेर उचित आय प्राप्त गर्ने।

०६५ को इन्द्रजात्रामा अवरोधपछि सरकारले पवित्र वज्राचार्यको अध्यक्षतामा गुठी संस्थानको औचित्य र नेवाः संस्कृति सञ्चालनमा देखिएका समस्याबारे उच्चस्तरीय अध्ययन समिति गठन गर्‍यो। समितिले संस्थानको विकल्पमा नेवाः संस्कृति सम्पदा संरक्षण कोषको प्रस्ताव गर्दै विधानको मस्यौदासमेत पेस गरेको थियो। मौज्दात गुठी जग्गा गुठियार, स्थानीय सरकार र स्थानीय बुद्धिजीवीको ट्रस्ट बनाई जिम्मा लगाउने, नेपाल संस्कृति सम्पदा कोषलाई गुठीका जग्गा हस्तान्तरण गर्ने, देवीदेउताका गहना र अन्य सरसामान पनि कोषलाई दिने र प्रत्येक जात्रापर्वमा भेला गरी जात्रापर्व व्यवस्थापन समिति बनाउनेलगायत सुझाव दिएको थियो।

प्रतिवेदनमा नेवाः संस्कृतिमा गुठी संस्थानको औचित्यमाथि नै प्रश्न उठाइएको थियो। अक्षय कोषको ७० प्रतिशत रकम गुठी, पूजापर्व र जात्रामा खर्च गर्नुपर्नेमा नगन्य मात्र उपलब्ध गराएको आरोप लगाउँदै आफ्नै खर्चमा पर्व बचाउने हो भने गुठी संस्थान किन चाहियो भन्ने प्रश्न गरिएको छ। प्रतिवेदनले गुठी संस्थान भूमाफियाको रूपमा रहेको आरोप लगाएको थियो, '०३२/०३३ पछि गुठी जग्गा रैतानी र निजी गुठीका जग्गा सट्टाभर्नासम्बन्धी नियमले संस्थानलाई जात्रा, पर्व, संस्कृति जगेर्ना गर्ने निकायभन्दा पनि भूमाफिया चलखेल गर्ने एउटा वैध अखडामा रूपान्तरण गरिदियो।'

जग्गाबाट कुत नआएपछि परम्परागत ढंगले गुठी सञ्चालनमा कठिनाइ भएको निष्कर्षसहित ५ चैत ०४२ मा सरकारले जग्गा रैतानी गरी अक्षय कोष खडा गर्ने र त्यसबाट प्राप्त ब्याजबाट गुठी सञ्चालन गर्न गुठी रैतान कार्यक्रम लागू

गरेको थियो । त्यसका लागि ०३९/०४० मा भूमिसुधार मन्त्रालयका सचिव वासुदेव प्याकुरेलको अध्यक्षतामा निर्मलशमशेर जबरा र कृष्णकान्त अधिकारी सम्मिलित अध्ययन टोली गठन गरिएको थियो । उक्त टोलीले निश्चित मूल्य राखेर गुठीका जग्गा बेच्दा २९-३० अर्बको अक्षय कोष जम्मा हुने र त्यसको ब्याजबाट पर्वपूजा, जात्रा सञ्चालन सहज हुने निष्कर्षसहित प्रतिवेदन बुझायो । त्यसैका आधारमा राजा वीरेन्द्रले गुठीका जग्गा रैतानी गर्ने निर्णय गरेका थिए ।

उक्त व्यवस्थाले गुठी मासिने भन्दै असन्तुष्टि सुनिन थालेपछि राजा वीरेन्द्रले गोविन्द टन्डन, शिवगोपाल रिसाल र बद्रीविक्रम थापाको अर्को अध्ययन टोली बनाए । टन्डनको फरक मतका कारण दुई प्रतिवेदन बुझाइए । "पश्चिमाको आँखाले हेरेर गुठी समस्या समाधान हुँदैन, गुठी जग्गाको स्वामित्व चलाउनै नमिल्ने भइदिएको भए हुन्थ्यो," टन्डन भन्छन्, "गुठी जग्गा मात्र नभई सम्पदा र संस्कृति पनि भएकाले संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनुपर्छ ।"

संशोधनका शृंखला

अहिले पेस भएको विधेयकको मूल आधार ०५४/०५५ कै प्रस्ताव भएको दाबी गर्छन्, गुठी संस्थानका अधिकारी । त्यतिबेला सांसद विदुर पौडेलको संयोजकत्वमा अध्ययन टोली गठन गरी सुझाव मागिएको थियो । सूर्य ढुंगेल, श्रीहरि अर्याल र संस्थानका अधिकृत हेमराज सुवेदी सम्मिलित उक्त टोलीले भारतीय देवस्थलको भ्रमणसमेत गरेको थियो । सोही प्रतिवेदन समेटेर गुठी संस्थान ऐन, ०३३ संशोधन गर्न संस्थानले ०५६ मा मन्त्रालयमा

प्रस्ताव पेस गर्‍यो । प्रतिनिधिसभाको प्राकृतिक स्रोत समितिमा अनौपचारिक रूपमा विधेयकको दफावार छलफल पनि गरियो । मुख्य पार्टीका वरिष्ठ नेतासमेत सहमत भइसकेपछि मात्र विधेयक पेस गर्न समितिले मन्त्रालयलाई लिखित निर्देशन दिएको थियो ।

०५८ मा आएर विधेयक राष्ट्रिय सभामा पेस गरिए पनि लगत्तै संसद् विघटन भएपछि लामो समय अलपत्र पर्‍यो । शाही शासनकालमा मन्त्रिपरिषद् उपाध्यक्ष तुलसी गिरिले विधेयक अध्ययन गरे पनि अघि बढेन । ०७३ मा भूमिव्यवस्थामन्त्री विक्रम पाण्डेले संस्थानलाई सात दिनभित्र विधेयक पेस गर्न निर्देशन दिएका थिए । संस्थानका अधिकारीले एक महिना समय मागेका थिए तर दिइएन । एक सातामै पेस गरिएको विधेयक मस्यौदा संसद्मा पेस नहुँदै सरकार फेरियो । अहिले प्रस्तुत विधेयक

विधेयकमा बाँभिएका स्वार्थ

संविधानको धारा २६ ले गुठी सञ्चालन र संरक्षण गर्ने हक दिएको छ । त्यस्तै, धारा २९० ले गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी किसानको अधिकार सम्बन्धमा संघीय संसद्ले कानुन बनाउने बाटो खोलिदिएको छ । सोही व्यवस्थाअनुसार गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, ०७५ ल्याइएको थियो । संविधानमै गुठी जग्गा व्यवस्थापन सम्बन्धमा उल्लेख गर्नुको पछाडि १० माघ ०६४ को सर्वोच्चको फैसलालाई लिइएको छ । सर्वोच्चले गुठी जग्गाको सम्बन्धमा संसद्ले समेत कुनै कानुन बनाउन नपाउने ढंगले फैसला गरेको थियो । यसले पुस्तौँदेखि किसानले जोत्दै आएको जग्गाको स्वामित्व र व्यवस्थापनमा विवाद कायमै थियो ।

अर्को, असन्तुष्टि गुठी तैनाथी जग्गामा बनेका घरजग्गा रैतानी नम्बरी गर्न लागियो भन्ने थियो । प्रस्तावित विधेयकमा प्राधिकरणमा निवेदन आए छानबिन गर्दा मनासिब देखिएमा प्राधिकरणले घर र चर्चेको जग्गा रजिस्ट्रेसन प्रयोजनका लागि प्रचलित कानुनबमोजिम निर्धारित न्यूनतम मूल्य लिएर गुठी रैतानी गर्न सक्ने व्यवस्था छ ।

प्रस्तावित विधेयकको दफा ५४ ले ऐन प्रारम्भ हुनुअघि कुनै लिखतका आधारमा पाएको भूबहालवाला वा बहालवालाको हक ऐन प्रारम्भ भएपछि स्वतः समाप्त हुने र प्राधिकरणको हक लाग्ने उल्लेख थियो । त्यसले पनि वर्षौंदेखि गुठीको जग्गा, घर, पसल, पाटीपौवामा रजाइँ गरिरहेकालाई झस्काइदिएको थियो ।

दफा ३५ ले धार्मिक स्थलको आयव्यय पारदर्शी गर्नुपर्ने प्रावधानमा गुठियार र मुखियाको चित्त बुझेन । त्यसमा धार्मिक स्थल व्यवस्थापन समितिले कुल आम्दानीको २५ प्रतिशतभन्दा धेरै प्रशासनिक खर्च राख्न नपाउने उल्लेख छ । अहिले अधिकांश धार्मिक स्थलको आम्दानी गुठियार र महन्तले बाँडचुँड गर्दै आएका छन् । दफा ६३ र ६४ ले निजी गुठीबारे बोलेको छ । निजी गुठीको लगत, सम्पत्ति, आयस्रोत, पूजा पद्धतिको विवरण प्रदेश गुठी व्यवस्थापन समितिसमक्ष पेस गर्नुपर्ने उल्लेख छ । त्यस्तै, निजी गुठीका दुई तिहाइ गुठियारले सार्वजनिक गुठीमा दर्ता गराउन चाहेमा प्राधिकरण वा प्रदेश गुठी समितिमा निवेदन दिएमा दर्ता गरी सञ्चालन गर्न सक्ने उल्लेख छ ।

विधेयकको दफा २३ र २४ पनि विवादमा पर्‍यो । ऐन प्रारम्भ हुनासाथ छूट गुठी र सार्वजनिक गुठी स्वतः राजगुठीमा परिणत हुने व्यवस्था छ । अर्को दफामा धार्मिक स्थलउपर गुठियारको सबै अधिकार स्वतः समाप्त हुने उल्लेख छ ।

त्यसो त प्राधिकरण गठनमै गुठियारको असन्तुष्टि छ । ९ सदस्यीय प्राधिकरण सञ्चालक समितिमा अध्यक्षसहित चार जना धार्मिक, सांस्कृतिक तथा सम्पदा संरक्षण क्षेत्रका विज्ञ भनिएको छ भने चार सहसचिव र एक प्रमुख कार्यकारी अधिकृत छन् । त्यस्तै, प्रत्येक प्रदेशबाट चार सदस्यसहित ३३ सदस्यीय विद्वत्सभाको प्रस्ताव गरिएको छ । "गुठी प्रथाजनित नियमले बाँधिएको छ । त्यसैले प्राधिकरण होस् वा विद्वत्सभा स्वायत्त चाहिन्छ," नेवाः दे दबुका अध्यक्ष नरेश ताम्राकार भन्छन्, "यहाँ त पूरै सरकारी अड्डाजस्तो बनाउन खोजिएको छ । यसरी गुठीको संरक्षण र उत्थान सम्भव छैन ।"

मूलतः त्यही संशोधनको अर्को कडी मात्र भएको अधिकारी बताउँछन् ।

कुनै बेला गुठीमा १४ लाख २४ हजार २ सय ८० रोपनी जग्गा थियो। त्यसमध्ये किसानले खेती गरेको अधीनस्थ जग्गा १३ लाख ९६ हजार ९ सय ५५ रोपनी थियो। विसं ०४१ देखि सुरु भएको जग्गा रैतानीलाई सर्वोच्च अदालतले १० माघ ०६४ रोक्ने फैसला गर्दासम्म ११ लाख २४ हजार ८ सय रोपनी जग्गा रैतानी भइसकेको थियो। अहिले बाँकी रहेको २ लाख ७२ हजार १ सय ५५ रोपनी जग्गा रैतान गर्न बाटो खोल्ने गरी विधेयक आएपछि गुठियार विरोधमा उत्रिए । संस्थानले ६७ हजार बिघा जग्गाको मालपोत बुझ्दै आएको छ। संस्थानले आफूसँग ५० हजार रोपनी मात्र तैनाथी जग्गा रहेको दाबी गरे पनि २७ हजार ३ सय २५ रोपनीबाहेक अरू जग्गाको कित्ता नम्बरसमेत छैन। त्यसमध्ये पनि थुप्रै जग्गामा मुद्दा छन्। जिल्ला, उच्च र सर्वोच्च अदालतमा झन्डै चार सय मुद्दा विचाराधीन रहेको संस्थानका कानुनी सल्लाहकार वासुदेव ज्ञवाली बताउँछन्। भन्छन्, "गुठीका जग्गामा धेरैले आँखा लगाएका छन्। गुठियारको सहयोग नभए जग्गा जोगाउनै मुस्किल पर्छ।"

देशभर झन्डै एक लाख परिवार किसानले गुठीको जग्गामा खनजोत र घर बनाएर बसेको भूमि अधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाको दाबी छ । सबैभन्दा धेरै दैलेख, दाङ, म्याग्दी, सिन्धुपाल्चोक, धनुषा, महोत्तरी, अर्घाखाँची, गोर्खा, रसुवालगायतका जिल्लामा छन् । केहीसँग मोही हक छ, धेरैसँग राजनीतिक संरक्षण । सो वर्गलाई जग्गा बाँड्ने प्रतिबद्धतासहित गत निर्वाचनमा भोट मागिएकाले किसानको हात माथि पर्ने गरी नेकपा सरकारले गुठी विधेयक ल्याएको बुझ्न कठिन छैन ।

गुठीको सम्पूर्ण आयस्ता संस्थानको कोषमा जम्मा हुने तथा त्यसैबाट पर्वपूजा र जात्राका लागि खर्च पाउनेलाई अमानत गुठी भनिन्छ। आयस्ता गुठियारले उठाई पर्वपूजा र जात्रा छूट पाएका छूट गुठी हुन्। छूट र सार्वजनिक गुठीलाई राजगुठीमा ल्याउन लागिएकाले पनि गुठियार विरोधमा उत्रिएका हुन्। देशभर १ हजार ३२ छूट गुठीसहित २ हजार ८२ राजगुठी छन् । ६८ जिल्लामा गुठीका जग्गा छन्। त्यसबाहेक व्यक्ति वा परिवारले सञ्चालन गर्दै आएका निजी गुठीको संख्या यकिन छैन ।

राजगुठीको बेहाल

पशुपतिनाथ : २ सय ३१ रोपनी गायब

पशुपतिनाथको गुठी जग्गा छानबिन तथा संरक्षण समितिले केही महिनाअघि सार्वजनिक प्रतिवेदनमा अर्बौं रुपैयाँ पर्ने २ सय ३१ रोपनी जग्गा गायब भएको प्रतिवेदन बुझायो। अभिलेखअनुसार श्री पशुपतिनाथ अमालकोट कचहरी, श्री पशुपति भण्डार तहबिल र जयबागेश्वरी भण्डार तहबिलको असुली लगतको जग्गा भेटिएन।

बागेश्वरी : आफ्नै हात जगन्नाथ

नेपालगन्जस्थित प्रसिद्ध बागेश्वरी मन्दिरको सम्पत्ति र आयव्ययबारे तत्कालीन पुनरावेदन अदालतले २२ असार ०७३ मा भन्यो, 'मन्दिरको सम्पत्तिको नियमित अभिलेख राख्नु, राख्न लगाउनु। आयव्ययको विवरण सार्वजनिक गर्नु, गराउनु।' मूल महन्त चन्द्रनाथ योगी सर्वोच्चमा पुनरावेदन गरेकाले आयव्यय सार्वजनिक नगर्ने अड्डी कसेर बसेका छन्। मन्दिरको दानभेटी महन्तद्वय चन्द्रनाथ योगी र हरिहरनाथ योगीले आधा-आधा बाँडेर लिइरहेका छन्।

स्वर्गद्वारी : थोरै मोही, धेरै अतिक्रमणकारी

झन्डै ८० वर्षअघि प्रसिद्ध स्वर्गद्वारी आश्रमसित प्युठानमा २६ हजार रोपनी र दाङमा १ हजार ५० बिघा जग्गा थियो। ती जग्गाको आयस्ताबाट स्वर्गद्वारी चलेको थियो। ०२८ मा मोहीलाई केही जग्गा नामसारी गरिएबाहेक कागजमा स्वर्गद्वारीको जग्गा यथावत् नै छ। व्यवहारमा भने जग्गा पूरै अतिक्रमणकारी, ठेकेदार र मोहीको कब्जामा परेको छ।

उग्रतारा : न जग्गा, न सम्पदा

विसं १९९५ को नापीमा डडेलधुरा खलंगा वरपरका पोखरा, राई, भूमिराज र खलंगा गाउँका अधिकांश भू-भाग उग्रतारा गुठीमै थिए। गुठीको जग्गा कमाएबापत उग्रतारा मन्दिरको करिया (सेवक) बस्नुपर्ने परम्परा थियो। अहिले न गुठीको नाममै जग्गा छ, न त कोही करिया बसेका छन्। स्वामित्वको जग्गा खुम्चिएर १ सय ८० रोपनीमा झरेको छ। ढुंगै-ढुंगाले निर्मित प्राचीन मन्दिर ०३४ मा विश्व सम्पदा सूचीमा पनि पर्‍यो। ०५० मा पुनर्निर्माण गरिँदा मन्दिरको प्राचीन संरचना र मौलिकता बिगारेको भन्दै युनेस्कोले ०५४ मा सम्पदा सूचीबाट हटाइदियो।

जनकपुर : सरकार नै अतिक्रमणकारी

जनकपुर उपमहानगरपालिकामा जानकीलगायत धार्मिक गुठीको ६५ बिघा ८ धुर जग्गा अतिक्रमण गरी सरकारी कार्यालय तथा संघसंस्थाका भवन बनेका छन्। कानुन कार्यान्वयन गराउने जिल्ला अदालत, जिल्ला प्रशासन र प्रहरीका कार्यालयसमेत अतिक्रमित जग्गामै छन्। आर्थिक वर्ष ०७५/०७६ को मूल्यांकनअनुसार त्यसबापत संस्थानले १४ अर्ब ४२ करोड दाबी गरिरहेको छ।

दानमा सन्तानकै आँखा

लिच्छविकालीन अभिलेखमा 'दान गरेको गुठियारले लोभपाप नगरी पूजाआजा चलाउनू। पूजाआजा चलाएर बचेको मात्र खानू' भन्ने उल्लेख छ। गुठी मासे ब्राह्मण, स्त्री, बालक, गुरु र गाई मारेसरह 'पञ्च महापातक' लाग्छ भनिएको छ। शिवदेव द्वितीयको काठमाडौं लगनटोलको ईशापूर्व ६९५ को अभिलेखमा 'दान गरिएको जग्गा हस्तक्षेप गर्ने र त्यसलाई समर्थन गर्ने व्यक्ति ६० हजार वर्ष किरा भएर बस्नुपर्छ' भनिएको छ । तर पुर्खाले राखेको गुठीमा सन्तानले आँखा गाड्दा धेरै गुठी जोगाउनै मुस्किल भइरहेको छ।

जंगबहादुर राणाका माहिला भाइ बमबहादुर

पोखरीमा महल

गुठी ऐनअनुसार बगैँचा र पोखरीमा मोही लाग्दैन। टेकु र ठमेलमा भने गुठीका पोखरी र बगैँचामाथि व्यवसायीका ठूला महल ठडिएका छन्। काठमाडौँ महानगर-२६ ठमेलको भगवानबहालस्थित विक्रमशील महाविहारको पूर्वतर्फ सयौँ वर्ष पुरानो कमलपोखरीमा बलमिच्याइँ गर्दै प्रतिष्ठित ४३ व्यवसायीको समूहले व्यापारिक भवन छाया सेन्टर ठड्याएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय जगदीश शर्मा पौडेल र केदारप्रसाद चालिसेको संयुक्त इजलासले ६ चैत ०७३ मा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएमा जहिल्यै पनि बदर हुन सक्ने भन्दै अदालती फैसला, मिलापत्र त्रुटिपूर्ण रहेकाले मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरेको थियो। उक्त मुद्दा २० साउन ०७६ मा न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लको इजलासमा पेसीमा चढ्यो। अर्को पेसी १ असोजलाई तोकिएको छ।

विसं १९६५ को स्रेस्तामा साढे २६ रोपनी क्षेत्रफल देखिन्छ। स्थानीयले वार्षिक १ सय २५ रुपैयाँ विहार गुठीलाई दिएर पोखरी भाडामा लिएका थिए।

विसं १९७७ मा जनरल केशरशमशेरले आफ्नो दरबारको शोभा बढाउन विहारलाई १ सय २५ रुपैयाँ भाडा दिएर सो पोखरी कब्जा गरे। केशरशमशेरका छोरा केयुरशमशेरले पोखरीको केही भागमा धान रोप्ने प्रयास गरेपछि त्यतिबेला विहारका गुठियारले विरोध मात्र गरेनन्, ०२७ मा अदालतमा धर्मलोपको मुद्दासमेत लगाए। ०३३ मा सर्वोच्चले गुठीकै नाममा पोखरी र डिल कायम गरिदियो।

०३३ मै सहरी क्षेत्रको नापी हुँदा कित्ता नम्बर १६७ मा परेको पोखरीको डिलसमेत घटाई १२ रोपनीमा सीमित गरियो। अरू जग्गा केयुरशमशेरको आफ्नो जग्गामा घुसाई पटक-पटक गरी बिक्री गरिएको देखिन्छ। जबकि ०३३ को नापी फिल्ड बुकमा समेत सो कित्तालाई सार्वजनिक पोखरी भनिएको छ।

गुठी ऐनमा पोखरीमा कुनै किसिमको मोही नलाग्ने उल्लेख छ। ०३३ को गुठी ऐनले दर्तावाल मोहीको हक समाप्त गरिसकेको थियो। तर ०३९ मा केयुरशमशेरले गरुड भगवान् गुठीको दर्तावाल मोहीमा दर्ता गराए। सोही मोहियानीको आधारमा सो कित्तालाई विभाजन गरी कित्ता नम्बर १६१६ सुधा पौड्याल, १६१७ विणा पौड्याल र १६१८ आफूलाई बाँडेको देखिन्छ।

मोहीलाई पुष्टि गर्न अनेक प्रयास गरिएको देखिन्छ। ०४२ मा पोखरीको सट्टा सिम लेखाई विहार गुठियार र कर्मचारीले कुत लिएका थिए। तर गुठी संस्थानको फिल्ड बुकमा भने पोखरी कायम गरिएको थियो। संस्थानले पोखरीलाई सिम बनाउने गुठियारलाई कारबाहीसमेत गरेको थियो। ०४४ को मन्त्रिपरिषद् बैठकले सरकारी सार्वजनिक पोखरी कायम गरेको निर्णय अहिलेसम्म स्रेस्तामा कायमै छ।

०४१ मा केयुरशमशेरको निधनपछि उनको नामको कित्ता नम्बर १६१८ पत्नी अम्बिका राणाको नाममा सारियो भने अरू दुई कित्ताको जग्गा अम्बिकाका दाइ शंकरप्रसाद शाहको नाममा सारियो। ०४७ मा आएर अम्बिका र शंकरप्रसादले सो जग्गा रैतानीमा परिणत गराए। तर संस्थानले पोखरी रैतानी गर्न नमिल्ने भन्दै बदर गरिदियो।

रैतानी बदरविरुद्ध ०४७ मै राणा र शाह जिल्ला अदालत गए। पुनरावेदनले ०५३ मा गुठी निर्णय बदर गरे पनि सो मुद्दाको किनारा लाग्न सकेन। किनभने गुठियारले राणाविरुद्ध ०५५ मा मुद्दा दर्ता गराएका थिए।

अभिलेख र प्रमाणबाट पुष्टि हुन तथा मुद्दा जित्ने नदेखेपछि राणाले ०६२ मा राजा ज्ञानेन्द्रको शासनकालमा मुद्दा हाल्नेमध्ये केही गुठियारलाई प्रभावमा पारी पोखरीको हकदाबी छाड्ने मिलापत्र गरिन्। त्यसबापत विहार गुठीलाई १ करोड ५० लाख र चार आना जग्गा दिने सहमति गरियो। "गरुड भगवान् गुठी राजगुठी र जग्गा गुठी तैनाथी हो। यस्ता जग्गाबारे निर्णय लिने अधिकार संस्थानलाई मात्र हुन्छ। गुठियारलाई हुँदैन," पूर्वन्यायाधीश गौरीबहादुर कार्की भन्छन्, "पोखरीमा मोहियानी हक लगाउने र राजगुठीको जग्गा गुठियारले मिलापत्र गर्ने दुवै गुठी संस्थान ऐन, ०३३ विपरीतका काम हुन्।"

दूषित मोहियानी र मिलापत्रका आधारमा सो आठ रोपनी जग्गा नाटकीय रूपमा नामसारी भएको देखिन्छ। राणाको जग्गा ०६३ गुठीमै फर्कियो। ०६३ मा पनि डेबिटले दधिकोट ८ को ४ रोपनी जग्गामा दाबी गरेका थिए। संस्थानले लड्नुपर्ने मुद्दा व्यवस्थापन अध्यक्षका रूपमा राजविक्रम आफैँले लडिरहेका छन्।

कुँवर राणाले विसं. १९०७ मा टेकु पचलीमा बमवीर विकटेश्वर शिवालय निर्माण गरेका थिए। त्यसको सञ्चालनका लागि काठमाडौँ, ललितपुर र भक्तपुरमा ६ सय ६९ रोपनी जग्गा किनेर गुठीमा राखे। ३१ भदौ विसं १९०३ को कोतपर्वमा आफ्नै हातले धेरैको ज्यान गएको प्रायश्चितस्वरूप उनले सो गुठी राखेका थिए। तर अहिले उक्त गुठीसँग मुस्किलले ४५ रोपनी जग्गा मात्र छ।

०४९ सम्म आइपुग्दा गुठी मासिने स्थिति आएपछि बमबहादुरका जेठा छोरा टेकबहादुरतर्फका सन्तान जनार्दनविक्रमले उजुरी गरिदिए। गुठी संस्थानले उनैलाई संरक्षणको जिम्मेवारी दिँदै व्यवस्थापन समिति अध्यक्ष बनाइदियो। उनको निधनपछि छोरा राजविक्रमले अहिले गुठी सञ्चालन गर्दै आएका छन्। भक्तपुर दुवाकोटको १० रोपनी जग्गामा पूर्णविक्रमका नाति डेबिडविक्रम राणाले आँखा लगाएका छन्। मुद्दा चलिरहेको छ। टोखा धापासीको साढे चार रोपनी जग्गा पवित्र, भवानीविक्रम र पृथुविक्रमले आफ्नो नाममा ल्याएर लालपुर्जा बनाइसकेका थिए। राजविक्रमकै कानुनी लडाइँपछि जग्गा गुठीमै फर्कियो। ०६३ मा पनि डेबिटले दधिकोट ८ को ४ रोपनी जग्गामा दाबी गरेका थिए। संस्थानले लड्नुपर्ने मुद्दा व्यवस्थापन अध्यक्षका रूपमा राजविक्रम आफैँले लडिरहेका छन्।

"राज्यमा जाने सम्पत्ति हो, दाजुभाइमै आओस्। एक भाग तैँले पनि लिनू भनेका थिए तर मेरो मनले मानेन," राजविक्रम भन्छन्, "पुर्खाले प्रायश्चितका लागि बनाएको गुठी मासेर जानीजानी नर्कको बाटो म रोज्दिनँ। गुठीको सम्पत्ति खानेको भलो भएको छैन, ढिलोचाँडो त्यसले हानि गर्छ।"

ठमेलस्थित विवादित छाया सेन्टर

मा सुरेसाथ हाउजिङ र ०६४ मा सबै नातेदार प्रतिभा राणा पाण्डेलाई नामसारी गरियो । त्यस्तै, शंकरप्रसाद शाहका नाममा पुगेको दुई कित्ता पनि उनै प्रतिभालाई नामसारी गरियो । प्रतिभा हिमालयशमशेर राणाकी छोरी हुन् भने पृथ्वीबहादुर पाण्डेकी पत्नी । ०६५ मा पुनः नामसारी भएपछि ऐतिहासिक कमलपोखरी व्यवसायी पृथ्वीबहादुर पाण्डेको नाममा आइपुग्यो ।

त्यस्तै, जालसाजी टेकु पचलीभैरव बगैँचा र पोखरीमा पनि गरियो । टेकुको बमवीर विकटेश्वर गुठीका पोखरी र बगैँचा रेखदेख गर्ने कामदारलाई नै मोही खडा गरियो । विभिन्न वहानामा बिक्री हुँदै अहिले व्यावसायिक महल बनाइएको छ ।

तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाका माइला भाइ बमबहादुरले १९०७ मा गुठी राखेर बमवीर विकटेश्वर मन्दिर र रामजानकी मन्दिर बनाएका थिए । गुठी अध्यक्ष राजविक्रम राणाका अनुसार बगैँचा रेखदेखका लागि गुठीले माली, बगैँचे र तलुवाको व्यवस्था गरेको थियो । काम गरेबापत उनीहरूले धान पाउँथे । तिनै मालीलाई मोही बनाएर जग्गा हडपियो ।

सरकारले घरेलु शिल्पकला बिक्री भण्डार लिमिटेडका लागि भन्दै ०४२ मा बगैँचा अधिग्रहण गऱ्यो । त्यहाँ घरेलुले कपडा रंग्याउने उद्योग खोल्ने भनेको थियो । संस्थानलाई जग्गाको २४ लाख ११ हजार मुआब्जा दिइएको थियो । घरेलुले वाणिज्य बैंकसँग सोही जग्गा धितो राखेर ७ करोड ४५ लाख ऋण झिक्यो । अधिग्रहणको ११ वर्षपछि भने घरेलुले वाणिज्य बैंकलाई जग्गा नै बेचिदियो । त्यसको केही समयपछि वाणिज्य बैंकले १७ करोड रुपैयाँमा घरजग्गा व्यवसायीलाई बेचिदियो । अहिले त्यहीँ व्यापारिक भवन बनेको छ ।

बमबहादुरका सन्तान तत्कालीन गुठियार जनार्दनविक्रम राणाले हडपिएको जग्गा फिर्ता ल्याउन १७ वर्ष कानुनी लडाइँ लडे । तर राज्य नै जालसाजीमा लागेपछि उनको केही चलेन ।

४ साउनमा टेकु पचलीभैरवको पोखरीको जग्गामा उस्तै तनाव भयो । स्थानीय विद्यालयले भवन निर्माण गर्न थालेपछि स्थानीय गुठियार विरोधमा उत्रिए र जग नै भत्काइदिए । पचलीभैरव छेउमै छ, महेन्द्र सरस्वती आधारभूत विद्यालय । ०७२ को भूकम्पमा विद्यालयको भवन भत्किएको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले ६९ लाख सहयोग गर्ने भएपछि एकाध गुठियारसँग सल्लाह गरेर विद्यालयले चार कोठे भवन निर्माण थालेको थियो ।

पचलीभैरव मन्दिर वरपरका ९ मध्ये २ वटा कित्ता विद्यालयले प्रयोग गर्दै आएको छ । जग्गाधनी प्रमाणपुर्जामा पोखरी जनिएको जग्गा ०१७ मा स्थापनादेखि नै विद्यालयको कम्पाउन्डभित्रै थियो । तर अहिले नामोनिशान छैन ।

बत्तीसपुतलीस्थित रामचन्द्र मन्दिर गुठी स्थापना गरिँदा ३ सय ७२ रोपनी ८ आना ३ पैसा जग्गा थियो । कमान्डिङ कर्नेल सनकसिंह लाहुरी टन्डन क्षेत्रीले विसं १९२८ मा मन्दिर सञ्चालनका लागि उक्त निजी गुठी राखेका थिए । उनी जंगबहादुर राणाका जेठान हुन् । पुर्खाले धर्मसंस्कृति जोगाउन राखेको गुठी जग्गा सन्तानले सखाप पारे । अहिले मन्दिर परिसरको ३ रोपनी ४ आना जग्गा मात्र छ । होटल द्वारिकाजलगायतका महत्त्वपूर्ण संरचना सोही गुठीको जग्गामा ठडिएका छन् । नाङ्लेभारे, लप्सीफेदी र साँखुमा रहेको जग्गा पनि मोहीको हातमा गइसकेको छ । यो निजी गुठीको अरू जग्गा कहाँ छ, कुनै लगत छैन । गुठी संरक्षणका अभियन्ता टन्डन उनै सनकसिंहका सन्तान हुन् । अहिले उनलाई आफैँ सम्बद्ध गुठीको संरक्षण गर्न नसकेको आरोप लागिरहेको छ । टन्डन भन्छन्, "गुठी छोरीपट्टिका राणा सन्तानले रेखदेख गरेकाले जग्गाबारे मलाई थाह छैन । ०४७ पछि मन्दिरको व्यवस्थापन मात्र हेर्दै आएको छु ।"

जमिनविरुद्ध संस्कृति

गुठीलाई जग्गा मात्र बुझ्ने र संस्कृतिको बचाउ गर्दा जोताहा किसान भुल्ने पूर्वाग्रहले यो समस्या वर्षौंदेखि बल्झिइरहेको छ । नेपालमा गुठी प्रथा कहिले सुरु भयो भन्ने यकिन अभिलेख नभए पनि पाँचौं शताब्दीभन्दा अघिदेखि नै भारत र नेपालमा गुठीको प्रभाव रहेको इतिहासकार महेशराज पन्त बताउँछन् । नेपालमा मानदेवको पालादेखिका अभिलेख भेटिन्छन् । अंशुवर्माको पालामा औषधोपचारका लागि आरोग्यशाला, बाजाका लागि बाजीत्र र पानी वितरणका लागि पानीयशाला गोष्ठी छन् । "गुठी स्वायत्त एवं स्वावलम्बी संस्था हो । आयआर्जनका लागि आयस्ता राखिने भएकाले राज्यको भार कम गर्छ," उनी भन्छन्, "परसंस्कृतिको प्रभावले गुठी मास्ने र जग्गामा आँखा लगाउने काम भएको छ ।"

रैथाने नेवार समुदायका अनेक पर्व, जात्रा, नाच र सामाजिक काम गुठीमा आधारित छन् । खोकनामा तेल पेल्ने, खेत रोप्ने गुठीदेखि मलामी जाने सना गुठी, मृत्यु संस्कार गर्ने सी गुठी, जात्रामा पानी पिलाउने ल गुठी, चरा र भ्यागुतालाई आहारा खुवाउनेसम्मका गुठी प्रचलनमा छन् । इन्द्रायणीमा बालाचर्तुदशीमा सर्प होम यज्ञ चल्छ । रातो मच्छेन्द्रनाथ रथ समापनपछि लगनखेलको सप्तपाताल पोखरीमा दुइटा माछा छाडिन्छ अनि भँगेरा उडाइन्छ । माछाले पातालमा र भँगेराले स्वर्गमा सन्देश पुऱ्याउने विश्वास छ ।

इन्द्रजात्राको लिंगो भक्तपुरको जंगलबाट मानन्धर समुदायले ल्याएर ठड्याउने र वारही जातिले रथ तयार गर्छन् । रातो मच्छेन्द्रनाथको पूजा गर्न ३२ पानेजु (पुजारी) छन् । तिनले १५-१५ दिन पूजा गर्छन् । मन्दिरको गुठीको आयस्ताबाट उनीहरूले पारिश्रमिक पाउँछन् । पशुपतिभित्रकै आधा दर्जन गुठी मासिएका छन् । १० वटा पर्वमेला हराएका छन् । गुठी जग्गा मात्र नभई धर्म-संस्कृति र परम्परा संरक्षण गर्न बनेका संगठन भएकाले सरकारले यसको मर्म नबुझ्दासम्म समस्या नसुल्झिने राष्ट्रिय पहिचान संरक्षण संयुक्त संघर्ष समितिका अध्यक्ष गणपतिलाल श्रेष्ठ बताउँछन् । "यो सबै भावनात्मक रूपले चलेको छ । राज्यले हस्तक्षेप गरेर आफैँ गर्छु भन्न थाल्यो भने चल्दैन," उनी भन्छन्, "राज्यले समन्वय र सहयोग गर्नुपर्छ । समुदायले आफ्नो संस्कृति आफैँ जोगाउँछन् ।" ने

छोराका निम्ति अपराध

अस्पतालमा शिशु चोरीको जड पुत्रमोहमा फसेको सामाजिक संरचना

गोकर्ण गौतम

नयाँ दिल्लीमा पतिसँगै बस्ने लीला विक माइती धरान आइन्, अढाइ महिनाको गर्भ लिएर । बच्चा माइतमै पाएर दिल्ली फर्कने योजना थियो उनको । तर यतिबेला पुर्पक्षका लागि थुनामा छिन् । उनीमाथि संगीन आरोप छ, अस्पतालबाट नवजात शिशु चोरेको ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुनसरी भोक्राहा नगरपालिका-१ की बबिता महतोले छोरा पाइन्, १३ असारमा । तर बबिताको स्वास्थ्यमा समस्या देखिएपछि वार्डमा राखेर उपचार गर्‍यो । त्यही अस्पतालमा एक महिला बच्चाको थाङ्ना धोइदिन्थिन्, रुँदा फकाउँथिन् र सुत्केरीलाई निःशुल्क सेवा गर्थिन् । वार्डका सबै बिरामी र उनीहरूका आफन्तमाझ प्रिय भइसकेकी थिइन्, ती महिला ।

२५ असारको मध्यरात मेहता दम्पती निदाए, नजिकका अरू कुरुवा सुते । त्यही बेला बबिताका छोरा बेडबाटै हराए । एकैछिनमा हल्लाखल्ला भयो, प्रहरी टोली आयो । तीन घन्टामै सकुशल शिशु फेला पार्न सफल भयो प्रहरी । शिशु चोर्ने अरू कोही नभएर उनै 'दयालु' महिला अर्थात् लीला विक रहिछन् ।

शिशु हराउनासाथ नरबलिका लागि चोरिएको आशंका गरिएको थियो तर अनुसन्धानबाट अर्कै तथ्य खुल्यो । इलाका प्रहरी कार्यालय धरानका प्रहरी नायब उपरीक्षक (डीएसपी) ढुण्डीराज न्यौपानेका अनुसार लीलाको गर्भ चार महिनामा खेर गयो तर पतिलाई भन्न सकिनन् । ९ महिना पुगेपछि पतिलाई छोरा जन्मियो मात्र भनिनन्, इमोमा फोटोसमेत पठाइन् । रित्तो काख दिल्ली जाँदा श्रीमान्ले नस्वीकार्ने डरले बच्चा चोरेको बयान दिएकी छन्, लीलाले । न्यौपाने भन्छन्, "निःशुल्क सेवा गरेर आमा र कुरुवाको मन जित्ने, त्यही मौकामा शिशु लैजाने योजना रहेछ । त्यसका लागि उनले अस्पतालमा झन्डै दुई साता बिताइन् ।"

लीलासहित उनकी भाउजू मीना लिम्बू पनि पक्राउ परिन् । मीनाले अस्पतालबाहिर लीलासँग शिशु लिएर अटो रिक्सामा धरानको बगरकोट पुर्‍याएकी थिइन् । शिशु हराएपछि पनि अस्पतालमै रहेकी लीलाको मोबाइलमा मध्यरातमा मीनालाई गरेको कल रेकर्ड देखियो । प्रहरीले लीलाकै मोबाइलबाट फोन गर्‍यो, 'हेल्लो' भन्न नपाउँदै बच्चा रोएको आवाज सुनियो । त्यसपछि प्रहरी मीना भएकै ठाउँ पुगेर शिशुलाई उद्धार गर्‍यो ।

धरानमा शिशु चोरिएको पर्सिपल्ट लुम्बिनी मेडिकल कलेज प्रभास, पाल्पामा त्यस्तै घटना दोहोरियो । तानसेन नगरपालिका-९ की जमुना रानाले छोरा पाइन्, २६ असारमा । तर भोलिपल्ट अपराह्न बेडबाटै शिशु हरायो । जमुनाको रेखदेख गर्न आमा अस्पतालमा थिइन् । त्यही बेला अस्पतालमा आएर बच्चा खेलाउन थालिन्, एक महिला । जमुना निदाइरहेकी थिइन्, आमा बच्चा छाडेर ज्वानोको झोल लिन क्यान्टिन गइन् । त्यही बेला ती महिला शिशु लिएर भागिन् । धन्न ! २४ घन्टा नबित्दै प्रहरीले शिशु फेला पार्‍यो र चोर्ने महिलालाई पक्राउ गर्‍यो ।

समाजमा अनेक रूपरेखाका अपराध मौलाइरहेका छन् । नवजात शिशु चोरीका यी दुई घटना त्यही प्रवृत्तिका उदाहरण हुन् । आमाको काखबाट, कहिलेकाहीँ आमाले समेत अनुहार देख्न नपाई सन्तान चोरिन्छ । चोर्ने पनि आमा उमेरका महिला नै हुन्छन् । कति दर्दनाक परिस्थिति ! अचम्म त के भने अस्पतालबाट छोरा मात्र हराउँछन् । अधिकारकर्मी रीता साह भन्छिन्, "छोरा नहुँदा पारिवारिक/सामाजिक तिरस्कार सामना गर्नुपर्ने भएकाले शिशु चोरीमा आमाहरूकै संलग्नता हुने गर्छ ।"

साहका अनुसार छोरा नभएका आमाले

वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालबाट शिशु चोरेको आरोपमा पक्राउ परेकी लालसादेवी साह

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट शिशु चोरेको आरोपमा पक्राउ परेका लीला विश्वकर्मा र मीना लिम्बू (दायाँ)

'अपुत्र' भन्दै अपमानित हुनुपर्छ, पतिले हेला गर्छन् र परिवारका अन्य सदस्यले हेप्छन्। यही भूमरीबाट बच्न महिलाले गलत बाटो रोज्ने गरेको पाइएको छ। रीता थप्छिन्, "छोरी पाउँदा दाइजो दिनुपर्ने हुन्छ, छोराले ल्याउँछ। छोरा चोरीको घटनालाई आम अपराधका रूपमा मात्र नहेरी सामाजिक विकृति र कुसंस्कारको पनि विश्लेषण गर्नुपर्छ।"

यसको जड पुत्रमोह हो भनेर प्रस्ट्याउने घटना अनेक छन्। वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा छपकैया-१ की उषा पासवानले छोरी पाउनेबित्तिकै लफडा भयो। आफूले छोरा पाएको तर अस्पतालले साटेर छोरी दिएको उषाको आरोप थियो। उनका परिवारले सही थापे। अस्पतालमा तोडफोड हुने स्थिति आयो। तर लामो छलफलपछि विवाद टुंगियो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा एनामुल हकका अनुसार यस्ता घटना पटक-पटक हुन्छन्। केही समयअघि एउटी महिलाले छोरी पाएपछि फेरि समस्या सिर्जना भयो। उनले पनि छोरा पाएको तर अस्पतालका कर्मचारीले छलकपट गरेर छोरी दिएको बताइन्। अस्पताल प्रशासनले प्रहरीमा उजुरी दिएर सत्यतथ्य छानबिन गराउन चुनौती दियो। तर पछि घटना सामसुम भयो। डा हक भन्छन्, "प्रहरीकहाँ उजुरी नदिने तर अस्पताललाई दोष दिने गरिन्छ। परिवार र समाजको डरले आमा स्वयं झूट बोल्न बाध्य हुन्छन्जस्तो लाग्छ।"

छोरा साटेको आरोप बढ्न थालेपछि अस्पताल प्रशासन सजग हुन थाल्यो। हकका अनुसार अहिले बच्चा जन्मनेबित्तिकै सुत्केरीलाई देखाइन्छ, बच्चा के हो भनेर सोधिन्छ, अभिभावकलाई बुझाइन्छ। त्यसपछि हस्ताक्षर गरेर मात्र सुत्केरीलाई वार्डमा सारिन्छ। अधिकांश आमालाई छोरी स्वीकार्न गाह्रो हुन्छ, छोरी जन्मिएको थाहा पाउनासाथ बेहोसजस्तो हुन्छन्। छोरी पाएपछि अस्पताल आएका आफन्तले गर्ने व्यवहार नै फरक हुन्छ। मधेसको समाजबारे जानकार डा हकको बुझाइ छ, "छोरा नै हुनुपर्छ भन्ने विसंगति निर्मूल नभएसम्म छोरी पाउने आमाले दुर्व्यवहार सहिरहनुपर्छ। त्यस्ता कतिपय महिला झूट बोल्ने र शिशु चोर्नेजस्ता अपराधमा हेलिने गर्छन्।"

शिशु चोरिनुमा अस्पतालको त्रुटि पनि नजरअन्दाज गर्न मिल्दैन। अढाइ वर्षअगाडि वीरगन्ज-२ की आशादेवी पासवानले नारायणी उपक्षेत्रीय अस्पतालमा छोरा जन्माइन्। अस्पतालमा आशादेवी र सासू रमावतीदेवी थिए। शिशु जन्मिएको एक घन्टा नबित्दै एक महिला बेडमा आइन्, शिशु खेलाउन थालिन्। बच्चालाई दूध-पाउरोटी खुवाउनुपर्ने सुझाव दिइन्। आशादेवी निदाइरहेकी थिइन्, रमावतीदेवी नातिलाई दूध-पाउरोटी किन्न क्यान्टिन गइन्। त्यही मौकामा ती महिलाले शिशु लिएर भागिन्। उनी रहिछन्, पर्सा बेलवा-९ की लालसादेवी शाह। विवाह गरेको पाँच वर्षसम्म सन्तान नभएपछि उनले शिशु चोरेको अनुसन्धानबाट खुलेको थियो। तर यहाँ परिवारसँगै अस्पताल प्रशासनको पनि लापरवाही देखिन्छ।

सुपरिटेन्डेन्ट हकका अनुसार अस्पतालमा दैनिक औसत ३५ सुत्केरी हुन्छन्। तर कर्मचारी

"छोरा र छोरीको विभेद निमिट्यान्न नभएसम्म सक्नेले अरूको छोरा किन्छन्, नसक्नेले चोर्छन् वा साट्छन्।

– **रीता साह**, अधिकारकर्मी

र बेड कम छ। हक दुखेसो पोख्छन्, "सरकारी अस्पतालमा कुरुवाको चाप बढी हुन्छ। नियन्त्रण गर्नै मुस्किल पर्छ। त्यसैले जति गर्नुपर्ने हो, सकिरहेका छैनौं।"

अस्पताल परिसरमा सीसीटीभी राख्ने, आगन्तुकमाथि निगरानी गर्नेजस्ता काम सुरु भएको उनले जानकारी दिए। खासमा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट शिशु हराएको घटनामा पनि अस्पताल र परिवारकै हेल्चेक्र्याइँ छ। नयाँ मान्छे त्यति धेरै दिन आउजाउ गर्दा अस्पताल प्रशासनले सोधखोज गरेन, सुत्केरी र आफन्तले पनि सहजै विश्वास गरिदिए। डीएसपी न्यौपाने भन्छन्, "अस्पतालमा भिजिटर कार्डको व्यवस्था हुने र आफन्त पनि अन्जान मान्छेप्रति सजग हुने हो भने शिशु चोरी हुँदैनथ्यो।"

वीरगन्जलगायत सहरमा शिशु चोरी र साट्ने घटना बढेसँगै गिरोह नै सक्रिय छ कि भन्ने चिन्ता बढेको छ। भारत पुऱ्याएर बेच्ने कतिपयको आशंका छ। तर नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डीआईजी) विश्वराज पोखरेलले अहिलेसम्म गिरोहको संलग्नता कतै नदेखिएको जानकारी दिए। भन्छन्, "संगठित अपराधभन्दा यदाकदा चाहेजस्तो सन्तान नभएका र निःसन्तानले शिशु चोर्ने गरेको पाइन्छ।"

हरेक घटनालाई केलाउँदै जाँदा कि बाँझोपनबाट पीडितहरू यस्तो अपराधमा संलग्न छन् कि छोरा नभएर तड्पिएकाहरू। त्यसैले अस्पतालमा सुरक्षा बढाएर र अभिभावक चनाखो भएर मात्र समस्या निराकरण नहुने विज्ञहरू चिन्ता व्यक्त गर्छन्। "छोरा र छोरीको विभेद निमिट्यान्न नभएसम्म सक्नेले अरूको किन्छन्, नसक्नेले चोर्छन् वा साट्छन्," अधिकारकर्मी साह भन्छिन्, "छोरी नपाउनु महिलाको दोष होइन भन्ने वैज्ञानिक चेतना जनस्तरमा पुऱ्याउनु आवश्यक छ।" उनी अझ चिन्तित किन छिन् भने शिक्षित र सम्पन्न भनिएकै परिवारमा पुत्रमोह र पुत्रीप्रतिको वितृष्णा बाक्लो छ। ने

पारमाणविक विधेयकले निम्त्याउने

युरेनियम अभिशाप

[बहस]

महेश मास्के

अमेरिका र इरान अहिले युद्धको सँघारमा पुगेका छन् । त्यसको प्रमुख कारण अमेरिकाले 'इरान पारमाणविक सम्झौता' बाट हात झिकेपछि उत्पन्न भयावह परिस्थिति हुन् । उक्त सम्झौताको पुनर्लेखन गर्न बाध्य पार्ने उद्देश्यले इरानको तेल निर्यातलाई शून्यमा झार्ने अमेरिकी दबाब र इरानले प्रत्युत्तरमा सीमा नाघेर युरेनियम परिमार्जन गर्ने धम्कीले विश्वको ध्यान अब युरेनियम र पारमाणविक हतियारमा केन्द्रित हुन पुगेको छ । यो मुद्दा नेपालका लागि पनि गम्भीर चासोको विषय हो किनकि यहाँ सदनमा पेस भएको पारमाणविक विधेयकले युरेनियमको प्रयोगबारे बहस प्रारम्भ गरेको छ । यो विधेयक स्वीकृत भएमा इरानलाई अनुमति दिएको सीमाभन्दा बढी युरेनियम परिमार्जन गर्ने अधिकार नेपालले पाउने मात्रै होइन, युद्धको खतरा मोलेर पनि इरानले पुग्न खोजेको युरेनियम परिमार्जनको उच्च लक्ष्य नेपालको प्रस्थानबिन्दु हुनेछ ।

युरेनियम परिमार्जनका विभिन्न तह छन् । पारमाणविक भट्टीबाट विद्युत् उत्पादन गर्न युरेनियम ४ प्रतिशत परिमार्जन भए पुग्छ । चिकित्सा र अन्य क्षेत्रमा रेडिओआइसोटोप उत्पादन गर्न २० देखि ९० प्रतिशतसम्म र पारमाणविक बम र हातहतियार बनाउन सामान्यतया ९० प्रतिशतभन्दा माथिको परिमार्जन प्रयोग हुन्छ । अहिले इरानले अनुमति पाएको ३.६७ प्रतिशत हो । अर्थात्, बिजुली उत्पादन गर्नेसम्म र उसले धम्की दिइरहेको परिमार्जनको स्तर २० प्रतिशत हो । नेपालले रेडियोआइसोटोप उत्पादनका लागि युरेनियम परिमार्जन गर्ने भनेकाले न्यूनतम पनि २० प्रतिशत आवश्यक पर्नेछ । त्यसैले इरानले जहाँ पुग्ने धम्की दिरहेको छ, त्यो परिमार्जन नेपालको प्रस्थानबिन्दु हुन्छ ।

के हो परिमार्जित युरेनियम : खानीबाट निकालिने प्राकृतिक युरेनियममा ९९.३ प्रतिशत युरेनियम-२३८ र ०.७ प्रतिशत युरेनियम-२३५ आइसोटोप हुन्छ । पारमाणविक भट्टीबाट बिजुली निकाल्न, मेडिकल आइसोटोप बनाउन वा पारमाणविक बम बनाउन चाहिने पारमाणविक पदार्थ भनेको यु-२३५ हो । त्यसलाई बाष्पीकरणको प्रक्रियाबाट अलग्याउँदै प्राकृतिक युरेनियममा त्यसको मात्रा बढाउनुलाई नै परिमार्जन भनिएको हो । अर्थात्, ४ प्रतिशत परिमार्जित युरेनियममा ९६ प्रतिशत यु-२३८ र ४५ यु-२३५ हुन्छ । प्रयोग भएपछि यु-२३५ सकिन्छ र यु-२३८ मात्र बाँकी रहन्छ, जसलाई डिप्लिटेड युरेनियम भनिन्छ । डिप्लिटेड युरेनियम ट्यांकलाई छेड्ने हातहतियार बनाउन सकिने हुनाले प्रदूषण र सुरक्षाको दृष्टिले पनि समस्याजनक हुन्छ । सुरक्षा र प्रदूषणको मुद्दालाई एकछिन बिर्सिदिने हो भने पनि उत्खनन, प्रशोधन, परिमार्जन र प्रयोग गर्ने संयन्त्र तथा भट्टीको स्थापनामा मात्रै खर्बौं रुपैयाँको लगानी चाहिन्छ, सञ्चालन खर्च छुट्टै ।

नेपालमा अहिले कृषि औजार पनि आफैँ उत्पादन गर्ने औद्योगिक क्षमता नभएको र एक्सरे मेसिनको सुरक्षित प्रयोगमा समेत यथेष्ट सावधानी पुऱ्याउन नसकिरहेको अवस्थामा युरेनियम प्रशोधन र परिमार्जनको अनुमति इन्टरनेसनल एटमिक इनर्जी एजेन्सी (आईएईए) जस्तो संस्थाबाट कसरी पायो वा पाउन सक्छ भन्ने प्रश्नवाचक चिह्न उठ्नु स्वाभाविकै हो । विश्वमा हाल १५ वटा देशमा युरेनियम परिमार्जन गर्ने क्षमता छ- अर्जेन्टिना, ब्राजिल, चीन, फ्रान्स, जर्मनी, भारत, इरान, जापान, उत्तर कोरिया, नेदरल्यान्ड, पाकिस्तान, रुस, बेलायत, अमेरिका र इजरायल । दक्षिण अफ्रिका र लिबियामा खुलेको त्यस्तो संयन्त्र बन्द गरिएको छ । संसारको सबैभन्दा धेरै युरेनियम उत्पादक देश काजकिस्तान (विश्व उत्पादनको ३९ प्रतिशत) मा युरेनियम परिमार्जन गर्ने संयन्त्र छैन । विश्वको चौथो र पाँचौं ठूला युरेनियम उत्पादक देश नामिबिया र नाइजरले पनि यस्ता संयन्त्र स्थापना गर्न अघि बढेका छैनन् । उनीहरूले बेच्ने भनेको सल्फ्युरिक एसिडले सफा गरिएको युरेनियम कच्चा पदार्थ नै हो, जुन पहेँलो देखिने हुनाले एलो केक भनिन्छ । धनी देशको ४० औं स्थानमा रहेको कजाकस्तानले आर्थिक सम्भाव्यता नभएका कारण युरेनियम परिमार्जनतर्फ बढ्न नसकेको बताएको छ । नेपालको आर्थिक स्थितिको हैसियत हामी सबैलाई थाहा भएकै हो ।

यस्तो परिदृश्यको पृष्ठभूमिमा नेपाल यसतर्फ तम्सिएको देख्दा उदेक लाग्नु अस्वाभाविक होइन । तर मुद्दा नेपालको आर्थिक क्षमताको मात्रै होइन, नेपालमा युरेनियम



युरेनियम मात्रै होइन, गरिब र कमजोर देशका प्राकृतिक स्रोतमाथि धनी र शक्तिशाली देशको आँखा गडेका हुन्छन् । साम्राज्यवाद र नवउपनिवेशवादको उद्भव त्यसै भएको होइन ।

प्रयोगको आवश्यकता छ/छैन भन्ने हो । नेपालको अमूल्य प्राकृतिक स्रोत-साधन, वातावरण, जैविक विविधतालाई रेडियो विकिरणले करोडौं वर्ष प्रदूषित गर्ने कि नगर्ने भन्ने हो । जुन उद्देश्यका लागि यो विधेयक चाहिएको भनिएको छ, त्यसका लागि युरेनियम र पारमाणविक भट्टीको आवश्यकता नै छैन भने युरेनियमको यत्रो विधि रटना/जपना किन भन्ने प्रश्न उठेको हो ।

पारमाणविक विधेयक : मुस्ताङमा युरेनियमको ठूलो खानी फेला परेको चर्चासँगै सात महिनाअघि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगको सम्बन्धमा व्यवस्थित गर्न बनेको विधेयक' छोटकरीमा परमाणविक विधेयक सदनमा दर्ता गऱ्यो । उपनामअनुसार नै उक्त विधेयक रेडियोधर्मी पदार्थभन्दा पनि पारमाणविक पदार्थमा केन्द्रित छ । चिकित्सा र अन्य क्षेत्रमा प्रयोग हुने रेडियोआइसोटोप, कोबाल्ट ६० जस्ता क्यान्सर उपचार र कृषि क्षेत्रमा प्रयोग हुने पदार्थ रेडियोधर्मी पदार्थका उदाहरण हुन्, जसको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगको कानुनी व्यवस्थापन नेपालका लागि अत्यन्तै आवश्यक छ । यो विधेयकका आलोचक पनि सुरुदेखि नै त्यस प्रकारको रेडियोधर्मी पदार्थ विधेयक यथाशीघ्र आओस् भन्ने पक्षमा छन् । तर विधेयकका प्रस्तोताको उद्देश्य त प्राकृतिक युरेनियमबाट उत्पादित हुने परमाणु पदार्थको शान्तिपूर्ण प्रयोगमा छ । पारमाणविक पदार्थ भन्नाले पारमाणविक हातहतियार पनि बनाउन सकिने युरेनियम-२३५, यु-२३३ र प्लुटोनियमका आइसोटोप हुन् भनेर यो विधेयकले नै परिभाषित गरेको छ । साथै, अनुसन्धान केन्द्रको नाममा त्यस्ता पदार्थको निकासी र पैठारीको छुट पनि चाहिएको छ ।

न्युक्लियर रिसर्च सेन्टर : विधेयकका प्रवक्ताहरूले प्रेसमा बोलेजस्तो न्युक्लियर रिसर्च सेन्टर यो विधेयकमा कतै उल्लेख छैन । आलोचना बढ्न थालेपछि संशोधन प्रस्तावबाट त्यसलाई प्रवेश गराइएको हो । मेडिकल र अन्य आइसोटोप उत्पादन गर्ने पारमाणविक अनुसन्धान भट्टीको उद्योग स्थापना र लाइसेन्स वितरणलाई नै न्युक्लियर रिसर्च सेन्टर मानेको देखिन्छ । तर उपरोक्त रेडियोआइसोटोप उत्पादन गर्न युरेनियम र भट्टीको आवश्यकता पर्दैन भन्नेचाहिँ सर्वसाधारणको आँखाबाट लुकाइएको छ । अनुसन्धानको नाममा पारमाणविक भट्टीबाटै पारमाणविक हातहतियार बनाउने सामग्री उत्पादन गरेको इतिहासले गर्दा विश्व अहिले साइक्लोट्रोन प्रविधितर्फ बढी आकर्षित भएको छ । इरानलाई २० प्रतिशतसम्म परिमार्जन गर्न नदिने उपक्रम पनि यसै खतराले हो । हामी अहिले विज्ञान र प्रविधिको त्यो युगमा आइपुगेका छौं, जहाँ युरेनियम र पारमाणविक भट्टीबिना पनि सस्तो र सुरक्षित प्रकारले साइक्लोट्रोनबाट त्यस्ता रेडियोआइसोटोप उत्पादन गर्न सकिन्छ । साइक्लोट्रोन एक चुम्बकीय पार्टिकल एक्सेलेरेटर भएकाले यसले पार्टिकल फिजिक्सको अध्ययनलाई पनि मद्दत पुग्नेछ । त्यस्तो साइक्लोट्रोन आधारित अनुसन्धान केन्द्र सबै प्रकारले नेपालका लागि उपयुक्त हुनेछ ।

साइक्लोट्रोनको विकल्पबारे सार्वजनिक रूपले सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गराउँदा पनि मन्त्रालयले मात्रै होइन, राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान र यससँग सम्बन्धित भौतिकशास्त्री र रसायनशास्त्रीले त्यसको खण्डन गरेका छैनन् । सन् २००८ मै प्रकाशित आईएईएको दस्तावेज 'साइक्लोट्रोन प्रोड्युस्ड रेडियोन्युक्लाइड्स प्रिन्सिपल्स एन्ड प्राक्टिस' ले साइक्लोट्रोनको उक्त क्षमतामाथि प्रकाश पारिसकेको हुनाले पनि त्यसको खण्डन गर्न नसकेको होला । जे उत्पादन गर्न पारमाणविक विधेयकको औचित्य पेस गरिएको छ, त्यसलाई युरेनियम र अनुसन्धान भट्टी नै चाहिँदैन भने युरेनियम उत्खनन र प्रशोधन, परिमार्जन तथा प्रयोगको खतरापूर्ण बाटोमा नेपाललाई किन हिँडाउन खोजिएको हो ? यो प्रश्न अब नेपाल सरकारलाई मात्रै होइन, आईएईएलाई पनि सोध्नु आवश्यक भइसकेको छ ।

माथिका विवेचनाले दिने निष्कर्ष हो- यो रिसर्च सेन्टर त एउटा आवरण मात्र हो । यो पारमाणविक विधेयकको वास्तविक उद्देश्य नेपालमा युरेनियम उत्खनन, प्रशोधन, परिमार्जन, प्रयोग, भण्डारण र पारवहन सुविधा प्रयोग गरी सीमा वारिपारि र अन्य

देशसँग पारमाणविक पदार्थ ओसारपसार गर्ने अनुमति हो । यदि त्यसो हो भने नेपाली जनतालाई यो विधेयक त्यही उद्देश्यका लागि ल्याएको हो भनिदिए इमानदारी हुन्थ्यो । अनि बहस प्रस्ट दिशातर्फ मोडिन्थ्यो । मोही माग्नेले किन ढुंग्रो लुकाउनु ? यदि यहाँ व्यक्त गरेको आशंका सही हो भने खानी हेर्ने उद्योग वाणिज्य मन्त्रालयबाट पनि ढिलोचाँडो यस्तै प्रकारको विधेयक सदनमा पेस हुने नै छ । नेपाल सरकारको बजेट नीति तथा कार्यक्रम र बजेट भाषणमा युरेनियम खानी उत्खननका लागि बजेट छुट्याउने प्रतिबद्धता त्यसैको संकेत हो । तथापि सदन र सम्बन्धित उपसमितिमा परमाणु विधेयकको सशक्त विरोध हुनु आशाका किरण हुन् ।

युरेनियम समृद्धिको सपना : युरेनियम उत्खनन गरेर, त्यसलाई प्रशोधन र प्रयोग गरेर नेपाललाई छिट्टै समृद्ध बनाउन सकिन्छ भन्ने चर्चा अहिले निकै सुन्न थालिएको छ । आर्थिक रूपले कमजोर देश नेपालमा हरेक त्यस्तो सम्भावनाले उत्साहित हुनु वा सपना बुन्नु स्वाभाविकै हो । तर अर्बौं-खर्बौं रुपैयाँ खर्च गरेर परिमार्जित युरेनियम नेपालले उत्पादन नै गर्‍यो भने त्यसको प्रयोग गर्ने ठाउँ कहाँ हो त भन्नुपर्‍यो । पारमाणविक भट्टीमा युरेनियम 'टार्गेट' प्रज्वलन गरेर टेक्नेसियम ९९ जस्ता मेडिकल आईसोटोप निकालियो नै भने पनि नेपालको दैनिक आवश्यकता कति छ ? केही मिलि क्युरी (एमसीआई) मात्र, जुन केही सय ग्राम युरेनियमबाटै निस्किन्छ । प्रदूषण र जोखिमप्रति आँखा चिम्ले पनि यो आर्थिक रूपले लाभ दिने उद्योग होइन । दोस्रो विकल्प भनेको बिजुली उत्पादन गर्न भट्टीमा खपत गर्नु हो । नेपालमा हाइड्रोपावर र पुनर्नवीकरणीय ऊर्जाबाटै यथेष्ट बिजुली निकाल्न सक्ने क्षमता भएकाले युरेनियमको कुनै आवश्यकता छैन । तेस्रो विकल्प भनेको प्रशोधित वा परिमार्जित युरेनियम अन्य देशलाई बेच्नु हो । नेपालजस्तो भूराजनीतिक रूपले संवेदनशील राष्ट्रले के त्यसो गर्नु सम्भव छ ?

अफ्रिकाको भूपरिवेष्टित देश नाइजरको विगत ६० वर्षको अनुभव युरेनियमसँग जोडिएको सम्भावित जोखिम, अवैध व्यापारको आरोप र समृद्धिको दुःखान्तको कहानी भएकाले उसको उदाहरण नेपालका लागि विशेष रूपले प्रासंगिक छ । सद्दाम हुसैनको इराकलाई युरेनियम केक बेचेको आरोप अमेरिकाले नाइजरमाथि लगाएपछि पाएको दुःख त्यहाँका जनताले अझै बिर्सेका छैनन् । नेपाल त नाइजरभन्दा कैयौं गुणा भूराजनीतिक रूपले संवेदनशील देश हो । युरेनियम मात्रै होइन, गरिब र कमजोर देशका प्राकृतिक स्रोतमाथि धनी र शक्तिशाली देशको आँखा गडेका हुन्छन् । साम्राज्यवाद र नवउपनिवेशवादको उद्भव त्यसै भएको होइन । र, भूमण्डलीकरण विश्वमा स्रोतमाथिको अधिकार र प्रयोग अन्ततः त्यस्तै असमान शक्ति सम्बन्धले निर्धारित गरेको हुन्छ ।

अभिशाप : ६० वर्षअघि संसारको सबैभन्दा गरिब देशमध्ये एक नाइजर फ्रान्सको उपनिवेशबाट मुक्त हुँदा युरेनियमबाट समृद्ध हुने सपना साँचेको थियो । फ्रान्स त्यहाँबाट हटे पनि नाइजरको युरेनियममाथि उसका कम्पनीको एकाधिकार कायमै रह्यो । फ्रान्सको एक तिहाइ विद्युत्को स्रोत नाइजरको यही युरेनियम केकले धानेको छ । तर ८० प्रतिशत नाइजर जनता बिजुलीबिना बाँचिरहेका छन् । नाइजरको जीडीपीको ७० प्रतिशत योगदान फ्रान्सलाई निर्यात गरेको युरेनियमले ओगट्छ तर गरिबीको मार भने जस्ताको तस्तै छ । सन् २०१८ मा नाइजर मानव विकास सूचकांकमा सबैभन्दा तल अर्थात् १८९ देशमा १८९ नै स्थानमा पुग्यो । खानीमा काम गर्ने र वरपरका वासिन्दा विकिरणजन्य रोगका सिकार भएका छन् । जमिन प्रदूषणका साथै पानीको कमी भएको देश नाइजरका नदीनाला र जमिनमुनिको पानी रेडियो विकिरणले प्रदूषित भएको छ । उपनिवेशबाट मुक्त हुँदा नाइजरेलीले युरेनियमलाई वरदान ठाने पनि अहिले त्यसलाई 'नाइजरको अभिशाप' भनिँदै छ ।

> युरेनियमलाई जमिनमुनि नै रहन दिएर समृद्धि, विज्ञान र प्रविधिको वैकल्पिक बाटो खोजी गर्नु नै आउँदा सन्ततिको भविष्यलाई स्वस्थ र सुरक्षित बनाउन हामीले दिने महत्त्वपूर्ण योगदान हुनेछ ।

युरेनियमको अभिशापबाट नेपाल पनि अछूतो हुने देखिँदैन । यसको सबैभन्दा पहिलो प्रहार नेपालको जलस्रोत र वातावरणमाथि हुनेछ । त्यसपछि भूराजनीतिक सम्बन्धमा । वातावरण शोधकर्ता आरले टित्जलरका अनुसार 'माथिल्लो मुस्ताङ क्षेत्र र यसका ग्लेसियर संसारका छानामा अवस्थित छन् र यस्तो पानीढलोको निर्माण गर्छन्, जसले नेपालको सीमा वारिपारि चीन र भारतसमेतमा पुगेर त्यहाँको जमिन र जीवनलाई पोषित र सिञ्चित गर्छन् । त्यहाँ नजिकै युरेनियम खानीलाई उत्खनन स्वीकृति दिने हो भने सम्पूर्ण गण्डकी पानीढलो रेडियो विकिरणले प्रदूषित हुने जोखिममा पर्नेछ । मुस्ताङको युरेनियम खानी तिब्बत स्वशासित क्षेत्र सीमाभन्दा १० किलोमिटर दूरी मात्रामा रहेकाले नेपाल आफ्नो सीमापारका जनतामा रेडियो विकिरणको खतराका लागि जिम्मेवार बन्नुपर्ने हुन सक्छ ।' गण्डकी पानीढलो र नदी नै प्रदूषित हुने हो भने त्यो पानी प्रयोग गर्ने मानव बस्तीको स्वास्थ्य स्थिति कस्तो होला ? संसारका सबैभन्दा सुन्दर उपत्यका र जैविक विविधता भएका पोखरा, घान्द्रुक, थाक क्षेत्र र मुस्ताङजस्ता नेपालका पर्यटकीय थलोमा को घुम्न आउला ? त्यसले नेपालमा कस्तो खालको समृद्धि ल्याउला ?

हामी जलवायु र पर्यावरणीय संकटले गर्दा नेपाल खतराको सीमामा पुगिसक्यो भनी छट्पटिन्छौं तर त्यस्तो संकट निम्त्याउने विकराल प्रस्तावना धकै नमानी र आम छलफलमै नल्याई सजिलै संसद्बाट पारित गराउन खोज्छौं । हामी नेपालमा बुद्ध जन्मेका थिए भनेर गौरव गर्छौं र बुद्धको नाम अगाडि सारेर नेपालको सशक्त मौलिक कूटनीति भनेको 'शान्त कूटनीति' नै हो भनेर ठोकुवा गर्छौं । तर अर्कोतिर युरेनियमले निम्त्याउन सक्ने अशान्तिलाई ढोकाको कब्जासमेत फुस्कने गरी खोलेर स्वागत गर्छौं । यस्ता पाखण्डको हास्यास्पद बोझ उठाउनुभन्दा अमेरिका-इरानको पारमाणविक द्वन्द्व र नाइजरको अभिशापबाट पाठ सिकेर बेलैमा सच्चिने पाइला उठाउनु सबैका लागि हितकर हुनेछ । युरेनियमलाई जमिनमुनि नै रहन दिएर समृद्धि, विज्ञान र प्रविधिका वैकल्पिक बाटाको खोजी गर्नु नै आउँदा सन्ततिको भविष्यलाई स्वस्थ र सुरक्षित बनाउन हामीले दिने महत्त्वपूर्ण योगदान हुनेछ । ने

सरोकार



हुलाकी राजमार्गका नयाँ सहर

गौरीगन्ज-झापा
रंगेली-मोरङ
मनरा-महोत्तरी
ब्रह्मपुरी-सर्लाही
मौलापुर-रौतहट
महागढीमाई-बारा
बर्दघाट-नवलपरासी
बेलौरी-कञ्चनपुर
भजनी-कैलाली

मेगा सिटी

विराटनगर-इटहरी
काठमाडौं उपत्यका
वीरगन्ज-जितपुर-सिमरा
पोखरा उपत्यका
बुटवल-सिद्धार्थनगर
नेपालगन्ज-कोहलपुर
धनगढी-अत्तरिया

मध्य पहाडी लोकमार्गका नयाँ सहर

फिदिम-पाँचथर
वसन्तपुर-तेह्रथुम
खुर्कोट-सिन्धुली
बैरेनी गल्छी-धादिङ
डुम्रे-तनहुँ
बुर्तिवाङ,-बाग्लुङ
चौरजहारी-रुकुम
राकम, कर्णाली-दैलेख
साँफेबगर-अछाम
पाटन-बैतडी
भेरी-सुर्खेत
भिंग्री-प्युठान

स्मार्ट सिटी

निजगढ
लुम्बिनी
पालुङटार-गोरखा
धनकुटा
मिर्चैया-सिरहा
चन्द्रपुर-रौतहट
काभ्रे
भरतपुर-चितवन
वालिङ-स्याङ्जा
तुलसीपुर-दाङ
दुल्लु-दैलेख
अमरगढी-डडेलधुरा
टीकापुर-कैलाली

तराई नयाँ सहर

कटहरिया-रौतहट
ईश्वरपुरी-सर्लाही
शम्भुनाथ-सप्तरी
बलवा-महोत्तरी
गढवा-दाङ

स्याटलाइट सिटी

गोठाटार-काठमाडौं, थिमी-भक्तपुर
सैंबु-चोभार-ललितपुर
सूर्यविनायक-गुन्डु-बालकोट (भक्तपुर), लामाटार-ललितपुर
टोखा-काठमाडौं

सुरेन्द्र पाण्डे
(बजेट ०६७/६८)
२० मध्य पहाडी नयाँ सहरको घोषणा/ १० कार्यान्वयनमा

रामशरण महत
(बजेट ०७२/७३)
उपत्यकाबाहिर २ र काठमाडौंमा एक स्मार्ट सिटी घोषणा

विष्णु पौडेल
(बजेट ०७३/७४)
मध्य पहाडीमा २ सहर
२ स्याटलाइट सिटी
११ वटा स्मार्ट सिटी
हुलाकी राजमार्गमा १०
तराईमा ५ नयाँ सहर

युवराज खतिवडा
(बजेट ०७६/७७)
७ मेगा सिटी

सहरै सहरको देश

चार अर्थमन्त्रीको पालामा ५५ भन्दा बढी नयाँ सहर विकास घोषणा

विजयराज खनाल

पहाडदेखि तराई र गाउँदेखि सहरतर्फको मुख्यतः काठमाडौं केन्द्रित बसाइँसराइ कम गर्दै विभिन्न क्षेत्रमा साना तथा मझौला आधुनिक सहर विकास गर्ने उद्देश्यले ०६७/६८ बाट सरकारले नयाँ रणनीति अँगाल्यो। तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले मध्यपहाडी लोकमार्गलाई चार लेनको सडकका रूपमा विकास गर्ने र त्यसको सेरोफेरोमा २० वटा नयाँ सहर बसाउने घोषणा बजेटमै गरे।

एकीकृत सहर बनाउने यसअघिका घोषणामा क्रमभंग गर्दै पाण्डेले मध्यपहाडी क्षेत्रमा २० वटा नयाँ सहर विकास गर्ने सोचलाई मूर्त रूप दिन क्रियाशील भएको बजेटमा उल्लेख गरेका थिए। तर अहिले त्यो क्षेत्रमा १२ वटा सहर मात्र बनाउने सोचका साथ काम भइरहेको छ। कम्तीमा १० वर्षमा नयाँ सहर निर्माण हुने अपेक्षा गरिएको ८ वर्ष पूरा भइसकेको छ। यी सहरले समयमै

सहरी विकासमा लापरबाही

लिच्छवि र मल्लकालमा बनेका पाटन, भक्तपुर, काठमाडौंलगायत क्षेत्रको सहरी विकासमा त्यतिखेरको विज्ञान प्रतिविम्बित हुन्छ । वास्तुकला, त्यतिबेलाका भवन, सहर, बजार व्यवस्थापन देख्न सकिन्छ । राणाहरूले युरोप भ्रमणपछि नेपालमा आएर केही विकास गरे । त्यो समय केही चौडा बाटा, टुँडिखेलजस्ता क्षेत्र उनीहरूले विकास गरे पनि सीमित क्षेत्रमा मात्र थियो । पञ्चायतको पूर्वार्द्धमा केही राजमार्ग बने । त्यसपछिको समय सहरी विकासमा सबैभन्दा धेरै लापरबाही भयो ।

हामीले सहरी विकासका आधारभूत पूर्वाधार निर्माण गरिसकेका छैनौं । न सोच नै छ । हाम्रा प्रधानमन्त्री, सहरी विकासका मन्त्री, कर्मचारी सबै विदेश पुगेर त्यहाँको विकास देखेर आए पनि राजनीतिक र योजनाको तहमा त्यो अनुभूति गर्न सकिँदैन । एउटा राजमार्ग, पुल, ठूला भवन बनाउनु कुनै गाह्रो कुरा होइन । अहिले नै काठमाडौंमा भएका ठूला कम्प्लेक्स, होटल अन्य देशका भन्दा कम छैनन् । तर समग्र सहरमा राजनीतिक, प्राविधिक पक्ष आउँछ । नियमन, संस्कृति, सम्पदा पनि आउँछन् । तीमध्ये एउटा मात्र ठीक भएन भने विकास बरालिन्छ । त्यसैले अहिले आधारभूत पक्ष सुधारेर

[टिप्पणी]

सूर्यराज आचार्य

मात्रै सहरी विकास गर्नुपर्नेमा हामीहरू टुप्पोबाट भाषणबाजी गर्छौं र त्यही तहबाट यो वा ऊ भनेर नयाँ योजना ल्याउँछौं ।

स्मार्ट सिटी, मेगा सिटी, स्याटलाइट सिटीलगायतका अनेक नाममा आउने अभिव्यक्ति यसैको उपज हो । स्मार्ट सिटीका लागि केही पूर्वसर्त पूरा भएको हुनैपर्छ । त्यसका लागि पहिले ठीकठाकको सहर चाहिन्छ । खानेपानी, ढल, बिजुली, भवन संहिताको पालनाजस्ता आधारभूत पक्ष हुनुपर्छ । स्मार्ट सहरका अवयव प्रविधिमा आधारित यातायात, फोहोर व्यवस्थापनलगायत लागू गर्न सजिलो हुन्थ्यो । नयाँ सुरुआत गर्न नसकिने भन्ने होइन । यद्यपि त्यो लागू गराउन खोजिरहेका मेयर, कर्मचारीमा यसको आधारभूत पक्षको जानकारी नै छैन । जमिन व्यवस्थापन, योजनाबद्ध सहरी विकासका जटिलता, नियमनको पाटो, जनतालाई दिनुपर्ने सुविधा, कर आदिबारे कुनै कामै नभई घोषणा गर्न मात्र लागिपरेका छन् । हाम्रो मुलुकमा विकास ढिला हुँदाको लाभ लिन सक्ने अवस्थामा भने छौं । अर्थात्, नयाँ प्रविधिसहितको विकास गर्न सक्छौं । स्मार्ट सहरको अवधारणा पनि नयाँ प्रविधिसहितको सहर भन्ने अर्थमा हुने हो । त्यसका लागि ठूलो क्षेत्र नचाहिने हुँदा सानोमा समेत पाइलट आयोजनाको रूपमा बनाउन सकिन्छ । यसैको अनुशरण स्थानीय तहले पनि गर्न सक्थे ।

पूर्णता पाउने सम्भावना नभए पनि सरकार विभिन्न नाममा अनगन्ती सहरको परिकल्पना गर्दै अगाडि बढेको छ ।

पहाडबाट तराई र अन्य क्षेत्रबाट काठमाडौंतर्फ बसाइँसराइ क्रम तीव्र छ । यसर्थ बजारको स्वरूपमा आइरहेका स्थानलाई नयाँ सहरमा विकास गर्नु आवश्यक पनि थियो । सन् २०११ को राष्ट्रिय जनगणनाअनुसार १० वर्षमा काठमाडौंमा ६५ प्रतिशतले जनसंख्या वृद्धि हुनुको मुख्य कारण बसाइँसराइ नै हो । काठमाडौंमा मात्रै उक्त समय १७ लाखभन्दा बढी मानिस बस्थे । अहिले यो दरमा समेत गुणात्मक वृद्धि भएको छ ।

तराईमा सबैभन्दा धेरै १ करोड ३३ लाख जनसंख्या बस्छ । त्यतिबेला ३७ लाख मानिस आफ्नो जिल्ला छाडेर अर्को जिल्लामा बस्न गएका थिए । "विसं २००० बाट बसाइँसराइ तीव्र हुन थालेको देखिन्छ," पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे भन्छन्, "तराईमा जग्गा किनेर खेती गर्ने सोचले पहिले बसाइँसराइ हुन्थ्यो, अहिले जग्गा व्यापार गर्ने उद्देश्यले भइरहेको छ ।" मुलुकको सन्तुलित विकास अभावमा यस्तो प्रवृत्ति मौलाएको उनको बुझाइ छ ।

मानिसले आफू जन्मेको थातथलो छाडिहाल्न नपर्ने र कुनै निश्चित क्षेत्रमा मात्र पर्ने चाप घटाउन पनि नयाँ सहर बनाउने घोषणा भए । एकपछि अर्को सहरको घोषणा गर्ने प्रवृत्तिले भने यस्ता कार्यक्रम कार्यान्वयनको तहमै जटिलता देखिएको छ । परिणामतः सबैभन्दा पहिले सुरु भएको मध्यपहाडी लोकमार्गका १० सहरमा कति प्रगति भयो, अब कति समय लाग्छ ? यस्ता प्रश्नको उत्तरसमेत यो क्षेत्र हेरिरहेको नयाँ सहर आयोजना समन्वय कार्यालयको जानकारीमा छैन ।

"अहिलेसम्म कति काम भयो भनेर वार्षिक प्रगतिबाहेक देखाउन सकिने अवस्था हुँदैन," कार्यालयका प्रवक्ता शशीकुमार यादव भन्छन्, "यी सहरका एकीकृत योजनाका आधारमा काम गर्दै जाने हो, समय र लगानी कति लाग्छ, अहिल्यै थाहा हुँदैन ।"

सहर घोषणा विशुद्ध राजनीतिक लाभ र सार्वजनिक खपतका लागि मात्रै हुने गरेको छ । उदाहरणका लागि नेकपाका एक अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले साउन ०७३ मा व्यवस्थापिका संसद्मा सहर बनाउने चलनचल्तीको घोषणाभन्दा एक कदम अगाडि बढेर १ सय स्मार्ट भिलेज बनाउने घोषणा नै गर्न भ्याए । तर त्यो घोषणामै सीमित हुन पुग्यो ।

पाण्डेले सुरु गरेको नयाँ सहर घोषणाको क्रमले भने हालका अर्थमन्त्री युवराज

यी अवधारणा विदेशी दातृ निकायका यहाँका परामर्शदाता र तिनका समकक्षीमा रहेका साथीहरूले बेकामी रिपोर्ट निकालेर बजेट सक्ने तहमा मात्र आएका छन्। अहिले स्थानीय तहको निर्वाचन भएको पनि २ वर्ष नाघिसक्यो। यी तहलाई पहिलो ६ महिनामा काठमाडौँले सहरी विकासमा गरेका गल्तीबारे बुझाएर सघाउनुपर्थ्यो। अहिले कुनै क्षेत्रमा सडक पुग्छ, त्यसपछि आफैँ सटरसहितका बस्ती बढ्छन् अनि जग्गा व्यवसायीले केही भित्री क्षेत्रसम्म सडक पुर्‍याउँछन्। यसरी नै सहर बन्दै जाने गरेको छ।

नयाँ सहर भनेर घोषणा भए पनि तिनको कामचाहिँ कर्मकाण्डी मात्र बनेको छ। अहिले पनि हामीले पूर्व-पश्चिममा रेलमार्ग बनाइरहेका छौँ। त्यसका स्टेसन केन्द्रित रहेर त्यसको केही किलोमिटर आसपास जग्गा एकीकरण गरेर सहर बसाल्न सक्छौँ। अहिले रेल विभागले स्टेसनका लागि मात्र जग्गा लिएको छ। भोलि त्यहाँ आफैँ सहर विकास भए पनि अव्यवस्थित हुँदै जान्छ। समस्या सहर भनेको के हो भन्ने बुझाइमा पनि छ। त्यसैले निर्वाचन आउने समय नगरपालिका कहाँ बनाउने र त्यसको सीमा कहाँ तोक्ने भन्नेमा मात्रै सरकार सीमित छ।

सहरी विकासको काम गुरुयोजना बनाउन भनेर आएको बजेट सक्ने मेसो मात्र बन्ने गरेको छ। बनेका गुरुयोजना कति छन्, त्यहीँ गएर पनि हेर्न सकिन्छ। ०४५ मा प्रकाशचन्द्र लोहनी सहरी विकास मन्त्रालयमा हुँदा दृढ राजनीतिक इच्छाशक्ति देखाएर काम गर्न खोजेका थिए। बागमती, विष्णुमतीलगायतका डोल क्षेत्रको निश्चित क्षेत्रसम्म जग्गा नै पास नहुनेसमेत बनाएका थिए। तर बहुदलपछि त्यसलाई तुहाइयो।

त्यही समय काठमाडौँ उपत्यका विकास प्राधिकरणको कानुन पनि आयो। त्यो सुस्त गतिमा थियो। बाबुराम भट्टराई प्रधानमन्त्री भएपछि केशव स्थापितलाई कार्यकारी दिएर क्रियाशील बनाइयो। भट्टराई विकासप्रेमी नै भए पनि त्यसलाई न्याय गर्न सकेनन्। प्राधिकरणजस्ता निकाय अन्य मुलुकमा पनि हुन्छन्। शक्तिशाली निकायका रूपमै यो रहनुपर्थ्यो। तर अधिकार अन्य निकायमा समेत दिइयो। परिणाम खानेपानी, विद्युत्, टेलिफोन सबैले सडक खन्न पाउँछन्। समन्वयकारी भूमिका नै भएन। सहरमा एकीकृत विकास हुनैपर्छ।

अहिले काठमाडौँ महानगरले यहाँको फ्लोर एरिया रेसियो (एफएआर) दोब्बर बनाइदिएको छ। अर्थात्, अहिले ३ तलासम्म घर बनाउन पाउने अवस्था छ भने अब ६ तलासम्म बनाउन सकिन्छ। अन्य मुलुकमा १० प्रतिशतले एफएआर बढाउँदा वर्षौं अध्ययन गर्छन्। काठमाडौँमा आवासका लागिसमेत ६ तला बनाउन पाउने व्यवस्था गरियो। मानौँ, अहिले काठमाडौँमा ४० लाख मानिस बस्छन् भने यो व्यवस्थाले ८० लाख बस्न सक्ने अवस्था हुन्छ। अनावश्यक रूपमा यसले जनघनत्व बढाउँदा सन्तुलित विकासमा प्रभाव पर्ने भएको छ। काठमाडौँले गरेको गल्ती अहिले अन्य सहरले पनि अनुसरण गरिरहेका छन्। त्यसैले आधारभूत सहरीकरणकै अवधारणामा हाम्रा शासक स्पष्ट हुन नसकेकाले समस्या आएको छ।

सहर भौगोलिक क्षेत्रले मात्र निर्धारण गर्दैन, यसको आफ्नै दायरा हुन्छ। कुनै एक ठाउँको मानिस बिहान उठेर काम गरेर साँझ घर फर्कन सक्ने क्षेत्रसमेतलाई सहरको दायरामा हेरिन्छ। अहिले धुलिखेल-काठमाडौँसम्म जोडिएको छ, भोलि नुवाकोटको विदुर र मकवानपुरको हेटौँडासमेत जोडिन सक्छ। त्यसैले यस्ता क्षेत्रमा ठूला यातायातको पूर्वाधार हुनुपर्छ। यो मात्र मेगा सिटीको अवधारणा हो। तर सरकारले यसको कल्पना नै बुझेको छैन। मेगा सिटीको एउटै सहरमा १ करोडभन्दा मानिस बस्न सक्छन्।

हाम्रोमा प्रचारबाजीको अस्त्र मात्र बनेका छन्, सहर घोषणा। पहिले र अहिलेका सरकार यसमा प्रतिस्पर्धा गरिरहेका छन्।

पूर्वाधारविद् आचार्यसँग कुराकानीमा आधारित।

खतिवडाको पालासम्म निरन्तरता पाइरहेकै छ। आठ वर्षे अवधिमा पाँच अर्थमन्त्री फेरिए भने चार जनाको पालामा नयाँ सहरका अवधारणा आए।

०७२/७३ मा तत्कालीन अर्थमन्त्री रामशरण महतले पाण्डेको घोषणाभन्दा फरक देखिन काठमाडौँ, लुम्बिनी र निजगढमा स्मार्ट सिटी बनाउने घोषणा गरे। ०७३/७४ मा अर्थमन्त्री विष्णु पौडेलले मध्यपहाडी लोकमार्गमा थप दुइटा नयाँ सहर, हुलाकी राजमार्गमा १० वटा नयाँ सहर, काठमाडौँमा ३ वटा स्याटलाइट सहर, उपत्यकाबाहिर थप ११ वटा स्मार्ट सिटीको घोषणा गरे। त्यही वर्ष तराईमा ५ वटा सहर निर्माण गर्ने उद्देश्यसमेत लिइयो। महतले काठमाडौँमा बनाउने भनेको स्मार्ट सिटीको नामै फेरेर पौडेलले काठमाडौँमा ३ वटा स्याटलाइट सहर बनाउने घोषणा गरे।

गत आवको बजेट ल्याउँदा अर्थमन्त्री खतिवडाले मेगा सिटीको चर्चा गरे। चालू आवको बजेटमा उनले स्थान किटेर ७ वटा मेगा सिटी विकास गर्ने घोषणा गरेका छन्। अन्ततः २७ वटा नयाँ सहर बनाइने भएको छ। त्यसबाहेक सरकारले १३ वटा स्मार्ट सिटी, ५ वटा हिमाली सहर, ७ वटा मेगा सिटी, हरित सहर बनाउनेजस्ता अवधारणासमेत अगाडि सारेको छ। मुलुकभर ५५ वटाभन्दा बढी सहर बनाउन थालिएको छ।

अनगन्ती सहर बनाउने भनिए पनि मध्यपहाडी लोकमार्गमा रहने सहरमा मात्रै केही काम भएको छ। कम्तीमा १० वर्षमा मध्यपहाडी लोकमार्गका १० सहर निर्माण पूरा हुने र एउटा सहरलाई करिब १५ अर्ब लगानी लाग्ने अनुमान गरिएको थियो। एउटा नयाँ सहरमा सरकारले ५ अर्ब लगानी गर्ने र निजी क्षेत्रबाट १० अर्ब रुपैयाँ लगानी हुने अपेक्षा थियो। अहिलेसम्म नयाँ सहरमा समेत कुल ३ अर्ब ४ करोडभन्दा लगानी भएको छैन। थपिएका नयाँ सहरमा समेत भएको खर्च हो यो।

दुई वर्षअघि घोषणा भएका १७ वटा नयाँ सहरको एकीकृत विकास योजना नै बनिसकेको छैन। हुलाकी लोकमार्गमा रहेका १० र तराई/मधेसका ५ सहरको योजना बन्न बाँकी छ। ती क्षेत्रमा सामान्य काम भएका छन्।

कार्यान्वयनकै तहमा आइसकेका नयाँ सहरका लागि सरकारले समेत पर्याप्त बजेट छुट्याउने गरेको छैन। ०७३/७४ अघिका सरकारले नयाँ सहर आयोजनालाई वार्षिक १ अर्बभन्दा पनि कम बजेट विनियोजन गरिरहेका थिए। त्यसयता बजेट केही बढ्यो तर अपुग भइरहेको नयाँ सहरी आयोजना समन्वय

कार्यालय बताइरहेको छ। एउटा नयाँ सहरमा आवश्यक बाटो बनाउन नै १५ अर्बसम्म लाग्ने अवस्था भएकाले सरकारले अहिले विनियोजन गरेको बजेट हात्तीको मुखमा जिरा मात्रै भएको तर्क नयाँ सहर समन्वय कार्यालयको छ।

कार्यालयले बजेट अभावमा काम गर्न सकिएन भनेर रोइलो गरिरहे पनि विनियोजित बजेटसमेत पूर्ण खर्च हुन सकेको छैन। ०७४/७५ मा सरकारले २ अर्ब ११ करोड रकम बजेट विनियोजन गरेकामा कार्यालयले ३५ करोड रुपैयाँ खर्च गर्न नसक्ने भन्दै अर्थ मन्त्रालयमा फिर्ता पठायो। बाँकी रहेको १ अर्ब ७६ करोडमा समेत सो वर्ष मात्रै १ अर्ब ५४ करोड खर्चिन सकेको छ। त्यसअघिका वर्षमा पनि संशोधित बजेटको ७० प्रतिशत मात्रै खर्च भइरहेको थियो।

आव ०७५/७६ मा नयाँ सहर प्रदेश सरकार मातहत ल्याइयो। प्रदेश स्तरबाट समेत गरेर सो वर्ष १ अर्ब ७६ करोड बजेट विनियोजन भएकामा गत जेठसम्मको तथ्यांकअनुसार करिब ३१ प्रतिशत मात्र खर्च भएको छ।

एउटै क्षेत्रका आयोजनामा प्रभावकारी काम गर्न नसकिरहेको नयाँ सहर आयोजना समन्वय कार्यालयलाई नै अहिले स्मार्ट सिटी, हिमाली सहरको समेत जिम्मेवारी दिइएको छ। करिब ५० वटा नयाँ सहर बनाउने जिम्मेवारी पाएको कार्यालय आफैँ अन्योलमा छ।

तीन वर्षअघिदेखि चर्चामा रहेका स्मार्ट सहरको पनि गुरुयोजना तयार भइसकेको छैन। राष्ट्रिय योजना आयोगका सदस्य सुनिलबाबु श्रेष्ठलगायतले साउन ०७३ मा यस सम्बन्धमा सामान्य खाका बनाएका थिए। स्मार्ट सहर हुन उनले सुझाएका चार आधार- स्मार्ट जनता, स्मार्ट शासन, स्मार्ट पूर्वाधार र स्मार्ट अर्थव्यवस्थामा केन्द्रित रहेर कार्यालयले सयभन्दा बढी सूचक बनाइरहेको छ। तर यसले अन्तिम रूप पाएको भने छैन।

सूचक टुंगो नलागे पनि कन्सल्ट्यान्टले चार आधारमा नै विस्तृत परियोजना प्रतिवेदनसहित गुरुयोजना तयार गरिरहेको छ। यद्यपि उसले योजना तयार गर्न थप केही महिना समय मागिरहेको छ। प्रविधिको प्रयोगकै आधारमा स्मार्ट सहरको अवधारणा ल्याइएको हो। तर सिर्जनशीलतालगायतका अमूक अवधारणालाई समेत मापदण्डको रूपमा लिइएको छ।

"सहरै नभएको देशमा स्मार्ट सहर बनाउँछु भन्नु आफू जान्ने-बुझ्ने छु भनेर



देखाउने प्रवृत्ति मात्रै हो," पाण्डे टिप्पणी गर्छन्, "त्यो नक्कल मात्रै हो। हामीले व्यवस्थित सहरको कुरा मात्र गरेका हौं।"

श्रेष्ठ भने स्मार्ट सिटी सम्भव भएको तर्क गर्छन्। "हामीले पहिले सबै नगरपालिकालाई स्मार्ट सिटीको रूपमा विकास गर्न सक्छौं भनेका थियौं," आयोगका पूर्वसदस्य श्रेष्ठ भन्छन्, "यसका लागि सरकार, जनता पूर्वाधार प्रविधिमा आधारित हुनुपर्छ, जुन असम्भव होइन।" नगरपालिकाको संख्या थपिएको यो समय यसलाई अवसरको रूपमा लिनुपर्ने उनको तर्क छ। स्मार्ट सहरका लागि सरकारले अहिले पनि पर्याप्त बजेट विनियोजन गरेको छैन। यसका लागि ६ करोड रुपैयाँ आएपछि कार्यालयले हरेकलाई ५० लाख छुट्याएर अध्ययन अगाडि बढाएको हो। संयोग कस्तो भने श्रेष्ठ सदस्य रहेर स्मार्ट सिटीको अवधारणा बनाइरहँदा त्यही आयोगका उपाध्यक्ष थिए, हालका अर्थमन्त्री खतिवडा।

काठमाडौँमा बनाइन लागेका ४ सहरको पनि डीपीआर अन्तिम चरणमा छ। यसको अध्ययन काठमाडौं उपत्यका विकास प्राधिकरणले गरिरहेको छ। स्थानीयकै जग्गा लिएर विकास गर्ने र तिनलाई नै हस्तान्तरण गर्ने (ल्यान्ड पुलिङ) आधारमा यसको विकास गर्न लागिएको हो।

यद्यपि यसका पनि विविध जटिलता छन्। प्राधिकरणले जग्गा लिएपछि त्यसको २ वर्षमै तयार पारेर स्थानीयलाई उक्त जग्गा फिर्ता गर्नुपर्छ। फिर्ता जग्गा जुन प्रयोगका लागि भनेर प्राधिकरणले तोकेको हुन्छ, स्थानीयले त्यही प्रयोगमै लगाउनुपर्ने हुन्छ। जस्तो, विद्यालय रहने जग्गा किटान भए उक्त जग्गा विद्यालयकै लागि प्रयोग गर्नुपर्छ। यो संविधानले प्रदत्त गरेको सम्पत्तिको हकविपरीत हुन सक्ने देखिएकाले यसलाई लागू गराउन भने सहज छैन। तर प्राधिकरणले यसमा केही उपाय देखेको छ। प्राधिकरणका अर्बन प्लानर भागवतभक्त खोकाली भन्छन्, "सो प्रयोजनका लागि जग्गा प्रयोग नभए त्यसको किनबेच तथा अन्य प्रयोगका लागि करको दर बढाउन सकिन्छ कि भन्ने हो।"

उपत्यकामा बनाइने भनिएका सहर सरकारी लगानीमा भने बन्ने छैनन्। यसका लागि दातृ निकायबाट सहुलियतपूर्ण ऋण लिने योजना प्राधिकरणको छ। हिमाली सहर मेगा सिटीका लागि स्थान पहिचान हालै मात्र गरिएका हुन्। ने

गुरू फटाफट, चेलो लुखुर-लुखुर

बाह्र बजेतिर सुत्ने मेरो बानी । हिजो राती दसै बजे सुतेँ । सुत्नलाई दस बजे सुतेँ, निद्रा लागे त मार्दिनु । मर्निङ वाके गुरूको आज्ञा थियो- चार बजे हाजिर हुनू, गणेशथान पछाडि । बुलबुले मास्तिरको छोटी मोडमा । मर्निङ वाकमा पलपलको हिसाब हुन्छ- गुरूले शिक्षा दिए । एक पल विलम्ब हुँदा वाके एक पाइलो पछि पर्छ । त्यो एक पाइलो पछिले वाकेको एक सुता नाक काटिन्छ । गुरूको शिक्षा गुरूकुलीय चेलाले झैँ मैले सुनेँ । र, आज्ञाकारी मुद्रामा मौन भावले 'हस् सर' भनेँ । अलाराम बज्यो । र, म हत्तहत्त उठेँ । मित्र कृष्ण पहाडी सम्झनामा आए । समयको माम्लोमा अचुक मनुवा उनै पहाडी । पहाडीजीको हिसाबमा चार बजे भनेको चारै बजे हो । न एक मिनेटअघि, न त एक मिनेटपछि । लाग्छ, समयको अनन्त प्रवाहमा जीवनको क्षणभंगुरता यी ज्ञानीले बुझेका छन् । त्यसैले त यी भन्छन्- चार बजे भनेको चारै बजे हो ! मेरा वाके गुरू पहाडी पथका पथिक भएका पो हुन् कि ? होलान् भन्ठान्दै म किञ्चित् प्रसन्न भएँ ।

तोकिएको थलोमा हाजिर भएँ म । निद्रा कचल्टिएर आँखा पोलेका छन् । देहमा चैन छैन । मनमा वाक नाउँको व्यर्थको अझ्याउलो पो थाल्दै छु कि भन्ने द्विविधा छ । पाँच मिनेट बित्यो । खै गुरूवर ? भन्दा त्यसो भन्ने, गर्दा यसो गर्ने ? चार बजे भनेको कति बजे हो आज्ञाकर्ता सर ? मलाई झोँक चल्न थाल्यो । सात मिनेट कुराएर गुरूजीद्वय भोला र केशव प्रकट भए । विलम्बबापत न सरी भन्नु छ, न त क्षमायाचना । बरू प्राण जाओस्, वचन नजाओस् । म भने चारै बजे हाजिर भाछु । गुरूलाई म वाकमा नारिउँला भन्ने लागेकै थिएन रे । गुरूका कुरा पनि !

मर्निङ वाकको पहिलो बिहान । अघिअघि केशव छन्, माझमा भोला, पछिपछि म । गुरूका मुखारबिन्दबाट अर्तीको वर्षा सुरू भयो । मर्निङ वाकमा स्टप हुँदैन । केवल वाक हुन्छ, फटाफट वाक । दायाँ नाइँ, बायाँ नाइँ । कसैले अभिवादन गरे फ्लाइङ किस दियो, लम्कियो । नित्य, अटुट । अँध्यारो छ । ज्यानका हातमा लाइट छैन । जानिफकार गुरूबाट बोक्न निर्देशन भएन । वाकमा गुरूद्वय पारंगत छन् । बाटो कण्ठ छ । कहाँ खाल्डो छ, कहाँ फस्को माटो ? कहाँ अग्लो छ, कहाँ होचो ? कहाँ ढुंगो छ, कहाँ जरो ? खली गुरूजीलाई सब कण्ठ छ । आफूलाई एकरत्ति मेसो छैन । उः केशव गैंडा शैलीमा सौ-पचास कदम अगाडि पुगिसके । भोला मलाई पर्खिन अडिए । र, ममतामयी माताले झैँ भने- खगेन्दाइ, गाह्रो भो ? हिंड्दै जाँदा सजिलो हुन्छ, खगेन्दाइ । सान्त्वनाकारी गुरूलाई धन्यवाद दिंदै म ल्याङतत्याङ अघि बढ्छु । उनीहरू हिंड्दै छन्, भेट्न म कुद्दै छु । वाकको चालमा उनीहरू वयष्कजस्ता छन्, म बालकजस्तो । र, मातृतुल्य भोला मलाई औँलो समातेर सप्रेम डोऱ्याइरहेका छन् ।



खगेन्द्र संग्रौला

भेटौँ भनेको ठाउँमा गोविन्द भेटिएनन् । अल्छी माने, बिरामी भए, हापे वा एक्लै बाटो लागे । जेठको तातो बिहान । मलाई खल्खली पसिना आयो । अगुवालाई भेट्न कुदेको कुदेयै छु म । मनमा कुरा खेल्दा छन्- तन्नेरी वयको म खेलाडी । फुटबलको, भलिबलको । उकालोमा मलाई जोकोहीले भेट्न नसक्ने । अहिले ? अहिले मर्निङ वाकमा भोला र केशवसामु म सुस्त, शुष्क र फ्याँफ्याँ । मेरो गति ग्रास भो । खै, भोलि त म आउँदिनँ कि !

गौरीघाट, गुह्येश्वरी र गोठाटारको टुप्पो । बस्, हाम्रो वाकको अग्रगमन तुरियो । र, टोली फिर्ती वाकमा प्रवृत्त भयो । जाँदा बाटामा चिरबिरे चरा र लोसे मुसासिवाय कोही थिएनन् । फर्कंदा वाकेहरू भेटिए । जय शम्भो- एउटा भन्छ । भोले-भोले- अर्को कहन्छ । भक्तिमार्गी ती अभिवादन भोला र केशवप्रति लक्षित छन् । तिनमा प्रत्युत्तरको उत्कट अपेक्षा छन् । तर भोला चुप, केशव चुप । म परेँ रिकुटे टाइपको वाके । त्यस्तोमा के भन्ने हो, म सर्वथा अज्ञानी छु । तर ज्ञानी गुरूद्वय अघोरी मुद्रामा छन् । मौन, अटेर र उपेक्षापूर्ण । मलाई कसोकसो ननिको लाग्यो । अभिवादनको प्रत्युत्तरधरी नदिनु- यो कत्रो अहंकार ! ने

रङ

'म स्वयं एउटा गीत हुँ'

गोकर्ण गौतम

'जि हे छपु म्ये खः...'

काठमाडौं न्युरोडको नेवारी समुदायमा हुर्किए ओमविक्रम विष्ट । उनीहरूकै भाषा रहनसहन आत्मसात गरे । पहिलो गीत पनि नेपाल भाषाकै गाए, दस वर्षको उमेरमै । डबलीमा गाएको उक्त गीतको अर्थ हुन्छ, 'म स्वयं एउटा गीत हुं ।'

रहरैरहरमा गाएका थिए उनले । संगीत ज्ञान थिएन । तर त्यो गीत ओमविक्रमले आफ्नै लागि गाएझैं भयो । किनभने उनले जीवन नै संगीतमा समर्पण गरे । यो पाँच दशकमा अनेक उपमा पाएका छन्, नेपाली पपका सूत्रधार, पपका प्रणेता, पपका जननी आदि-इत्यादि । उनलाई 'पप-सम्राट' मान्ने जमात पनि ठूलो छ । उपाधि जे दिए पनि उनीसँगै नेपाली पप सुरूआत भएको तथ्य कसैबाट छिपेको छैन ।

नेपाली संगीतका यी 'लेजेन्ड' तीन वर्षदेखि अमेरिकामा छन् । तीन वर्ष नै भयो, उनका दुवै मृगौलाले काम नगरेको, स्टेजमा गिटार बजाउँदै नगाएको अनि सबै गीत रेकर्ड भइसकेको नयाँ एल्बम स्टुडियोमै थन्किएको । तर हरेश खाएका छैनन् । अमेरिकाबाट अनलाइन कुराकानीमा ओमविक्रमले सुनाए, "मृगौला फेल भए पनि एल्बम स्रोतामाझ पुर्‍याउँछु भन्ने आत्मविश्वास फेल भएको छैन ।" न्युयोर्कमा बस्ने ओमले सबै ध्यान स्वास्थ्य हेरविचारमा लगाएका छन् । साताको तीन पटक डायलासिस गर्नुपर्छ । साधना रोकिएको छ तर जब संगीतको कुरा हुन थाल्छ, शरीरमा बेग्लै स्फूर्ति सञ्चार हुन्छ । *नेपाल*सँग ओमविक्रमले संगीतसँगै मृगौला फेल भएपछिको अनुभव पनि खुलेर सुनाए ।

पहिले स्वास्थ्यको कुरा गरौं ।

ओमविक्रमको घुँडामा समस्या देखिएको थियो । धेरै दुख्न थालेपछि नियमित पेनकिलर खाए, १८ दिनसम्म । मधुमेह त पहिल्यैबाट थियो । उनी सम्झन्छन्, "पेनकिलरले 'क्रियाटिनाइन' बढेपछि किड्नी फेलियर भएछ । मधुमेह भएकाले पेनकिलर खानै नहुने रहेछ । तर मलाई के थाहा !" त्यतिबेला नेपालमै थिए, यहाँ उपचार हुने छाँटकाँट देखिएन । अमेरिकामा छोरीको परिवार थियो, उनी आफैंसँग ग्रीनकार्ड थियो । त्यसैले उपचारकै निम्ति नेपाल छाडे । त्यहाँ पुगेपछि उनको आत्मविश्वास एकाएक उकालो लागेछ । नेपालमा मृगौला फेल हुनासाथ मरिहालिन्छ भन्ने भ्रम छ । अमेरिकामा डायलासिस गरेरै २०-२५ वर्ष बाँचेकाहरू भेटे । यता, खानमा अनेक बन्देज हुन्छ । मासु नखानू भनिन्छ । ओमविक्रम भन्छन्, "तर यहाँ म टन्न मासु र खाना खान्छु । हाम्रा लागि स्याउ र भुइँकटहर अति उत्तम रहेछ । केरा र सुन्तलाचाहिं खानै हुन्न ।" नियमित योगा र अन्य शारीरिक व्यायामले तन्दुरूस्त बनाएको छ । उनी मुस्कुराउँछन्, "किड्नी फेल भएकाले मात्रै होइन, एक दिन सबै मर्नुपर्छ । त्यसैले किन चिन्ता ? बाँचुन्जेल हाँसीखुसी रहने हो ।" सायद यही कारण हुनुपर्छ, जो भेट्छन, कोही पत्याउँदैनन्, तीन वर्षदेखि किड्नी फेल भएको बिरामी हो भनेर । जबकि उनको उमेर नै ६४ पुगिसक्यो ।

ओमविक्रम दंग हुनुको कारण अर्कै रहेछ, चाँडै मृगौला प्रत्यारोपण हुने भएको छ । त्यसपछि नयाँ जीवन सुरूआत हुनेमा पूर्ण आशावादी छन् । खासमा अहिले पनि आफू रोगी हुं, गाउन सक्दिनँ भन्ने घरी-घरी बिर्सन्छन् । उतिविघ्न दुखाइ हुन्न तर गाउनचाहिं सक्दैनन् । डायलासिस गरेको दिन र भोलिपल्ट गला बस्छ । बोल्न खोज्दा घाँटी दुख्छ । अहिले स्वर सुके पनि स्वरकै कारण सिर्जित स्वर्णिम दिन ओमविक्रमका आँखामा झल्झली नाचिरहन्छन् । पुराना पल सम्झिएर रोमाञ्चित हुन्छन्, जसले उनलाई कहिल्यै 'एक्लो' हुन दिँदैन ।

ओमविक्रमका पिता दौलतविक्रम विष्ट विदेश गइरहन्थे । पश्चिमा संगीतका डिस्क रेकर्ड ल्याउँथे, घरमा डिस्क प्लेयर छँदै थियो । बाल्यकालबाटै बिटल्स, एल्भिस प्रिस्ले र रोलिङ स्टोन्स सुन्न थाले । ती गीतले उनको बालमस्तिष्कमा संगीत सिर्जनाको बीजारोपण गर्‍यो । उनी पनि पश्चिमा शैलीका गीत कम्पोज र गाउन मग्न हुन थाले । तर त्यतिबेला नेपालमा आधुनिक संगीतको राज थियो । स्थानीय गीत पनि सुन्थे तर गाउनचाहिं पश्चिमा नै मन लाग्ने । १२ वर्षको उमेरमा दीपक जंगमले डोर्‍याउँदै *रेडियो नेपाल* लगे, राष्ट्रिय गीत रेकर्ड गराए । दोस्रो रेकर्डेड गीत आधुनिक थियो । यद्यपि यी गीतले उनको मन भरिएको थिएन । ०२९ तिर आफ्नै कम्पोजमा 'बितेको जीवन मेरो, शिशिरको रूख जस्तो...' गाए । बिटल्स र रोलिङ स्टोन्सको गायिकीसँग नजिक यो गीत नेपाली श्रोताका लागि बिल्कुलै नयाँ स्वाद थियो, त्यसैले धेरैको ध्यान तान्यो । नेपालभन्दा हङकङ र दार्जिलिङतिर यो गीत अझ हिट भएछ ।

०३३ मा 'म मौनतामा अल्झिरहेको एउटा जीवन...' आएपछि ओमविक्रम युवा पुस्ताको ढुकढुकी भइहाले । भन्छन्, "यो गीत मेरो करिअर मात्र होइन, नेपाली संगीतकै लागि छलाङ हो भन्ने लाग्छ ।"

हुन पनि उस्तै शैलीका सुगम संगीतमाझ ओमविक्रमको आवाज आफैंमा एउटा हस्तक्षेप थियो, जसलाई युवाले स्वीकारे, परम्परावादी सोच भएकाले विरोध गरे । कतिसम्म भने संगीतमा विकृति भित्र्याएको आरोपसमेत खेप्नुपर्‍यो । भन्छन्, "त्यतिबेला मेरा फ्यान मात्र होइन, 'हेटर्स' पनि टन्नै थिए । तर म कहिल्यै डगमगाइनँ । मनमौजी पाराले गाइरहें ।"

नजिकबाट ओम

जन्म : सन् १९५५
पहिलो स्टेज गीत : 'जि हे छपु म्ये खः . . .' (नेपाल भाषा)
पहिलो रेकर्डेड : 'उडेर आउने चरी . . .'
पहिलो पप गीत : 'बितेको जीवन मेरो . . .'
पहिलो फिल्मी गीत : 'को होला त्यो जसले . . .' (फिल्म - *के घर के डेरा*)
सदाबहार लोकप्रिय : 'म मौनतामा अल्झिरहेको . . .'
कुल गीत : करिब ४ सय



समय कस्तो पनि आयो भने नेपालमा हुने हरेक सांगीतिक कार्यक्रममा ओमविक्रम नभई नहुने । प्रतिकन्सर्ट २० देखि ५० रूपैयाँ आउँथ्यो । नेपालबाहिरबाट पनि माग हुन थाल्यो । सन् १९७८ मा हङकङमा कन्सर्ट गरे । त्यसअगाडि हङकङमा नेपाली कलाकारले गीत नगाएको दाबी छ, उनको । दार्जिलिङ, कालिङपोङ, गान्तोक, मिरिकमा त लगातार एक सातासम्म कन्सर्ट गर्थे । सन् नब्बेको दशकमै जापान र ब्रुनाई पुगेका थिए । प्रवासी नेपालीमाझ उनको लोकप्रियता साँच्चै लोभलाग्दो थियो । विदेशबाट ड्रम र गिटार मगाएर बजाए । पाण्डव सुनुवारले उनका गीतलाई 'अल्ट्रामोर्डन' अर्थात् अत्याधुनिक गीत भनेका थिए । पप भन्ने शब्द त पछि आएको हो ।

ओमविक्रम आफू हिट मात्र भएनन्, आफूजस्तै प्रतिभाशाली कलाकार भित्र्याउन पनि भूमिका खेले । सुकमित गुरुङलाई 'सुनचाँदीभन्दा...' गीतबाट ल्याए । ०४२ मा ओमविक्रमकै कम्पोजमा 'भुलेका कथा...' गाएर अरूण थापा *रेडियो नेपाल*मा प्रथम भए । अरूण-ओमविक्रममा मितज्यूको साइनो पनि छ । दार्जिलिङबाट आएकी कुन्ती सुन्दासलाई आफ्नै पहलमा गीत रेकर्ड गराए । पछि उनी कुन्ती मोक्तानको नामले प्रसिद्ध भइन् । डेढ दशक ओमविक्रमको जस्तो 'हाइरेन्ज' मा गाउने कोही थिएनन् । पछि सुनील उप्रेती देखापरे । सुनील र हरिश माथेमालाई आफैँले ल्याएको दाबी छ, ओमविक्रमको । योगेश्वर अमात्यलाई रेडियोमा गाउन लगाए । पप संगीत फस्टाउँदै गयो । सञ्जय श्रेष्ठ, जेम्स प्रधानको आगमनपछि पपको लोकप्रियता अझ फराकिलो भयो । किड्नी फेल हुनुअगाडि उनले बेलायतको प्रतिष्ठित रोयल अल्बर्ट स्टेजमा कन्सर्ट गरेका थिए । उनीसँगै योगेश्वर अमात्य, दीप श्रेष्ठ र जेम्स प्रधानले उक्त कन्सर्टबाट संकलित रकम भूकम्पपीडितलाई सहयोग गरेका थिए ।

सुखद के भने ओमविक्रमबाटै प्रभावित भएर पपमा लागेको सञ्जयको पुस्ताले अहिले उनैलाई आर्थिक सहयोग गरिरहेको छ । त्यो पनि अरूसँग मागेर होइन, कन्सर्ट गरेरै । यो समूहमा सञ्जय र जेम्ससँगै भीम तुलाधर, सचिन रौनियार, बबिन प्रधान र कवीन्द्र श्रेष्ठ छन् । 'लाइभ फर ओमविक्रम विष्ट' कार्यक्रममार्फत २ लाख रूपैयाँ ओमविक्रमलाई पठाइसकेका छन् । कन्सर्ट जारी छ । यो कार्यक्रम सञ्जय, निर्मल शर्मा र प्रभात रिमालको संयुक्त सोचको प्रतिफल हो । पछि अरू गायक जोडिए । "हामीले दिएको पैसाले ओम दाइको पूरै उपचार खर्च पुग्ने होइन तर पनि मपछिको पुस्ताले सम्झियो भनेर उहाँको आत्मविश्वास बढ्छ," 'माया मेरी माया... ' जस्तो लोकप्रिय गीतका गायक सञ्जय भन्छन्, "यो हाम्रो जिम्मेवारी पनि हो । हामी पछिको पुस्ताले यस्तै कलात्मक अभ्यासलाई निरन्तरता दिने अपेक्षा छ ।" हरेक कन्सर्टमा यो समूहले 'म मौनतामा अल्झिरहेको एउटा जीवन...' साथै गाउँछन् ।

यो समूहबाहेक १९७४ एडीले पनि अमेरिकामा कन्सर्ट गरेको रकम ओमविक्रमलाई दिएको थियो । उनी भन्छन्, "भाइहरूको प्रेमले ऊर्जा थपेको छ । यसलाई पैसाभन्दा मप्रतिको माया र स्नेहको रूपमा ग्रहण गरेको छु ।" उनको डायलासिस खर्च अमेरिकी सरकारले बेहोर्छ । औषधीका लागि महिनाको लगभग १ हजार डलर आफैँले जुटाउनुपर्छ । ■





विप्लव प्रतीक

पात

कुन्नि के सुरले
अचानक झोक्का बनेर हावा आयो
र कति दिनदेखि त्यो रूखको हाँगामा
खङ्ग्रङ्ग सुकेर बसेको
त्यो किंकर्तव्यविमूढ पात
च्वाट्ट चुँडियो ।

हाँगामा थपक्क टाँसिएको त्यो खैरो पात
उड्यो उचाइतर्फ
हठात् तल झर्‍यो
भुइँमा खस्नै लाग्दा हावाले त्यसलाई भुइँभुइँ उडायो
र अर्को रूखको फेदमा जोडले ठोक्किएर टाँस्सियो
त्यो पात एकछिन त्यहीँ अडियो ।

एकै निमेषपछि
फेदबाट हान्नियो त्यो पात
र जमिनमा ओल्टिँदै-पल्टिँदै यताउता भइरह्यो
रूखमा रहेन त्यो पात
न शून्यमा अडिन सक्यो, न भुइँमा बिसाउन पायो
हावाले त्यसलाई फर्फर्‌ उडाउँदै एउटा कुलोमा पुर्‍यायो
र बग्दै गयो त्यो पात कताकता-
बगिरहेको त्यो कुलोले खै त्यसलाई कता पुर्‍यायो !

रूख भने उभिरह्यो, नयाँ पालुवा फेरि पलाए
पालुवा पात बन्यो, सुक्यो, फेरि चुँडियो रूखबाट
अनि फरफर उड्दै, कुलोमा तैरिँदै, फेरि खै कहाँ गयो त्यो पात
रूखमा उम्रेको, रूखमै सुकेको त्यो नयाँ पात खै कहाँ गयो !

पात-पात मिलेर हाँगामा, छाया दिन्थे कुनै दिन
पात-पात मिलेर रूखमा छहारी हुन्थ्यो कुनै दिन ।

प्यारो ममदी !

मदनमणि दीक्षित
(१९७९-२०७६)

कुमार नगरकोटी

'प्रिय' शब्द अति प्रयोगका कारण कति बदनाम, निम्छरो, घटिया, औपचारिक रूपमा अप्रिय भइसक्यो भने त्यसको शब्दोच्चारणमा अब कुनै आत्मीयता बाँकी रहेन । तिमी त आत्मीय मान्छे ! त्यसैले तिमीलाई प्यारो भनेको हुं, प्यारो ममदी ।

यो क्षणभंगुर जीवनमा तिमीसित जम्मा एक पटक कुराकानी भएको थियो । तिमीले मलाई कुनै अपराह्न फोन गरेका थियौ । याद छ के ? त्यो टेलि-संवाद यस्तो थियो :

तिमी : कुमारजी, मेरो नाम मदनमणि दीक्षित हो । तपाईं मलाई सम्मान नभई प्रेम गर्नु हुंदो रहेछ, हगि ?

म : यस सर !

तिमी : मलाई जीवनभर भेट्न चाहनु हुन्न रे ! सांचो हो ?

म : एकदमै साँचो हो सर ।

तिमी : मलाई भेट्न मन लागे पनि भेट्नु हुन्न ? मरिहालें भने मलाई भेट्न आर्यघाटमा पनि आउनु हुन्न ?

म : आउँदिनँ सर ।

तिमी : किन होला ?

म : किनभने मेरा लागि तपाईं कहिल्यै मर्नु हुन्न । फेरि तपाईंलाई भेटेपछि मेरो प्रेम टुट्न सक्छ । प्रेम मैलो हुन सक्छ । मेरो प्रेम टुट्न, मैलो हुनबाट म बचाउन चाहन्छु । मेरो प्रेम म तपाईंबाट समेत जोगाउन चाहन्छु सर ।

तिमीलाई मैले यसै गरी प्रेम गरें । मौन, चुपचाप । तिम्रा सम्पूर्ण किताबलाई यसै गरी रूचाएँ । मौन, चुपचाप । तिम्रो मौन प्रेमी बनें । केही वर्षअघि 'नीलिमा अफेयर्स' लेखेर तिमीप्रति आफ्नो असीम प्रेम अर्पण गरें । उक्त संस्मरण छापिएपछि एक दिन तिम्रा पुत्रमणिले कालिकास्थानको एउटा कफी-सपमा भन्नुभयो, "कुमारजी, बुबा घरमै हुनुहुन्छ । हिंड्नुस्, म भेटाइदिन्छु । पत्रिकामा तपाईंको लेख पढेर

बुबा निकै भावुक हुनुभएको छ ।"

म तिमीलाई भेट्न गइनँ । घरमा पनि । र, घाटमा पनि ।

आज एकाबिहानै बसन्त बस्नेतले फोनमा भने, "कुमार दाइ तपाईंका प्यारो ममदी गए ।" सांसारिकतादेखि अन्जान एवं बेखबर मैले सोधिपठाएँ, "कहाँ गए ?" *नेपाल* म्यागजिनका सम्पादकले भने, "हामी सबैलाई छाडी गए ।"

बसन्त भ्रममा थिए सायद । किनभने मलाई लाग्छ, हामीले अतिशय प्रेम गरेका मान्छे कतै जाँदैनन् । ती हाम्रो वरपर नै हुन्छन् । हृदय आसपास रहन्छन् । यही धर्तीमा तिनीहरू घाँस बनी उम्रन्छन् । बतास भई बहन्छन् । झरी बनी बर्सन्छन् । इन्द्रेनी बनी झुल्किन्छन् । र, कुहिरो बनी हाम्रो घरआँगनमा डुल्छन् ।

प्यारो ममदी ! तिमी यतै कतै छौ । तिम्रो आफ्नै किताबका पानाहरूमा । तिम्रै अक्षर, शब्द एवं वाक्यहरूमा । अनुच्छेद र हरफहरूमा । तिम्रो *माधवी* यहीं छ, *मेरी नीलिमा* यहीं ! तिम्रो *चरैवेती* यहीं छ, *भूमिसुक्त* यहीं ।

तिम्रो पाण्डुलिपि यहीं छ । यहीं छ, तिम्रो क्यामेरा ।

तिम्रा प्रेमी, हितैषी, शुभचिन्तक र मित्रजन यहीं छन् । तिमीलाई निःसर्त प्रेम गर्ने नगरकोटीजस्ता हजारौं पाठक यहीं छन् । तिमी एक्लै अन्त कतै कसरी जान सक्छौ ?

■■■

जेहोस् प्यारो ममदी ! यो साँझ अस्तित्वमाझ, तिम्रो शब्दाञ्जली कोर्न बसेको छु । धिपधिपे मैनबत्तीमुनि । एउटा पाठकले आफ्नो प्यारो लेखकलाई श्रद्धाञ्जली होइन, शब्दाञ्जली अर्पण गर्ने हो सायद ।

श्रद्धाञ्जली त मैले केही वर्षअघि आफू स्वयंलाई अर्पण गरेको थिएँ, लेखेको थिएँ । जुन सायद पत्रिकामा छापिने मेरो 'पोस्टह्युमस' लेख हुनेछ । आख्यान हुनेछ । जीवनमा अरू कसैको श्रद्धाञ्जली लेख्दिनँ भन्ने निकै अडबांगे मान्छे म, आज तिम्रो श्रद्धाञ्जली होइन, शब्दाञ्जली लेख्न बसेको छु । तिम्रो सम्झनाको दियो जलाएको छु ।

यो दियो नेपाली भाषा एवं वाङ्मयको इतिहासमा युग-युगान्तर जल्नेछ । जलिई नै रहनेछ । यसको प्रज्वलित प्रकाशमा नेपाली साहित्यले आफ्नो सुन्दर, दिव्य मुहार हेर्नेछ । ने

माड्साब

किशोर नेपाल

'माड्साब' सम्बोधन उहाँमाथि खुल्थ्यो। उहाँ सबैका माड्साब हुनुहुन्थ्यो। अन्त्यसम्म माड्साब उपनामले छाडेन उहाँलाई । मदनमणि दीक्षित त औपचारिक पडाव । मेरो पुस्ता हुर्किंदा-हुर्किंदै उहाँ सम्पादकका रूपमा खरो र लोकप्रिय भइसक्नुभएको थियो । माड्साबका कुरा सबैले सुन्थे । र पनि, उहाँलाई एक पटक राजदरबारअगाडि आत्मदाह गर्ने सुर चढ्यो । आफ्ना दुःखका साविती बयान दिँदा माड्साबले यो कुरा लेख्न छुटाउनुभएको छैन । देशमा छोटो समयका लागि चलेको संसदीय प्रजातान्त्रिक व्यवस्थाका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासँग अनुरोध गरेर स्थानीय पत्रपत्रिकाका लागि आर्थिक सहयोग जुटाउन सफल भएका माडसाबमा आत्मदाहको चिन्तन किन र कसरी उत्पन्न भयो, त्यो खुल्न सकेको छैन ।

माड्साब आफैंले कतै लेख्नुभएको छ, तत्कालीन निर्दलीय राजनीतिमा विश्वबन्धु थापा राजाका गधा थिए भने तुलसी गिरि घोडा । यसमा किन र कसरी जस्ता प्रश्नको सम्भावना छैन । स्वयं माड्साबका भानिज शैलेन्द्रकुमार उपाध्याय थापा र गिरिका त्यही 'सर्किल' भित्र थिए । भानिज उपाध्यायले माड्साबलाई सोभियत संघका लागि नेपाली राजदूत पदमा जागिर खाने 'अफर' नदिएका होइनन् । तर त्यहाँ राजदूत भएर पैसा कमाउनेबाहेक अरू केही नहुने देखियो । माड्साबले मन गर्नुभएन । राजाको मनपेट नबुझीकन उपाध्यायले आफ्नै हिसाबले राजदुत बनाउन सक्ने अवस्था पक्कै थिएन त्यतिबेला । माड्साब अकिञ्चन हुनुहुन्थ्यो । दरबारले उहाँलाई राम्ररी चिनेको थियो । निर्दलीय राजनीति गर्नेहरूबीच माड्साबको ज्ञान र चनाखोपनको खुब चर्चा हुन्थ्यो ।

माथेमाहरूको स्वामित्वको 'जनसेवा' सिनेमा हलमा आगो लागेपछि त्यसको आँगनमा सुपथ मूल्यका पसल खोलिएका थिए । नयाँसडक जगमग-जगमग थियो । नयाँसडकको 'मोस्ट ह्याप्पेनिङ प्लेस' थियो, पीपलको बोट । त्यहाँबाट रञ्जना सिनेमाको ढोकासम्म पुगिने सडक समातेर दायाँतिर लागेपछि आउँथ्यो, एउटा इनार । त्यो इनारसँगै जोडिएको एउटा घरमा माड्साबको कार्यालय थियो । सात दिने *समीक्षा*को प्रकाशन यथावत् थियो । अतिरिक्त, *दैनिक समीक्षा*को प्रकाशन भइरहेको थियो, त्यहाँबाट । माड्साबलाई त्यसैबेला देखेको मानिसले पछिसम्म पनि त्यही रूपमा देख्दथ्यो । माड्साबको व्यक्तित्वलाई खुट्याएर हेर्न एक प्रकारको अन्तर्दृष्टि चाहिन्थ्यो । मैले *दैनिक समीक्षा*को कार्यकर्ताका रूपमा माड्साबका व्यक्तित्वका केही पक्षलाई हेरेको छु । मूल थलो वीरगन्ज भएकाले पनि उहाँलाई कायस्थको जस्तो प्रत्युत्पन्न मतिका धनीभन्दा पक्कै पनि अपमान हुने छैन ।

राजा महेन्द्रको निधन र वीरेन्द्रको राज्यारोहणपछिको समयमा नेपाली स्वतन्त्रता संकटमा थियो । त्यतिखेर माड्साबले *समीक्षा*को कार्टुनिस्टलाई बोलाएर भन्नुभयो, 'तिमी धोबीखोलामा जाऊ र एउटा गधालाई नुहाइदेऊ । त्यतिबेला राजा आउनेछन् र सोध्नेछन्- 'के गर्दै छौ ?' र, तिमीले जवाफ दिनेछौ, 'गधालाई धोएर गाई बनाउँदै छु ।' यो बलियो झापड थियो, राजा वीरेन्द्रद्वारा प्रस्तावित निर्दलीय पञ्चायती व्यवस्थाको सुधारलाई । यसमा *समीक्षा*ले दण्ड पायो । तर यसको उचाइ ह्वात्तै बढ्यो । पछि के भयो कि माड्साब प्रवाहित हुनुभयो, पञ्चायत व्यवस्थामा । पञ्चायत नीति जाँचबुझ समितिको निर्देशनमा उहाँ काठमाडौं नगर पञ्चायतको सदस्य हुनुभयो । त्यतिखेर उहाँ मात्रै होइन, कम्युनिस्ट पृष्ठभूमिका वासुदेव ढुंगानालगायतका व्यक्तित्व पनि त्यतै बहेका थिए ।

राजनीति र पत्रकारिताको मिसमासले मदनमणि दीक्षित 'माड्साब' को विद्वत् व्यक्तित्वमा खासै असर पारेन । पत्रकारिता किनारामा रह्यो, *माधवी* केन्द्रमा आइन् । उहाँका विशद ज्ञान र सारगर्भित विचार नेपाली आकाशमा चम्किइरहनेछन् । ने

दुर्योधन राजा भए

राजकुमार बानियाँ

राजेन्द्र थापाको *शकुनि* र कुमार भट्टराईको *अश्वत्थामा* एकै समय आए । दुवै आख्यानको स्रोत एउटै हो, *महाभारत* । नेपाली साहित्यको आँगनमा महाकाव्याख्यान *महाभारत*को विशाल बिस्कुन छ । दुई वर्षअघि मात्रै घनश्याम कँडेलको *धृतराष्ट्र*ले मदन पुरस्कार पायो भने नवराज लम्सालको महाकाव्य *कर्ण*ले नपाउँदा कविदीर्घामा एकखाले रूवाबासी छायो ।

*महाभारत*का दुर्योधन, दुःशासन र शकुनि घृणास्पद पात्र मानिन्छन् भने अश्वत्थामा, कर्ण र अभिमन्यू अभागी लडाकु । थापाले शकुनिलाई नायक नभए पनि मुख्य पात्रका रूपमा उभ्याएर एकखाले सुनपानी छर्किसकेका छन् । कुमारकृत आख्यान *अश्वत्थामा*ले दुर्योधनको नाममै उपन्यास नलेखे पनि त्यसमार्फत चोख्याउने रणनीतिक सफलता पाएका छन् ।

कौरव पक्षका दुर्योधन, अश्वत्थामा र कर्णको मानै नभएको भने होइन । हिन्दुले दसैंको टीका लगाउँदा फलाक्छन्- द्रोणपुत्र अश्वत्थामाको जस्तो आयु होस्, कर्णको जस्तो शत्रु नरहून्, दुर्योधनको जस्तो मान होस् ।

अश्वत्थामाको जीवन र मृत्यु अहिलेसम्म अज्ञात छ । कौरव पक्षबाट कुरूक्षेत्रमा लडेका कृपाचार्य, कृतबर्मासँगै बाँचेका थिए अश्वत्थामा । उनी निधारमा कुरूक्षेत्रको कलंकको घाउ बोकेर पाँच हजार वर्षदेखि साधुसन्तको भेषमा मन्दिर/देवालय घुमिरहेको किंवदन्ती छ । उनलाई नायक बनाएर लेखिएको यस आख्यानको कल्पित भूमि झापाको अर्जुनधारा सेरोफेरो छ ।

आख्यानअनुसार गंगा, जमुना र सरस्वतीको त्रिवेणीमा जन्मिएका अश्वत्थामाका पिता थिए, द्रोणाचार्य । ऋषि भारद्वाजको वीर्य र अप्सरा घृताचीको डिम्ब 'द्रोणी' नामक यन्त्रमा राखेर जन्मेको टेस्टट्युब बेबीका रूपमा 'ट्वीस्ट' गरिएको छ उनलाई । अश्वत्थामा जन्मेपछि उनी आफ्ना बालसखा पाञ्चाल नरेश द्रुपदको गोठबाट गाई मागेर ल्याउने वाचासहित हिँड्छन् । तर हात जोडेर गाई लिनुपर्ने राजहठका कारण अपमानित महसुस गर्छन् र घर फर्कन्नन् । बरू गुरू परशुरामसँग दीक्षित भएर हस्तिनापुर राजप्रासादको गुरूकुलमा नियुक्ति पाउँछन् ।

१२ वर्षदेखि पिता नफर्केपछि अश्वत्थामाको पहिलो गुरू माता कृपी हुन्छिन् भने दोस्रो गुरू मामा कृपाचार्य । कालक्रममा कृप हस्तिनापुरका राजगुरू हुन्छन् अनि उनलाई त्यही लग्छन् । गुरूकुलमा अश्वत्थामाको पितासँग भेट हुन्छ । पहिलो आत्मीय मित्र दुर्योधन हुन्छन् भने दोस्रो दुशासन र तेस्रो अर्जुन । गुरूकुलमा दुर्योधन र भीमको काटोछिनो छ । जातीय विभेदका कारण राधेय (कर्ण) ले भर्ती पाउँदैनन् । अर्जुनलाई सर्वश्रेष्ठ धनुर्धर बनाउने सपनाका कारण एकलव्यबाट दाहिने हातको बूढीऔंलो गुरूदक्षिणा लिन्छन् द्रोणाचार्यले । उनी आफ्ना चेलाहरूमार्फत द्रुपदलाई हराएर युद्धबन्दी बनाउँछन्, गाई लिएर पत्नीमिलन गर्छन् अनि अश्वत्थामालाई पाञ्चालको राजा बनाउँछन् ।

दुर्योधनको देवत्वकरण गर्न कुनै कसर बाँकी राखेको छैन *अश्वत्थामा*ले । छुवाछूत र जातीय विभेदविरोधी दुर्योधनलाई राजा बनाउन पाएको भए ? पाठकलाई यस्तो लाग्न पनि सक्छ । द्रौपदीको चीरहरणलाई थाती राखेर उनी दुर्योधनलाई युधिष्ठिरभन्दा महान् देख्छन् । उनको जिकिर छ- राज्य, प्रजा, भाइहरू र पत्नीसमेत जुवाखालमा राख्ने युधिष्ठिर खराब कि जुवामा जितेको राज्य खण्डप्रस्थ फर्काइदिने दुर्योधन ?



अश्वत्थामा
लेखक : **कुमार भट्टराई**
प्रकाशक : **सांग्रिला पुस्तक प्रालि**
पृष्ठ : ३३६
मूल्य : **४९५ रुपैयाँ**

*अश्वत्थामा*ले कृष्णलाई भगवान् नभएर चलाख मान्छेका रूपमा चिह्नित गरेको छ । कुरूक्षेत्रमा कौरवलाई उत्तराधिकारीविहीन बनाइदिएको बदलास्वरूप अश्वत्थामाले पाण्डवहरूलाई पनि उत्तराधिकारीविहीन बनाउन ब्रह्मास्त्र फ्यांके । अर्जुनका छोरा अभिमन्यूकी पत्नी उत्तराको गर्भ खेर गयो । अभिमन्यू मारिएको वर्षौंपछि उत्तराले जन्माएको तिनै परीक्षित हस्तिनापुरकै राजा भए । परीक्षितलाई किन अभिमन्यू पुत्रको परिचय दिइयो ? अश्वत्थामाको प्रश्न छ ।

अश्वत्थामा मारिएको झूटो खबर सुनेर कुरूक्षेत्रमै सेनापति पिताले प्राणोत्सर्ग गरेको बदला अश्वत्थामाले मजाले लिएका छन् । शक्तिको प्रभावमा परी व्यासले महाभारतमा विजेताको भव्य सौन्दर्यीकरण र हारेकोको चरम राक्षसीकरण गरेको जिकिर छ, कौरवका अन्तिम सेनापति अश्वत्थामाको ।

हजारौं अश्वत्थामा पेट, स्वाभिमान र आत्मसम्मानका लागि लड्नुपर्ने बाध्यता, वंश राजनीति, विभेदबारे आख्यानले खोतलेको छ । १८ अध्यायले *महाभारत*को 'बर्ड आई भ्युज' दिएका छन् । उपन्यासको भाषा सहज, सरल, सम्प्रेष्य र सूक्तिमय छ । *महाभारत*ले खलपात्रका रूपमा उभ्याएका पात्रलाई अश्वत्थामाको एकल इजलासले सफाइ दिएको छ ।

युद्धबाट कसले के पायो ? कृपाचार्य र अश्वत्थामाको निष्कर्ष छ, सिर्फ मृत्यु । महाभारत युद्धका सूत्रधार कृष्णलाई ऋषि परशुरामले उक्साए । स्वयं परशुरामचाहिं कोबाट परिचालित थिए ? उपन्यासको ज्वलन्त प्रश्न छ । ने

तीन किताब

अलका आत्रेय चूडाल | प्राध्यापक

बाइसौं शताब्दीको नेपाल

मुगल आक्रमणपछि पुस्तकसहित भारतबाट भागेका विद्वान्‌हरूले ल्याएका थुप्रै पाण्डुलिपि र पुराना ग्रन्थ नेपालमा सुरक्षित रहेको थाहा पाएका राहुल सांकृत्यायनलाई लागेछ, बौद्ध दर्शनको गहिराइमा पुग्न मूल ग्रन्थ पढ्नैपर्छ । तिब्बतमा हस्तलिखित ग्रन्थका पाना बुटीका रूपमा सेवन गर्न थालेकाले बौद्ध ग्रन्थ नाश हुँदै थिए भने भारतमा ती दुर्लभ पुस्तक अप्राप्यजस्तै भए । राहुल नेपाल हुँदै तिब्बत जान चाहन्थे तर शिवरात्रिबाहेक नेपाल छिर्न राहदानी चाहिन्थ्यो । चन्द्रशमशेरको जगजगी ताका आर्यसमाजीका रूपमा नेपाल प्रवेश गर्न गाह्रो भएकाले जोगीको भेषमा उनी हिंडेर काठमाडौं छिरे । कसैले चिनेपछि राहुल दक्षिणकाली नजिक शिखरनारायण गुफा पसे । गुफामा अध्ययन गरेर फर्कंदा उनलाई भारतमा जेल हालियो ।

रोचक कुरा- यही शिखरनारायण गुफाभित्र सन् १९२३ मा सुतेको जोगी २२ औं शताब्दीमा ब्युँभिएको दृश्यबाट राहुलको पुस्तक **बाइसवीं सदी** सुरू हुन्छ । बाहिर निस्कँदा नेपालको अनुहार धेरै विकसित भइसकेको हुन्छ । सुरूमा जेलभित्र संस्कृत छन्दमा लेखे पनि कम्युनिस्ट प्रभाव पर्दै गएपछि राहुलले हिन्दीमा लेखेका रहेछन्, यो उपन्यास । राहुलको *बाइसवीं सदी*मा न नेपाल भन्ने देश हुन्छ, न नेपाली भाषा, न त राजा नै । उनको युटोपियन साम्यवादी विश्व एउटा गाउँजस्तो हुन्छ, जुन विकासको उत्कर्षमा पुगेको छ । त्यसको एउटा हिस्सा हुन्छ, नेपाल । नेपालबाट सुरू भएर बिहारमा टुंगिने कथाका आरोह-अवरोह रोचक लाग्छन् । पानी संकलनका लागि राखिएका ट्यांकी, रेल, सामान ओसारपसार गर्ने रोपवे, हजारौं पुस्तक अट्ने चिप्स, भिडियो फोनकल प्रयोगको समेत कल्पना गरिएको छ, उपन्यासमा । किताब काल्पनिक भए पनि नेपालसम्बन्धी प्रसंग केही हदसम्म मिलेका देखिन्छन् । उपन्यास पढ्दा राहुल सांकृत्यायन स्रष्टा मात्रै नभई भविष्यद्रष्टाजस्ता लाग्छन् । राहुलका अनेक व्यक्तित्व, यात्रा र भविष्य बुझ्ने बीजको रूपमा यो किताबलाई लिन सकिन्छ ।

दिल्ली विश्वविद्यालयकी प्राध्यापक चारू गुप्ताले साहित्यको कोरा सैद्धान्तिक विश्लेषण मात्रै नगरी समाजशास्त्रीय अध्ययन गरेकी छन्, **सेक्सुआलिटी, अब्सेनिटी, कम्युनिटी**मा । उपनिवेशकालीन भारतीय समाजको साहित्यमा चित्रित महिला र मुस्लिमको अवस्थिति चारूले पुस्तकको केन्द्रमा राखेकी छन् । तत्कालीन समाजमा महिलालाई घरेलु परिधिभित्र कसरी खुम्च्याइएको थियो भन्ने देखाइएको छ । हिन्दु सोचअनुसारकै नारीलाई मात्रै महान् ठान्ने समय र समाजलाई लैंगिक कोणबाट चिरफार गरिएको यो किताब नेपाली परिप्रेक्ष्यमा पनि उत्तिकै सान्दर्भिक लाग्छ । त्यतिबेलाका साहित्यमा मेमसाहबको तस्बिर र 'सुसंस्कृत' महिलाको तस्बिर राखेर तुलना गर्दै पश्चिमा संस्कारमा जानु भनेको भारतीय राष्ट्रवादविरूद्ध लाग्नु हो भन्ने मान्यतालाई नै बढावा दिइन्थ्यो । समानता र स्वतन्त्रताका पक्षमा बोल्ने महिलालाई धर्मभ्रष्ट र घरभँडुवाको संज्ञा दिइने पितृसत्तात्मक सोचका सन्दर्भलाई सचित्र प्रस्तुत गर्दै आलोचनात्मक टिप्पणी गरेकी छन्, चारूले । पतिव्रता भारतीय नारीको स्वरूपलाई आदर्शीकृत गर्ने तत्कालीन साहित्यले मनुस्मृतिको विचारधारालाई नै समृद्ध बनाउन खोज्थ्यो । अंग्रेजी साहित्यमा चित्रित नारीलाई घृणित नजरले हेरिन्थ्यो । पुरूषवादी दृष्टिमा निर्माण र संरक्षण गरिने वस्तु नारी हो भने योद्धा भएकाले राष्ट्र, भाषा र नारीको संरक्षक हो, पुरूष । राष्ट्र र भाषालाई समेत नारीकरण गरिएको हुन्थ्यो, आजपर्यन्त पृथ्वी र देशलाई आमा भनिन्छ ।

भारतको भाषिक आन्दोलनताका उर्दूलाई हिन्दीको सौताको रूपमा समेत व्याख्या गरिएकैले संस्कृतनिष्ठ हिन्दीलाई बढी ग्राह्य मानिन्थ्यो । धर्म मात्रै नभएर उर्दू, हिन्दी र बंगाली भाषाको आ-आफ्नै राष्ट्रवादले एउटा भूगोललाई तीन टुक्रामा विभाजित गऱ्यो । राष्ट्रवादी भाष्यले साहित्यमा पारेका कैयन प्रभावलाई चारूले निकै मिहीन र सरस ढंगले व्याख्या गरेकी छन् ।

भनिन्छ, संस्कृतमा वैदुष्य र कवित्व बढाउन दुई पुस्तक पढ्नैपर्छ- *अष्टाध्यायी* र *अमरकोश* । यी दुई पुस्तकलाई मातापिता मानिन्छ, जसको मिलनबाट एउटा बौद्धिक व्यक्तित्वको जन्म हुन्छ । यस्तै उक्तिको प्रभावले होला, प्राचीन व्याकरण पढ्न सुरू गर्दा संस्कृतका प्रसिद्ध व्याकरणाचार्य पाणिनिको **अष्टाध्यायी** रट्न थालें, आठ वर्षकै उमेरतिर । हरेक बिहानको आवृत्तिले आठ अध्याय र अध्यायपिच्छेका चार पाउभित्रका लगभग चार हजार सूत्र कठस्थ पारेकी थिएँ । धेरैलाई लाग्न सक्छ, व्याकरणका सूत्र निरस होलान् तर *अष्टाध्यायी*का कतिपय उच्चारणका अभ्यासमा छुट्टै मिठास भेटिन्छ ।

संस्कृत भाषालाई पूर्ण र मानक व्याकरण लेखेका इपू ५०० का पाणिनिले वर्णका वर्गीकरणदेखि सन्धिका नियमलाई वैज्ञानिकता दिए । अहिले आएर थाहा हुँदै छ, संस्कृत कम्प्युटरमैत्री भाषा हो । *अष्टाध्यायी*का सूत्रलाई व्याख्या गर्न प्रयोगात्मक कौमुदीहरू लेखिएका छन् । हाम्रो भाषामा विभक्ति, ह्रस्व-दीर्घ, तालव्य/दन्त्यमा देखिएको विवादले बताउँछ कि नेपाली भाषा मानक बनिसकेको छैन । नेपाली व्याकरणमा नियमलाई काट्ने अपवादको बाहुल्य छ । एकरूपताको अभावमा भाषा छरिने मात्रै नभई जटिल पनि बनिदिन्छ । हिज्जेको भाँडभैलो देख्दा लाग्छ, *अष्टाध्यायी*जस्तो स्तरीय व्याकरण-पुस्तक नहुँदाको अप्ठेरो भेलिरहेका छौं हामी ।

■ प्रस्तुति : गुरुङ सुशान्त

फेरि कक्टेल गाउन

पहिरन भनेको शरीर ढाक्न मात्र होइन । त्यसले मानव सभ्यताको विकासको चरण पनि बताउँछ । होइन भने मोडल रूबिस्का श्रेष्ठले लगाएको लामो कक्टेल पार्टी गाउनलाई हेर्नुस् । हेर्दा त यो चमकदार कालो गाउन मात्र हो । तर त्यसको इतिहास उत्तिकै रोचक छ ।

पहिलो विश्वयुद्धपछि महिला कामदार चर्चित हुन थाले । सन् १९२९ पछि सामाजिक कार्यक्रममा महिला देखिन थाले । उनीहरूका लागि पनि कक्टेल पार्टी आयोजना हुन थाले । यस्ता अर्धऔपचारिक कार्यक्रममा महिला कक्टेल ड्रेसमा सजिन थाले । त्यसबेलाको प्रगतिशील पहिरन आज पनि उत्तिकै चर्चित छ, पहिरनप्रेमीमाझ ।

परेड र्‍यालीमा समलिंगी

गाईजात्रा पर्वले विशेष महत्त्व राख्छ, नेपालीमाझ । यस दिन पितृको स्मरणसँगै गाईजात्रा मात्र होइन, सामाजिक विसंगति, विकृति, भ्रष्टाचारविरूद्ध व्यंग्य गरिन्छ । अर्को महत्त्वपूर्ण कुरा, गाईजात्राकै दिन एलजीबीटीआईक्यू समुदायले प्राइड परेड (गौरव र्‍याली) निकाल्छ । यौनिक र समानताका पक्षमा जोड दिँदै यस पटक पनि एलजीबीटीआईक्यू समुदायले प्राइड परेड निकालेका छन् । यस वर्ष दोस्रो पटक परेड भएको हो ।

सन् १९६९ मा स्टोनवाल, अमेरिकाको आन्दोलनको सम्झना गर्दै हरेक वर्ष जुन महिनामा एलजीबीटीआईक्यू समुदायले गौरव र्‍याली गर्दै आएको छ । नेपाली

समलिंगीले पनि गाईजात्राका दिनमा सन् २००२ देखि मौलिक शैलीमा गौरव ऱ्याली गर्दै आएका छन् ।

परेडमा समलिंगी, पारलिंगी लेखिएका प्लेकार्ड देखिन्थे । इन्द्रधनुषको जस्तो सप्तरंगी झन्डा फहऱ्याउँदै परेड ठमेलको सञ्चयकोष भवन अगाडिबाट सुरू भएर टुँडिखेलमा टुंगिएको थियो । ब्लु डाइमन्ड सोसाइटीले आयोजना गरेको कार्यक्रममा विभिन्न सांस्कृतिक पहिरनमा सहभागी सजिएका थिए ।

साम्राज्ञीको दुखेसो

विवादकी पर्याय हुन्, हिरोइन साम्राज्ञीराज्यलक्ष्मी शाह । कहिले प्रेममा परेको, कहिले छुटेको । कहिले संवेदनशील अंगमा ट्याटु खोपेको त कहिले फिल्म युनिटसँग लफडा परेको । पछिल्लो पटक प्रेमीसँग चुम्बन साटासाट गरेका तस्बिर बाहिरिएपछि सामाजिक सञ्जालमा उनले काफी आलोचना झेल्नुपऱ्यो ।

सुरूआती दिनमा उनको कुनै प्रतिक्रिया आएन तर नयाँ फिल्म *मारूनी*को प्रचारप्रसार गर्ने क्रममा नचाहँदा-नचाहँदै विवादमा फसेको भन्दै दुखेसो पोख्न थालेकी छन् । डेढ महिनाको बीचमा दुई फिल्म रिलिज हुन लागेका छन् । उच्च पारिश्रमिक लिएर काम गरेको *मारूनी* र *रातो टीका* निधारमा फ्लप भयो भने ?

भलिबलको ग्ल्यामर

हेमन्त श्रेष्ठ

एभीसी एसियन सेन्ट्रल जोन भलिबल च्याम्पियनसिप २ भदौदेखि सुरू हुँदै छ, जहाँ सात देशले एक सातासम्म प्रतिस्पर्धा गर्दै छन् । नेपालले आयोजना गरेको सबै भन्दा ठूलो भलिबल प्रतियोगिता हो यो । "केही वर्षयता सहरमा भलिबलको क्रेज बढेको छ । कोर्ट वरिपरि दर्शक झुम्मिन थालेका छन् । दर्शकको बाक्लो उपस्थितिले नै खेलौं-खेलौं बनाउँछ, हुटिङले राम्रो खेल्न हौसला दिन्छ," भलिबलका सेलिब्रिटी खेलाडी स्पाइकर मानबहादुर श्रेष्ठ उत्साही सुनिन्छन् । उनी जहाँ खेल्न जान्छन्, त्यहाँ दर्शकबाट घेरिन्छन् । राष्ट्रिय टिमका कप्तान इम रानामगरको अवस्था पनि उस्तै छ । मञ्जु गुरूङ, सिपोरा गुरूङ, सरस्वती चौधरी, प्रतिभा मालीलगायत थुप्रै महिला खेलाडी पनि निकै लोकप्रिय छन् ।

हङकङमा नेपाली समुदायको प्रतियोगितामा लाखौं खर्च गरेर नेपाली खेलाडीलाई लगेर खेलाइन्छ । मालदिभ्सको घरेलु प्रतियोगितामा नेपाली खेलाडी चम्किरहेका छन् । इम, धनबहादुर भट्ट र हरि थापाले गत वर्ष बंगलादेशमा लिग खेलेका थिए । निरन्तर प्रतियोगिता खेल्ने अवसर पाउँदा राष्ट्रिय टिम पनि बलियो भएको प्रशिक्षक जगदीश भट्ट बताउँछन् ।

यी सबै कथा सात वर्षयताको व्यस्तताले बुनेको हो । किनभने गंगाबहादुर थापा १४ वर्षसम्म नेपाल भलिबल संघको अध्यक्ष छँदा एउटै पनि राष्ट्रिय प्रतियोगिता भएन । उनको स्थान दानबहादुर तामाङले लिएपछि राष्ट्रिय स्तरका प्रतियोगिता वार्षिक दुई दर्जन पुगे । तीन वर्षअघि मनोरन्जन रमण शर्मा अध्यक्ष बनेपछि नेपालले एभीसी एसियन सेन्ट्रल जोन भलिबल च्याम्पियनसिप आयोजना गर्दै अन्तर्राष्ट्रिय जगतमै फड्को मार्ने प्रयास गरिरहेको छ ।

डच प्रशिक्षक हान आबडीले अहिले राष्ट्रिय टिम सम्हालेका छन् । अर्का डच म्याट भान वेजेलले दुई वर्षअघि आएर केही महिना सिकाएका थिए । प्रतिभा मालीले नेदरल्यान्ड्स र सरस्वती चौधरीले जापानमा प्रशिक्षण गर्ने अवसर पाएका थिए । पुरूष र महिला दुवै टिमले नियमित रूपमा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिरहेका छन् । त्यसैले मंसिरमा हुने १३ औं दक्षिण एसियाली खेलकुदमा सफलता हात पार्ने अपेक्षा गरिएको छ ।

नेपालले सन् १९७६ मा पेशावरमा भएको काइदे आजामबाट अन्तर्राष्ट्रिय भलिबलमा प्रतिस्पर्धा गर्न थालेको हो । एसियन सेन्ट्रल जोनमा तेस्रो हुनु पुरूष टिमको सबभन्दा ठूलो सफलता हो । सागमा तीनपल्ट कास्यपदक जितेको महिला टिम दक्षिण एसियाली च्याम्पियनसिपमा उपविजेता पनि भयो ।

तराईदेखि हिमालसम्मै खोलानालाका किनारमा पनि खेल्न मिल्छ । सानो ठाउँ, थोरै खर्चमा पनि खेल्न सकिन्छ । सहज पहुँच भएकाले नेपालमा भलिबल लोकप्रिय छ । सरकारले ८ जेठ ०७४ मा राष्ट्रिय खेल घोषणा गरेपछि भलिबल थप आकर्षक बन्यो । त्यसैले गाउँमा मात्रै होइन, सहरमा पनि भलिबल लोकप्रिय छ ।

■ **राजु घिसिङ**

नोटबुक

पर्वत पोर्तेल

असली समाजवादीजस्ता

साउन तेस्रो साता अखिल सिक्किम अनुसूचित जाति कल्याण संघको रजत जयन्ती उत्सव चलिरहेको थियो, गान्तोकको मनन केन्द्रमा । निर्धारित समयभन्दा केही ढिलो कार्यक्रम सुरू भयो । मञ्चको अग्रभागमा औपचारिक पोसाकमा थिए, सहरी विकासमन्त्री अरूण उप्रेती, नेपालका पूर्वराज्यमन्त्री जीतु गौतम र विधानसभाकी विधायक सुनिता गजमेर आदि ।

कार्यक्रम सुरू भएको आधा घन्टापछि प्रहरीले पहरा दिँदै मञ्चमा ल्याए, एक जना होचो कदका व्यक्तिलाई । साधारण सेतो सुतीको सर्ट र पाइन्ट लगाएका ती व्यक्ति त सिक्किम विधानसभाका स्पिकर (अध्यक्ष) पो रहेछन्, एबी दास ।

मेरो दिमागले विधानसभाका स्पिकरको चित्र अर्कै बनाएको रहेछ क्यारे । कोट र पाइन्ट लगाएको, ठूलो र अग्लो ज्यान । तर मैले गरेको कल्पना फेल खायो । एबी दासको सादा जीवनशैली देखेर म दंग परेँ । कार्यक्रममा सहभागी नेपालका जनप्रतिनिधि टीकाराम मंग्रातीले पनि सोचेका रहेछन्, स्पिकर साब दौरा-सुरुवाल र कोटमा चिटिक्क परेर आउलान् । तर उनमा न दौरा-सुरुवालको मोह थियो, न त कोट-पाइन्टकै ।

उनको सादा जीवनशैलीले म निकै प्रभावित भएँ । कार्यक्रम सकिएपछि उनीसँग छोटो कुराकानीका लागि अनुरोध गरेँ । उनले सहजै स्वीकारे । उनलाई गान्तोकका कार्यक्रममा बाक्लै बोलावट हुँदो रहेछ । तर जहिल्यै पनि क्याजुएल पोसाकमै सहभागी बन्दा रहेछन् ।

नेपालीभाषी दलित समुदायबाट सिक्किम विधानसभाको स्पिकर बन्ने पहिलो व्यक्ति रहेछन् । विधानसभाको चार दशक लामो इतिहासमा यो सम्मानित पदमा कोही दलित पुगेका रहेनछन् । ५० वर्षअघि सामान्य दलित परिवारमा जन्मिएका दासको जीवनशैली असली समाजवादीजस्तो लाग्थ्यो । उनलाई देखेपछि मलाई नेपालका समाजवादीप्रति टिठ लागेर आयो ।

भानु र पाला

रानीपुलबाट उकालो लाग्दा मोबाइल घडीले ७ बजाइसकेको थियो । गान्तोक तारामण्डलजस्तो झलमल देखिन्थ्यो । गान्तोकको स्टार होटल माझाङको नजिकै भित्तामा धेरै फ्लेक्स टाँसिएका थिए । त्यसमध्ये मेरो नजर भानु र पाला लेखेको फ्लेक्समा अडियो । गाडीको रफ्तारका बीच मैले पढिहालेँ, दार्जिलिङ र सिक्किम भेगमा लोकप्रिय नाटक 'भानु र पाला ४' को प्रदर्शन शुक्रबार, साँझ ५ बजे । स्थान- मनन केन्द्र ।

गान्तोकको बाइपासमा छ, सिक्किम डेमोक्रेटिक फ्रन्टको भव्य कार्यालय । कार्यालयसँगै जोडिएको छ, एउटा त्यस्तै भव्य बिल्डिङ । त्योचाहिँ भर्खरै मुख्यमन्त्रीबाट बिदा भएका नेता पवन चाम्लिङको घर रहेछ । एसडीएफको कार्यालय र चाम्लिङ घर अधिल्तिरको होटलमा हाम्रो रासोबासो थियो । त्यसको व्यवस्थापन मिलाएका रहेछन्, सिक्किमका पर्यटन व्यवसायी विकास गदाइलीले । गफैगफमा भानु र पाला हेर्ने मन छ भनेको के थिएँ, उनैले आफ्नै पास दिए ।

अघिल्लो पटक तीन वर्षअघि कालिम्पोङमा हेरेको थिएँ, भानु र पाला ३ । खासगरी दार्जिलिङमा लामो समयदेखि बल्दै-निभ्दै गर्ने गोर्खाल्यान्ड आन्दोलन, आन्दोलन हाँक्ने नेता, ती नेताका चरित्र र गोर्खाल्यान्ड चाहने जनचाहनालाई नाटकले जस्ताको तस्तै देखाउँछ ।

दार्जिलिङ र कालिम्पोङ क्षेत्रमा यो नाटक देखाइसकिएको थियो । तर सिक्किममा भने पहिलो पटक । २५ वर्षसम्म पवन चाम्लिङ सत्तामा रहुन्जेल यो नाटक देखाइएको थिएन । भानु र पालाका निर्देशक ललित गोल यस्ता रंगकर्मी हुन्, जसले सधैं सत्तालाई खबरदारी मात्रै गरिरहे । सन् १९८६ ताका सुवास घिसिङलाई खबरदारी गरे । घिसिङपछि विमल गुरूङलाई र अहिले विनय तामाङ तथा अनित थापाहरूलाई । गोर्खाल्यान्डको नाममा राजनीति गर्ने तिनै नेताहरू भानु र पालाका मूल पात्र हुन् ।

चाम्लिङको सत्ताच्युत र नयाँ शक्तिको उदयसँगै जनतामा उब्जिएका अनेकन आशंका, नयाँ सत्ताका चुनौतीप्रति नाटकले घुमाउरो पारामा व्यंग्य कसेको देखिन्थ्यो । नाटक सुरु हुनुअघि गोले भन्दै थिए, "खासमा यो नाटक गोर्खाल्यान्ड आन्दोलन र त्यसका अनेकन आयामसँग सम्बन्धित छ । तर सिक्किमको राजनीतिसँग पनि मेल आए संयोग मात्रै हुनेछ ।"

दर्शकमा हाँसो रोकिएन ।

शम्भु राईका फ्यान मन्त्री

मनन केन्द्रमै सारेगमपा लिटल चाम्सका सेकेन्ड रनरअप प्रितम आचार्य र बाबु बोगटीको कन्सर्ट थियो । यी दुई गायकलाई स्थानीय प्रतिभाले पनि सघाएका थिए । ५ जनाजति स्थानीय गायकको गीत र केही नृत्य सकिएपछि मञ्च उक्लिएका थिए, प्रितम । उनले गोपाल योन्जनको गीत देशले रगत माग्ने.... गाएर पुनः फर्किने वाचाका साथ बाहिरिए ।

सुरूदेखि नै ध्यानपूर्वक कार्यक्रम हेरिरहेका थिए, वन, पर्यावरण तथा वन्यप्राणी प्रवर्द्धनमन्त्री कर्मा लोडे भुटियाले । प्रितमले गाएर फर्किएपछि उनले गीत गाउन आयोजकलाई अनुरोध गरे । त्यसपछि आयोजक छक्क परे, सँगै खुसी पनि ।

यही मेसोमा उद्घोषक राजेश घतानीले मन्त्रीलाई गाउन मञ्चमा डाके । माइक हातमा लिएपछि भने, "मलाई गाउन त खासै आउँदैन तर आज गाउन मन लाग्यो ।" पछाडि अर्केस्टामा धुन बज्यो । गीत थियो, शम्भु राईको 'चिट्ठी तिमीलाई...' । मन्त्रीको गायकी देखेर दर्शक ट्वाँ । गाइसकेपछि मन्त्रीले भने, "म शम्भु राईको फ्यान हुँ ।" ने



Marvel®
FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems
सुरक्षा घरको
साथ जीवनभरको...
गुणस्तरिय
PLUMBING
का लागि अपनाउनुहोस्
Marvel का
Piping System
Marvel® FLOWGUARD PLUS CPVC PLUMBING SYSTEMS
For Hot & Cold Water Distribution
Marvel® Aquaflo
uPVC Pressure Pipe for Drainage & Water Supply
Marvel® DURADRAIN
Under Ground Drainage Pipe
Marvel® SafeDuct
Fire Resistant uPVC Conduit Pipes & Fittings
NEPAL STANDARD CERTIFICATION MARK
NSF pw
NSF certification for CPVC pipes*
UKAS MANAGEMENT SYSTEMS
ISO 9001:2015
Pb
Lead-free
Only those products marked NS/NSF are certified
Marvel Technoplast Pvt. Ltd.
www.marvel.com.np

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८